# अध्याय-पहिलो

# शोध परिचय

## १. प्रस्तावना

गोपाल अश्क एक बहुमुखी प्रतिभा हुन् । उनी आफ्नो मातृभाषा 'भोजपुरी' राष्ट्रभाषा नेपाली र सम्पर्कको भाषा हिन्दीमा समान अधिकारले लेख्छन् । "कवि गोपाल अश्क गजलकार पनि हुन् । कविता र गजल दुवैमा उनी सामाजिक यथार्थका पक्षपाती छन् । मानिसको जीवनका उज्याला-अँध्यारा पक्षहरूको चित्रण उनका गजल-कवितामा पाइन्छ ।"[१] यो भनाइ हो समीक्षक एवं सम्पादक भाउपन्थीको । डा. केशवप्रसाद उपाध्यायको के मत छ भने, "गोपाल अश्क बहुमुखी प्रतिभाका धनी हुन्, यिनका लेखन गीत गजलदेखि लिएर कविता, कहानी काव्य, महाकाव्य, नाटक आदिदेखि लिएर लोकसाहित्य, लोकनाट्य र लेखन साहित्यको अनुसन्धानमूलक लेखनसम्म निरन्तर क्रियाशील रहँदै आएको छ । यति मात्र होइन, अश्क तीन भाषामा लेख्छन्-हिन्दी, भोजपुरी र नेपाली । यसप्रकार यिनी गंगा, जमूना र सरस्वतीको त्रिवेणी जस्तै हामी कहाँका भाषा साहित्यका त्रिवेणी हुन् ।"[२]

यसरी हामी के थाहा पाउँछौँ भने गोपाल अश्कको साहित्य-संसार सङ्कुचित नभएर विस्तृत रहेको छ, भाषाको दृष्टिले र साहित्यिक विधाको दृष्टिले । हालसम्म यिनका भोजपुरीमा १०, नेपालीमा ४ र हिन्दीमा २ गरी जम्मा १६ वटा साहित्यिक कृतिहरू प्रकाशित छन् । कजरी (खण्डकाव्य, २०४७), कवि के जनमकुँडली (गीति खण्डकाव्य, २०५४), नइहर के चुनरी (कथा सङ्ग्रह, २०५३), अभी बाकी बा (गजल सङ्ग्रह, २०५४), धंधोर (महाकाव्य, २०५५), फुलवा (उपन्यास, २०५५), एक वित्ता के दूरी (नाटक सङ्ग्रह, २०५७), ऊ भोर ना भइल (गीत सङ्ग्रह, २०५९), बेकहल जिन्दगी (गजल सङ्ग्रह, २०६४) र भोजपुरी व्याकरण (सहलेखन, २०६४) भोजपुरीका कृतिहरू हुन् भने जीवनको लेक र बेसी (गजल सङ्ग्रह, २०५६), भोजपुरी नाटक (शोधग्रन्थ, २०६१), प्रेमान्तर (गजल महाकाव्य, २०६२) र लघुकथाः प्रक्रिया र पाठ (शोधग्रन्थ, २०६५) नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरू हुन् । मानिनी (कविता सङ्ग्रह, २०५५) र पर्वतों की ओट में (गीत- गजल सङ्ग्रह, २०६४) हिन्दी भाषामा लेखिएका साहित्यिक कृतिहरू हुन् ।

---

१. कविकोश (सम्पादक), भाउपन्थी, पृ.सं. ५३ ।
२. पर्वतों कीं ओट में (गोपाल अश्क) पछाडि पृष्ठमा उदृत विचार ।

गोपालको कलम सृजना र शोधका साथसाथै अनुसन्धान र अनुवादमा पनि उत्तिकै क्रियाशील रहेको छ । यिनले डा. ध्रुवचन्द्र गौतमको उपन्यास अलिखित र बालकृष्ण समका एकाङ्कीहरूको सम के प्रमुख एकाङ्की नाउँले अनुवाद गरेका छन् भने नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्राप्त विद्वतवृत्तअन्तर्गत नेपालीय भेजपुरी भाषा र साहित्यको इतिहास भोजपुरी लोकगीतको साहित्यिक, सामाजिक तथा साँस्कृतिक दृष्टिकोणले अध्ययन, भोजपुरी लोकनाटक, भोजपुरी कथा के पचास वर्ष र भोजपुरी गजलः एक विश्लेषणात्मक अध्ययन शीर्षक अनुसन्धान गरेका छन् । यति मात्र कहाँ हो र ? यिनको व्यक्तित्व पाठ्यपुस्तक लेखनमा पनि उत्तिकै समाहित छ । यिनीद्वारा कक्षा ९ र १० को भोजपुरी भाषाको पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भएको देखिन्छ ।

यसरी विभिन्न भाषा र विभिन्न विधामा कलम चलाइ राष्ट्रिय स्तरमा प्रतिष्ठित हुन पुगेका स्रष्टा एवं द्रष्टा गोपाल अश्क यता आएर काव्यविधा, त्यसमा पनि गीत एवं गजल अझ विशेष ढङ्गले भन्ने हो भने गजल विधामा बढी केन्द्रित भएका छन् । डा. घनश्याम न्यौपाने 'परिश्रमी' ले आफ्नो विचार यसरी राखेका छन्, "गोपाल निरन्तर लेखिरहने लेखेर नथाक्ने स्रष्टा हुन् । यी मुलतः भोजपुरी मातृभाषी स्रष्टा हुन् । तर यिनको कलम भोजपुरी नेपाली र हिन्दीमा समानान्तर ढङ्गले चलिरहेको देखिन्छ । स्रष्टा, द्रष्टा र शोधकर्ता व्यक्तित्वका रूपमा साहित्यिक जगत्मा सुपरिचित अश्कको कलम विविध विधोपविधाहरूमा गतिशील छ र विशेषतः गजलका क्षेत्रमा यी सर्वाधिक आकर्षित देखिन्छन् ।"[३]

निष्कर्षतः के भन्न सकिन्छ भने गोपाल अश्क मूलतः कवि, गीतकार तथा गजलकार हुन् । तथापि यिनको कलम साहित्यका अन्य विधाहरूमा पनि उत्तिकै सामर्थ्यका साथ गतिशील रहेको छ । यस शोधकार्यमा यिनको गजल र गजलकारिताबारे विश्लेषणात्मक ढङ्गबाट अध्ययन गर्ने जमर्को गरिएको छ ।

## १.१ शोध शीर्षक

यस शोध कार्यको शीर्षक 'गजलकार गोपाल अश्क र उनको गजलकारिता' रहेको छ ।

---

३. बेहकल जिन्दगी (गजल सङ्ग्रह) बाट उदृत ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोश्रो वर्षको दशौँ पत्रको प्रयोजनका निम्ति तयार गरिएको हो ।

## १.३ शोध समस्या

वि.सं. २०४७ सालमा 'कजरी' खण्डकाव्यको प्रकाशनोपरान्त गोपाल अश्कका कृतिहरू छापिन थालेका छन् । हिन्दी, नेपाली र भोजपुरी भाषामा गरेर एक दर्जनभन्दा बढी साहित्यिक कृतिहरूको रचना गरिसकेका साहित्यकार गोपाल अश्क यतातिर गजल साधनामा रमाउन औधि रुचि राख्छन् । साहित्य साधनामा रमाउन चाहने अश्कका विषयमा केही चर्चा र शोधकार्य भए पनि उनको गजलकारिताबारे प्रमाणिक रूपमा अध्ययन हुन सकेको छैन । त्यसैले यस शोधपत्रमा गजलकार गोपाल अश्कको जीवनी र गजलकारिताको वस्तुनिष्ठ ढंगले अध्ययन गरिएको छ । यस शोधपत्रको समस्या निम्नानुसार प्रस्तुत गरिएकोछ :

- गोपाल अश्कको जीवनी र व्यक्तित्व कस्तो छ ?
- गजलकार गोपाल अश्कका गजलहरूको विषयवस्तु र यसका प्रवृत्ति कस्ता छन् ?
- शैलीशिल्पका दृष्टिकोणले गोपाल अश्कका गजलहरू कस्ता छन् ?

यस शोधपत्रमा यिनै समस्यामा केन्द्रित रहेर अध्ययन गरिनेछ ।

## १.४ शोध कार्यको उद्देश्य

नेपाली, भोजपुरी र हिन्दी भाषामा साहित्यका विविध विधाहरूमा समानान्तर ढङ्गले कलम चलाउने सिद्धहस्त प्रतिभा गोपालको गजलकार व्यक्तित्वलाई विशेष रूपमा साहित्यिक जगत्मा चिनाउने, गजल क्षेत्रमा रहेको उनको योगदान, अध्ययन लेखन-प्रक्रिया, प्रविधि आदिबारेमा अझ बढी प्रकाश पार्ने तथा साहित्यकार गोपाल अश्क हामीकहाँका

साहित्यिक त्रिवेणी हुन् भन्ने धारणालाई प्रष्ट्याउने यस शोध कार्यको उद्देश्य रहेको छ । उद्देश्यलाई निम्नानुसार रेखाङ्कित गरिएको छ :

- गोपाल अश्कका गजलको काव्ययात्रा र विकासक्रमको अध्ययन गर्नु ।
- गजलकार गोपाल अश्कका गजलहरूको शैलीशिल्पका दृष्टिले अध्ययन गर्नु ।
- गोपाल अश्कको गजलकारिताको विषयवस्तुको दृष्टिले अध्ययन गर्नु ।

## १.५ अध्ययनको क्षेत्र र सीमा

गोपाल अश्कको साहित्यिक व्यक्तित्व सङ्कुचित छैन । उनी कविता लेख्छन्, गीत गाउँछन्, गजल भन्छन्, नाटक लेख्छन्, खेल्छन्, सम्पादन, अनुवाद गर्छन्, अनुसन्धान र समीक्षा गर्छन्, शोध गर्छन्, पाठ्यपुस्तक लेख्ने काम गर्छन् । भनाइको अर्थ के हो भने गोपाल अश्क साहित्यको प्राय: प्रचलित विधामा आफूलाई रमाउने गर्छन् । तर यस शोधकार्यको आफ्नो क्षेत्र र सीमा रहने छ । यस शोध कार्यमा गजलकार गोपाल अश्क र उनको गजलकारितालाई मात्र केन्द्रीय विषय बनाइएको छ । जसअन्तर्गत यिनका नेपाली, भोजपुरी र हिन्दी गरी पाँच गजल कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिनेछ ।

## १.६ पूर्व कार्यको समीक्षा

गोपाल अश्क राष्ट्रिय स्तरका एक लोकप्रिय एवं प्रतिष्ठित साहित्यकार हुन् । यिनको बारेमा विभिन्न पत्रपत्रिकामा अन्तरवार्ता, आलेख तथा शोध कार्य भइसकेको छ । यसअन्तर्गत रामप्रसाद पाण्डेको 'नारायणी अञ्चलका प्रतिनिधि गजलकार र गजल कृतिको अध्ययन', विमला भट्टको शोध कार्य, 'साहित्यकार गोपाल अश्कको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', जनमत १२५ (सं. मोहन दुवाल) को गोपाल 'अश्क विशेषाङ्क', आदि विशेषरूपमा उल्लेखनीय देखिन्छन् । अन्य शोधकार्यमा यिनका बारेमा प्रशस्त आलेखहरू लेखिएका पाइन्छन् । तथापि गजलकार गोपाल अश्कलाई सम्यक ढङ्गबाट चिन्न सकिएको छैन । गोपाल अश्क एक उम्दा गजलकार हुन् । निर्मल आचार्यले भोजपुरी नाटक (गोरखापत्र, २०६२ जेठ १४) भन्ने शीर्षकमा सिर्जना, अनुवाद, सम्पादन, अध्ययन, अनुसन्धान आदि कार्यमा निरन्तर क्रियाशील गोपाल अश्कको चिनारी दिँदै नेपालमा भोजपुरी भाषासाहित्यको स्थान र अवस्थाबारे गहन अध्ययन प्रस्तुत गरेका छन् ।

लोकसाहित्यको विहङ्गावलोकनका साथ प्रस्तुत कृति नाट्य विधामै बढी केन्द्रित हुनु स्वभाविकै हो भने यसमा नाटकका सैद्धान्तिक पक्षको कुशल तथा सशक्त विवेचनासँगै भोजपुरी नाट्यपरम्पराको विशद् चर्चा गरिएको छ । भोजपुरी लोकनाटकको सम्बन्धमा अनेक जानकारी पनि दिइएको छ । कृतिको महत्त्वका अगाडि कमीकमजोरी खुट्याइहाल्नु पर्ने अवस्था देखिँदैन भनी कृतिको सबल पक्षमाथि चित्रण गरिएको छ ।

लक्ष्मणप्रसाद गौतमले प्रेमान्तर (गोरखापत्र, २०६२, जेठ १४) शीर्षकमा प्रेमान्तर शीर्षकको यस गजल महाकाव्यको सिर्जनाले गजलको लय संरचनामा पनि महाकाव्य लेखिन सक्छ भन्ने कुरालाई प्रमाणित गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । छ शेरको मङ्गलाचरण र सोह्रसर्गको आयाममा विस्तारित भएको यस महाकाव्यको बाह्यसंरचनालाई अझ व्यवस्थित तुल्याउन सातौँ सर्गसम्मको विषयवस्तु वा कथानकलाई पहिलो खण्डमा र आठौँदेखि सोह्रौँ सर्गसम्मलाई दोस्रो खण्डमा राखिएको कुरा उनले उल्लेख गरेका छन् । यस गजल महाकाव्यको विषयवस्तुलाई पहिलो र दोस्रो खण्डमा कथानकलाई पूर्णता दिने प्रयास गरिएको छ र दोस्रो खण्डले कथानकलाई कौतुहलताका साथ संवेदनशील बनाएको छ । यो कृति प्रेमरसले पूर्णतया भरिएको महाकाव्य हो र प्रेमको सच्चा र आदर्श रूप यसमा पाइन्छ । प्रेममा त्याग र विश्वासलाई उत्कर्षको रूपमा मानिएको छ । आकर्षक आवरण र सुन्दर भावसंयोजन भएको यस महाकाव्यको भाषाशैली पनि प्रभावकारी छ भनी प्रेमान्तरकै पक्षको चित्रण गरिएको छ भने अन्य पक्षमाथि कुनै प्रकाश पारिएको छैन । मोहन दुवालले भोजपुरी भाषाका सिद्धहस्त लेखक (जनमत, २४/१०, २०६४) शीर्षकमा गोपाल अश्क नेपाली राष्ट्रभाषा, हिन्दी र भोजपुरी राष्ट्रियभाषा गरी तीनओटा भाषामा नै आफ्नो छवि र गरिमामय उपस्थिति साहित्यिक सिर्जनामा देखाउन सफल यिनी साहित्यमार्फत समाजलाई नयाँ बाटो दिन सफल छन् भन्ने कुरा उल्लेख गरेका छन् । उपन्यास, कथा, नाटक, कविता, गजल यी विविध विधामा कलम चलाउँदै आ-आफ्नो राष्ट्रियभाषाको उत्थानमा लाग्नुपर्छ भन्ने मान्यता राख्छन् । साहित्यमा सधैँ केही लेखिरहन र खोजिरहन रुचाइ रहने यिनले शोधकार्यमा पनि आफूलाई क्रियाशील तुल्याएका छन् । खोजी र अनुसन्धानमा पनि मन दिँदै आएका यिनले भोजपुरी भषाका सामाजिक, सांस्कृतिक र साहित्यिक पक्षका थुप्रै कुराहरू खोज गरेका छन् । यस खालका काव्य अनुभूतिहरूमा जीवन र जगत् खोज्दै साहित्यिक सिर्जना र कर्ममा लागेका अश्क साहित्यिक जगत्का एकजना निरन्तर प्रयत्नरत साहित्यिक

सङ्केत गरे पनि उनका कृतिको सूक्ष्म मूल्याङ्कन गर्न नसकेको प्रतीत हुन्छ । रमेश गोर्खालीले तराई रत्न गोपाल अश्कको भाषिक साधना (जनमत, २४/१०, २०६४) शीर्षकको लेखमा आधुनिक नेपाली वाङ्मयमा सर्वश्री गोपालप्रसाद रिमाल, गोपालसिंह नेपाली, गोपाल भण्डारी, गोपाल अधिकारी र गोपाल पराजुलीजस्ता व्यक्तित्वझैँ हाम्रा गोपाल अश्क पनि त्यसै गोपाल नामावलीमा पर्ने प्रसिद्ध नाउँ हुन् भन्ने देखाएका छन् । सानाठूला गरी दर्जनौं पुस्तक लेखिसकेका अश्कलाई बहुसङ्ख्यकले भोजपुरी 'धंधोर' (२०५५) र गजलात्मक 'प्रेमान्तर' (२०६२) जस्ता विशिष्ट महाकाव्यले गर्दा चिन्ने गर्छन् तथा उनको परिचय पनि प्रयोगवर्ती महाकाव्यकारको रूपमा रहेको छ । आख्यानपुरुष ध्रुवचन्द्र गौतमले विशेष स्नेह र आशीर्वाद पोखेको पाइन्छ । गोपाल अश्क प्रखर तराईरत्न हुन् यसमा निसङ्कोच भन्न सकिन्छ भनी लेखेका छन्, तर अश्कका साहित्यिक कृतिका बारेमा खासै खुलाएर व्यक्त गरेका  छैनन् ।

लक्षणप्रसाद गौतमले 'प्रेमान्तर' मा बिम्ब विधान (जनमत, २४/१०, २०६४) भन्ने समीक्षात्मक लेखमा आधा दर्जनजति विभिन्न साहित्यिक पुरस्कार एवम् सम्मानहरूबाट सम्मानित गोपाल अश्कका रचनामा प्रणयचेतना, समाजचेतना र जीवनचेतनालाई कुनै न कुनै रूपमा प्रस्तुत गरिएको हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । नयाँ प्रयोगमा समेत रुचि राख्ने गोपालले नेपाली साहित्यमा नै गजलमा महाकाव्य लेखेर नयाँ प्रयोग गरेका छन् । उनको यो नयाँ प्रयोग नेपाली गजलसाहित्यमा नै सम्भवतः पहिलो हो । यस आधारमा उनको प्रेमान्तरले नेपाली गजलसाहित्यमा पहिलो गजल महाकाव्य हुने अधिकार राख्दछ । २०६२ मा प्रकाशित प्रेमान्तर गजल महाकाव्य प्रणयचेतनालाई नै केन्द्रीय कथ्य बनाएर लेखिएको पहिलो गजलकृति पनि हो र यसको ऐतिहासिक महत्त्व छ भनी प्रेमान्तर महाकाव्यको बिम्ब विधान पक्षको मात्र समीक्षा गरेका छन् । अन्य पक्षलाई प्रष्ट्याएका छैनन् ।

खगेन्द्रप्रसाद लुइटेलले भोजपुरीका साहित्यकार गोपाल अश्क (जनमत, २४/१०, २०६४) भन्ने शीर्षकको टिप्पणी लेखमा साहित्यकार गोपाल अश्कको लेखनी विशेषतः भोजपुरी र हिन्दीका गद्य एवम् पद्य दुवैतर्फ प्रवाहित भएको पाइए पनि यिनको गद्यका सापेक्षतामा पद्य सिर्जना विशेष उल्लेखनीय रहेको छ भन्ने कुरा देखाएका छन् । यिनलाई

नेपाली भोजपुरी साहित्यमा प्रथम महाकाव्यकार बन्ने श्रेय प्राप्त भएको छ । यसैबाट पनि यिनको लेखनीको महत्त्व झल्कन्छ । युगीन मानवीय जनजीवनका भोगाइ, माया, प्रेम, सत्यअसत्य पक्ष, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, साहित्यिक परिस्थिति, जीवनमूल्य, सङ्गति आदि विविध सन्दर्भ र प्रसङ्गहरूलाई अनुभूतिमय तुल्याएर साहित्यकार अश्कले आफ्ना रचनामा प्रस्तुत गरेका छन् । कथ्यलाई मार्मिकता तथा चरित्रलाई जीवन्तता प्रदान गरी सुन्दर ढङ्गले प्रस्तुत गर्ने कौशल यिनमा पाइन्छ भनी उल्लेख गरेका छन् तर उनका कृति समीक्षातर्फ भने ध्यान पुऱ्याएका छैनन् ।

सञ्जय शाह 'मित्र' ले अश्क एक व्यक्ति अनेक (जनमत, २४/१०, २०६४) शीर्षकको लेखमा गोपाल अश्कको व्यक्तित्व झल्काउँदै सर्जक व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व, सम्पादक व्यक्तित्व र अन्य व्यक्तित्व भनी उनले साहित्यिक साधनामा लागेका अश्कको सतही मूल्याङ्कन गरेका छन् । उनका साहित्यिक कृतिहरूको बारेमा खुलेर चर्चा गरेका छैनन् । गोपाल अश्कलाई यथोचित ढङ्गबाट अहिलेसम्म चिनाउन नसकिएको अवस्थामा सो कार्य यस शोधकार्यमा गरिने जमर्को गरिनेछ ।

## १.७ अध्ययनको औचित्य

साहित्य समाजको दर्पण हो भने साहित्यकार सामाजिक एवं सांस्कृतिक दूत हुन् । गोपाल अश्कका गजलहरूको अध्ययनका माध्यमले अहिले समाजमा व्याप्त विसङ्गति आर्थिक विपन्नता, राजनैतिक प्रदूषण, वासनात्मक प्रेम तथा सामाजिक यथार्थप्रति गजलकार अश्कको दृष्टिकोणबारे प्रकाश पार्नुका साथै नेपाली गजल साहित्यजगत्लाई गोपाल अश्कको गजल साधना, समाजप्रतिको दायित्वबारे चर्चा गर्न यस शोध कार्यको औचित्य हुनेछ ।

## १.८ शोध विधि

प्रस्तुत शोधकार्य तयार गर्दा शोध सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक र पुस्तकालयीय अध्ययन विधिका आधारमा नै सम्बद्ध फुटकर पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । यो शोधकार्य सम्पन्न गर्नका लागि गोपाल अश्कका बारेमा

लेखिएका आलेख, समीक्षा र शोधकार्यहरूको सङ्कलन गरिनेछ र सो कार्यको लागि त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय तथा अन्य पुस्कालयहरूमा सम्पर्क राखिनेछ ।

यति मात्र होइन, स्वयं गोपाल अश्कसँग लिखित तथा मौखिक अन्तरवार्ता लिने तथा उनको बारेमा राम्ररी जान्ने साहित्यकारहरूसमेतको अन्तरवार्ता लिई सामग्रीहरूको सूचिकरण तथा समीक्षण गरिनेछ ।

## १.९ शोध कार्यको रूपरेखा

शोधकार्यलाई निम्न अध्यायहरूमा विभाजित गरी शोधकार्य सम्पन्न गरिनेछ :

| | |
|---|---|
| पहिलो अध्याय | : शोध परिचय |
| दोश्रो अध्याय | : गोपाल अश्कको सङ्क्षिप्त जीवनी |
| तेश्रो अध्याय | : नेपाली गजलको विकासक्रम र गोपाल अश्कको गजलयात्रा |
| चौथो अध्याय | : गजलकार गोपाल अश्कका गजलहरूको विषयवस्तुगत अध्ययन |
| पाँचौं अध्याय | : शैलीशिल्पका दृष्टिले अश्कका गजलहरूको अध्ययन |
| छैठौं अध्याय | : सारांश, सन्दर्भग्रन्थसूची र परिशिष्ट । |

# अध्याय - दोश्रो
## गोपाल अश्कको सङ्क्षिप्त जीवनी

### २. विषय प्रवेश

जन्म र मृत्यु शाश्वत सत्य हुन् । यी दुई घटनाबाहेक अन्य घटनाहरू मिथक हुन सक्छन् वा हुन्छन् । यस मृर्त्यलोकमा जन्म र मृत्युको क्रम निरन्तर रूपमा चलिरहन्छ । एक आउँछ, अर्को जान्छ । यो आउने र जाने क्रमले गर्दा नै यो संसार राम्रो लाग्ने गर्छ । मिलन र विछोडको पीडा यस संसारका हरेक प्राणीले भोग्नु पर्ने हुन्छ । मान्छे चेतनशील प्राणी भएको नाताले यसमा संवेगको धारा अलि बढी प्रवाहित हुन्छ । एक हिन्दी गीतको बोल कति राम्रो र यथार्थ छ, हेरौँ, 'जिन्दगी और कुछ भी नहीं, तेरी-मेरी कहानी हैं ।' वस्तुतः जीवन एक अर्काको कथाले भरिएको हुन्छ । समयमा फरक आउँछ, पात्रमा भिन्नता देखिन्छ तर मावन जीवनको यो जीवन मृत्युको खेल चलिरहन्छ , चलिरहन्छ, निरन्तर चलिरहन्छ ।

### २.१ सामाजिक व्यक्तित्व

साहित्यकार पनि एउटा सामाजिक प्राणी भएकोले र गोपाल अश्क एउटा साहित्यकार भएकोले सामाजिक व्यक्तित्व हुन् भन्न सकिन्छ । तर जागिरे जीवनको व्यस्तता र साहित्य सृजनामा तल्लीन रहनु पर्ने अवस्थाको कारणले गर्दा बाह्य दृष्टिबाट हेरिने सामाजिक गतिविधिमा यिनको उपस्थिति कम देखिन्छ । तथापि यिनको कारणले गर्दा सामाजिक अवस्थामा बाधा अड्चन पुग्दैन । गोपाल अश्कले आफ्नो साहित्यिक कृतिहरूमा सामाजिक यथार्थकै वर्णन गरेको नाताले यिनी एक सामाजिक साहित्यिक व्यक्तित्व हुन् भन्दा कुनै अतिशयोक्ति नहुने कुरा प्रष्ट देखिन्छ ।

### २.२ जन्म र जन्मस्थान

नेपाल राज्यको नारायणी अञ्चलमा पर्ने पर्सा जिल्लाको एक गाउँ भेडिहारी गाउँ विकास समितिको वडा नं. १ मा पिता स्व. सुरुज साह सोनार (आर्य) र माता श्रीमती पतियादेवीको गर्भमा वि.सं. २०१९ साल आश्विन शुक्ल एकादशी तिथि मङ्गलबार, साउन नक्षत्रमा गोपाल अश्कको जन्म भएको हो । अश्क यिनको साहित्यिक नाउँ (उपनाम) हो ।

यिनका माता-पिताले राखेको नाउँ गोपालप्रसाद सर्राफ हो । सर्राफ शब्द सुनारको पर्यायवाची हो र यिनको जातिगत थर हो । गोपाल अश्क मध्यम कुलमा जन्मेका एवं वैश्य परिवारका सदस्य हुन् । यिनी अयोध्यावासी सुनार हुन् । यिनका पुर्खाहरू कालान्तरमा भारतको अयोध्याबाट आएको अनुमान गर्न सकिन्छ । आफ्ना पुस्ताहरू सुनचाँदीको काम गर्ने भएको नाताले सर्राफ थर रहन गएको यिनी प्रष्ट्याउँछन् ।

यिनको जन्म मिति वि.सं. २०१९ रहे पनि शैक्षिक योग्यताका प्रमाण-पत्रहरूमा वि.सं. २०१८ लेखिएको पाइन्छ । पहिला-पहिला नेपालमा १५ वर्ष पूरा गरी १६ वर्षमा प्रवेश गरेमा मात्र एस.एल.सी. मा सहभागी हुने नियम भएकोले यिनको उमेर बढाइएको यिनी बताउँछन् ।

## २.३ माता-पिता

गोपाल अश्क आफ्ना माता-पिताका लागि एक जिउने सहारा जस्तै थिए । आठौं सन्तानको रूपमा यिनको जन्म भएअनुसार यिनीभन्दा पहिलेका सात सन्तानहरूको मृत्यु भइसेका नाताले यिनका माता-पिताको जीवनमा एक किसिमको नैराश्य भावना व्याप्त थियो । यिनी जन्मेपछि पनि त्यो प्रसन्नता थिएन बरू अज्ञात भय नै व्याप्त थियो । यिनका पिता सुरुज साह सोनारले औपचारिक शिक्षा भने कक्षा ४ सम्म प्राप्त गरेको भए पनि स्वअध्ययन बढी गरेको कुरा अश्क बताउँछन् । धार्मिक र साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण र प्रवचनजस्ता कार्य यिनका पिताले गरेका थिए । नेपाल आर्य समाजको प्रचारप्रसार मन्त्रीको रूपमा कार्य गरेका थिए । जीविकोपार्जनका लागि प्रारम्भमा कुनै न कुनै काम (कृषि र आफ्नै जातिगत पेसा) गरी हिँडेका थिए भने पछि सुन चाँदी जाँचकीको रूपमा नेपाल बैंक लिमिटेड वीरगन्जमा जागिरे हुन पुगेका थिए ।

माता श्रीमती पतियादेवी अशिक्षित तर व्यवहार कुशल महिला थिईन् । आफू माताभन्दा पितासँग निकट रहेको कुरा गोपाल अश्क बताउँछन् । पिता पनि रचनाधर्मी र साहित्यप्रेमी भएको नाताले गोपाल अश्कलाई साहित्य जगत्मा प्रवेश गर्न कठिन भएन । गोपाल अश्कले भावुक हुँदै सुनाउँछन्-एक पल्ट म भारतको मोतीहारीमा आयोजित जनवादी लेखक सङ्घद्वारा आयोजित कवि गोष्ठीमा सन् १९८१ मा भाग लिन जाँदै थिए । प्रतियोगात्मक सम्मेलनमा यो मेरो प्रथम सहभागिता थियो । बुवाले भन्नु भयो, “सुन, त्यहाँ

तिमीभन्दा ठूला-ठूला विद्वान्हरू आएका हुनसक्छन् । तर जब तिमी मन्चमा जानु, आफूबाहेक सबैलाई आफूभन्दा कमजोर ठान्नू । यो ठान्नु, ती सबै मूर्ख हुन्, अनि मात्र तिमी आफ्नो कविता राम्ररी वाचन गर्न सक्छौ ।" यसरी के थाहा पाइन्छ भने गोपाल अश्कका माता-पिता यिनका लागि साहित्यिक प्रेरणाका स्रोत थिए ।

यिनका पिता सुरुज साह 'सोनार' को मृत्यु ई.सं. ५ नोभेम्बर १९९५ मा पक्षघातबाट भएको हो भने माता वि.सं. २०६० मा रक्षाबन्धन (जनैपूर्णिमा) का दिन भारतको नासिक (महाराष्ट्र) मा लागेको बाह्र वर्षे ठूलो कुम्भ मेलामा तीर्थयात्रा गर्न गएपछि हालसम्म फर्केर आउनु भएन । गोपाल अश्क आमा हराएको पीडाबाट आज पनि व्यथित छन् र आलोचित छन् । आमा यस संसारमै नरहेको ठहर गर्दै प्रतीक्षारत छन् । गोपाल अश्कले आफ्ना माता- पिताबाट भरमग्दुर माया र संरक्षण पाएका थिए ।

## २.४ धर्म र राष्ट्रियता

गोपाल अश्क एक हिन्दू धर्मावलम्बी साहित्यकार हुन् । वैदिक रीतिअनुसार यिनको पूजा अर्चना सम्पन्न हुने गर्दछ । माता-पिता आर्यसमाजी भएको नाताले आर्य समाजको सिद्धान्त र मान्यता यिनमा पनि कम वेश जीवित रहेको देखिन्छ । यिनी मूर्तिपूजामा विश्वास राख्दैनन् तर नास्तिक पनि होइनन् । यिनी नेपाली हुन् र यिनको राष्ट्रियता नेपाली हो ।

## २.५ शिक्षा

बाल्यकालमा आफ्नै घरमा गाउँकै एक शिक्षक नकछेदी माडसाहबसँग औपचारिक शिक्षा आरम्भ भएको कक्षा ३ सम्म आफ्नै गाउँको विद्यालयमा अध्ययन गरेको बताउँदै वीरगन्ज सहरमा रहेको रेल्वे स्कुलमा एकैचोटी कक्षा ५ मा र त्यसपछि माइस्थान विद्यालयमा कक्षा ६ देखि एस.एल्.सी.सम्मको र त्यसपछि आई.ए. र बी.ए. भारत, विहारको रक्सौलमा रहेको खेमचन्द्र ताराचन्द्र महाविद्यालयमा अध्ययन गरेको बताउँछन् । त्यसपछि त्रिभुवन विश्वविद्यालय, काठमाडौँबाट हिन्दीमा स्नातकोत्तर गरेको बताउँछन् । अर्थात् गोपाल अश्कको औपचारिक शिक्षा स्नातकोत्तरसम्म रहेको छ ।

## २.६ सामाजिक र आर्थिक अवस्था

साहित्यकार गोपाल अश्क एक निम्नमध्यमवर्गीय परिवारमा जन्मेका हुन् । यिनका माता-पिताको आर्थिक स्थिति दुर्वल नै रहेको तर बुवा नेपाल बैंकमा जागिरे भए पछिका दिनहरू आर्थिक सामन्जस्यमा बितेका पाइन्छन् । कहालीलाग्दो स्थिति नभए पनि राम्रो चाहिँ थिएन । यिनी आफू रु. ९०० (मासिक) मा जागिरे भएको र पद पनि असिस्टेन्ट कम टाइपिष्टमा रहेकोले प्रारम्भका दिन कष्टमय रहे । हाल यिनको आर्थिक स्थिति ठीक्कको छ । न अति दयनीय, न अति सबल । सामाजिक अवस्था पनि सामान्य रहेको छ । यिनी साहित्यकार हुन् । साहित्यकारसँग अर्थ हुँदैन । समाजले अर्थहीन व्यक्तिलाई त्यति उपयोगी ठाँन्दैन र पनि समाजमा रहेको नाताले समाजका अरू व्यक्तिसँग यिनको सम्बन्ध राम्रै छ ।

## २.७ घर परिवार सदस्य

गोपाल अश्क आठ वर्षकै उमेरदेखि वीरगन्जमा आफ्ना पितासँग रहँदै आएका हुन् भने धेरै पछि माता र बहिनी आएका हुन् । वीरगन्ज सहरका विभिन्न ठाउँमा डेरा सर्दै २०३४ देखि रानीघाट वडा नं. १३ वीरगंजमा स्थायी बसोबास गर्दै आएका हुन् । यिनको परिवार सानो नै रहेको छ । यिनकी पत्नी श्रीमती उमादेवी सर्राफ, छोराहरू-रवि सर्राफ र शशि सर्राफ अहिले साथमा छन् । यिनका दुई छोरीहरू-पूजा सर्राफ र रूपा सर्राफको विवाह भइसकेकोले उनीहरू आफ्नो घरमा बसिरहेका छन् ।

यसप्रकार यिनको परिवार सानो परिवार सुखी परिवारको धारणाअन्तर्गत विद्यमान रहेको छ ।

## २.८ बानी बेहोरा

यिनी आफ्ना माता-पिताबाट सिकेको एउटा मन्त्र आफ्ना सन्तानलाई पनि सिकाउँदै आएका छन् । जीवनमा सफल हुनु छ भने मुख राम्रो हुनु पर्छ र चरित्र राम्रो हुनुपर्छ । यिनीसँग एकपल्ट भेट्ने जो कोहीले पनि यिनको मधुर व्यवहारबारे थाहा पाउन सक्छ । यिनी मधुर बोल्ने, व्यवहार कुशल र सबल चरित्र बोकेका एक भावुक व्यक्ति हुन् । यिनको

बानी सामान्य रहेको छ । कुनै अम्मलको सिकार नभए पनि साथीहरूसँग कहिलेकाँही पिउने गर्छन् । यिनको एउटै अम्मल छ पढ्ने र लेख्ने ।

## २.९ शारीरिक अवस्था

साहित्यकार गोपाल अश्क सामान्य कदकाठीका व्यक्तित्व हुन् । यिनको उचाइ ५ फिट ४ इन्च रहेको छ भने यिनको वजन ७० किलोग्राम रहेको छ । यिनी सामान्य पहिरनमा आफूलाई राखेका भएपनि यिनको व्यक्तित्व आकर्षित रहेको देखिन्छ । पढ्ने र लेख्ने बेलामा चस्मा लगाउँछन् नत्र भने बिना चश्मा हिँड्छन् ।

## २.१० रुचि, खानपान र भेषभूषा

यिनी शाकाहारीका साथसाथै मांसाहारी पनि हुन् । सामान्यतया यिनी दाल भात तरकारी र अचार मन पराउँछन् । रोटी यिनलाई त्यति मन पर्दैन । खानामा कुनै विशेष रुचि नभएपनि सन्तुलित खाना खान मन पराउँछन् । पहिला-पहिला यिनको रुचि कविता लेख्ने, गीत गाउने थियो भने अहिले त्यो रुचि यिनको जीवन नै भएको पाइन्छ । यिनी साहित्य सृजनाबिना बाँच्न नसक्ने बताउँछन् ।

सामान्यतया पैन्ट, सर्ट र जुत्ता लगाउँछन् दाह्री चाहिँ सधैं काट्छन् । चिटिक्क परी हिँड्छन् । त्यस्तो भएर हिँड्नु यिनको स्वभाव र विशेषता दुवै भएको छ । किनभने यिनी बीमा कम्पनीमा प्रबन्धकको रूपमा कार्यरत छन् । जाडोको मौसममा गरम लुगा लगाउँछन् । घरमा बस्दा यिनी प्रायः लुङ्गी र गन्जी लगाउँछन् ।

## २.११ पेशा

जीविकोपार्जनका लागि साहित्यकार गोपाल अश्कले कतिपय काम गरेर अहिले नेसनल लाइफ इन्स्योरेन्स कम्पनी वीरगन्जमा प्रबन्धकको रूपमा कार्य गरिरहेका छन् । यिनको विवाह सानै उमेरमा भएकोले र त्यस बखत कुनै जागिर नरहेकोले यिनले वीरगन्जमा हरेक साल लाग्ने दशैंको मेलामा चुरा, रिबन र टिका बेच्नेदेखि भारतको मोतिहारीमा पेन्टरको कामसमेत गरेका छन् । यति मात्र होइन मारवाडीको कपडा पसलमा एक दिन काम र औषधि पसलमा एक हप्ता काम गरेर पछि बरू म आजीवन पढाएर बस्छु,

रिक्सा ठेला तानेर बाँच्छु तर यी व्यापारीहरूको पसलमा काम गर्दिन भनेर ट्युसन पढाउने काम शुरु गरेर हाल स्थायी काम गरिरहेका छन् । अर्थात् यिनको पेसा भनेको नोकरी हो ।

## २.१२ जीवन र साहित्यप्रतिको दृष्टिकोण

गोपाल अश्कका कतिपय रचनामा नैराश्यको भावना पाइए तापनि समग्र रूपमा यिनी एक आशावादी साहित्यकार हुन् । दुःख र वेदनाबाट यिनी व्यथित हुँदैनन् भन्नु अतिशयोक्ति होला तर दुःख र वेदनाकै कारण आफूलाई नैराश्यको तुवाँलोभित्र राखिरहन्छन् भन्नु पनि ठीक नहोला । किनभने यिनी जीवन र साहित्यप्रति आस्थावान् रही जीवनको बाटोमा हिँडिरहेका छन् ।

साहित्यलाई परिभाषित गर्दै यिनी लेख्छन्, “साहित्य अनुभव र अनुभूतिको व्यापक चित्रफलक हो, दर्पण हो, जीवनको ।”[१] यसैगरी जीवनप्रति यिनको दृष्टिकोण छ, “हाँस्नु र सन्तोषप्रद ढङ्गबाट सास फेर्नु जीवन हो भने आलोचना त्यसको रङ्ग हो ।”[२]

## २.१३ दिनचर्या

“गोपाल अश्कको दिनचर्या व्यस्ततामा गुज्रिरहेको हुन्छ । यिनको व्यस्तता हेरी कतिपयले यिनको साहित्य सृजना तथा अन्य साहित्यिक क्रियाकलापलाई एउटा आश्चर्यजनक उपलब्धिको रूपमा हेरेका छन् । यिनी एक व्यवसायिक संस्थाका प्रमुख भएका नाताले यिनको बिहानदेखि बेलुकासम्मको समय व्यवसायिक चिन्ता र चिन्तनमा गुज्रिरहेको हुन्छ । स्वयं अश्कले नै भन्ने गरेका छन्, “मेरो जागिर यस्तो छ कि जहिले पनि ग्राहकको इच्छाअनुसार हिँडिराख्नुपर्छ । तर सामान्य रूपमा बिहान ६ बजे उठेर दैनिक क्रियाकलापबाट छुट्कारा भई एकाध घण्टा अध्ययन गर्छु । दिनभरि कार्यालयको काममा व्यस्त बेलुकी अलि टेलिफिल्म हेराइ, लेखाइ र पढाइपछि निदाउने काम गर्छु ।”[३]

---

१. जनमन, मासिक, सं. मोहन दुवाल, पछाडिको पृष्ठबाट ।
२. उही ।
३. जनमत, सं. मोहन दुवाल, पृ. सं. ३३ ।

## २.१४ रोगव्याधि

साहित्यकार गोपाल अश्क रोग व्याधिबाट प्रायशः मुक्त रहेका छन् । यिनी भन्ने गरेका छन्, "मान्छेलाई अदालत र अस्पतालले छाड्यो भने उसको जीवन प्रायः स्वच्छ र सुन्दर ढङ्गबाट गुज्रन सक्छ । कुनै असहय रोगव्याधिको सिकार नरहे पनि यिनलाई टाउको दुख्ने र ढाड दुख्ने रोग चाहिँ रहेको छ । टाउको दुख्न शुरु गरेपछि औषधि नखाइ निको हुँदैन ।"[४]

## २.१५ साहित्यिक व्यक्तित्व

केही आलोचकहरूको भनाइअनुसार, "गोपाल अश्क एक सफल साहित्यकार र असफल व्यक्ति हुन् । किनभने यिनको व्यक्तिगत जीवन तथा घरपरिवारको अन्य स्थितिहरू कहाली लाग्दो रहेको छ ।"[५] जे होस् साहित्यकार गोपाल अश्कको साहित्यिक व्यक्तित्वबारे नै अधिक जान्ने अभीष्ट रहेको नाताले यिनको साहित्यिक व्यक्तित्वलाई निम्नाङ्कित विधागत अध्ययन गरिँदैछ :

### २.१५.१ कवि गोपाल अश्क

गोपाल अश्कका अनेक विधागत योगदान रहेका छन् । साहित्यकार गोपाल अश्कको कलम सहित्यका दुवै विधा गद्य र पद्यमा समानान्तर रूपले चलेको भएपनि यिनी मूलतः कवि हुन् । यिनको साहित्यिकयात्रा कविता लेखनबाट नै शुरू भएको हो र अहिले नेपाली साहित्यमा गोपाल अश्क एक उम्दा गजलकार एवं कविकै रूपमा लोकप्रिय छन्, प्रतिस्थापित छन् । यिनको पहिलो प्रकाशित रचना कविता 'लाल गौरैया' नै रहेको छ । कृतिगत रूपमा पनि हेर्दा यिनका प्रकाशित १६ कृतिहरूमा बाहुल्यता भने काव्यिक विधाका रचनाकै छ । यिनको पहिलो प्रकाशित कृति 'कजरी' (खण्डकाव्य, २०४७) रहेको छ । २०५५ मा यिनले भोजपुरी भाषामा 'धंधोर' (महाकाव्य, ने.रा.प्र.प्र.) लेखेर नेपालीय भोजपुरीको प्रथम महाकाव्यकार हुने श्रेय हासिल गरेका छन् । यो महाकाव्य २०४६ सालको जनआन्दोलन र त्यसपछिको परिणाममा केन्द्रित रहि लेखिएको छ ।

---

४. सोध नायक गोपाल अश्कबाट ।

५. डा. विश्वम्भरकुमार शर्मासँग सोधिएको प्रश्नावलीको आधारमा ।

वि.सं. २०६२ मा सिङ्गो नेपाली साहित्यिक जगत्मै 'प्रेमान्तर' (गजल महाकाव्य) लेखी नौलो प्रयोगमा आयाम थप्न सफल भएका छन्, गोपाल अश्क ।

### २.१५.२ गीतकार र गजलकार गोपाल अश्क

वस्तुतः गोपाल अश्क गीतकार र गजलकार हुन् । नेपाली भोजपुरी र हिन्दीमा यिनको पहिचान गजलकारको रूपमै स्थापित रहेको छ । यिनीद्वारा 'कवि के जनमकुँडली' (खण्डकाव्य, २०५१), 'ऊ भोर ना भइल' (गीत सङ्ग्रह, २०५९), 'पर्वतो को ओट में' (हिन्दी गीत गजल सङ्ग्रह २०६४), एकातिर लोकप्रिय रहेका छन् भने अर्कोतिर नेपाली भाषामा लेखिएका गीतहरू जनमत भाग-२ कविता विशेषाङ्कमा प्रकाशित रहेका छन् । गोपाल अश्कद्वारा नेपालीमा जीवनको लेक र बेसी (गजल सङ्ग्रह २०५६), प्रेमान्तर (२०६२ गजल महाकाव्य), भोजपुरीमा अभी बाकी बा (वि.सं. २०६४), बेकहल जिन्दगी (वि.सं. २०६४) र हिन्दीमा पर्वतों की ओट में (२०६४) गरी ५ गजलकृतिहरू रचित देखिन्छन् । यसरी गोपाल अश्कले आफू गीतकार र गजलकारको रूपमा विषेश रूपमा प्रतिस्थापित गरेका छन् । यस कुरामा डा. घनश्याम न्यौपाने 'परिश्रमी' ले आफ्नो स्वीकृति पनि जनाएका छन्, "गोपाल अश्क भोजपुरी साहित्यिक जगत्का एक उम्दा प्रतिभा हुन् । यस सङ्ग्रह (बेकहल जिन्दगी) ले अश्कभित्रको उम्दा गजलकारलाई उजागर गरेको छ ।"[६]

### २.१५.३ कथाकार गोपाल अश्क

गोपाल अश्कले कथामा पनि उत्तिकै सफलतापूर्वक कलम चलाएका छन् । यिनी नेपाली, भोजपुरी तथा हिन्दी तीनवटै भाषामा कथाहरूको रचना गरेका छन् । भोजपुरी भाषामा लेखिएका नौवटा कथाहरूको सङ्ग्रह नै प्रकाशित रहेको छ-नइहर के चुनरी (२०५३) । नेपाली भाषामा लेखिएका कथाहरू नीरीहता र आँखाभरि आँसु चारैतिर अँध्यारो समकालीन साहित्यको ५४ र ५८ अङ्कमा प्रकाशित रहेका छन् । यिनका केही नेपाली कथाहरू अङ्कुश (दैनिक समाचार पत्र) मा प्रकाशित रहेका छन् ।

६. बेकहल जिन्दगी (गजल सङ्ग्रह) मा डा. 'परिश्रमी' को उद्‍धृत विचार ।

### २.१५.४ उपन्यासकार गोपाल अश्क

भोजपुरी, हिन्दी र नेपाली तीनवटै भाषामा गोपाल अश्कले उपन्यास लेखेका छन् । “नेपाली र हिन्दीका उपन्यासहरू अझै अप्रकाशित रहे पनि भोजपुरी भाषामा लेखिएको उपन्यास ‘फूलवा’ (२०५५) प्रकाशित र गंकी-वसुन्धरा पुरस्कारबाट पुरस्कृत समेत भइसकेको छ । भोजपुरी उपन्यास ‘ए क्रिटिकल वार्ड’ र हिन्दी उपन्यास ‘और वो नही आई’ प्रकाशोन्मुख रहेका छन् ।”[७]

### २.१५.५ निबन्धकार गोपाल अश्क

गोपाल अश्कले निबन्ध पनि लेखेका छन् र यिनका निबन्धहरू सयपत्री, अङ्कुश, सत्य सन्देश आदि पत्रिकाहरूमा प्रकाशित रहेका छन् । यिनका केही लोकप्रिय र प्रशंसनीय निबन्ध हुन् तर यो कथा होइन (सयपत्री) हो । ‘छ्या ! कस्तो बिग्रेको बाहुनको छोरो’, अंग्रेजीका महान दुई वाक्य ‘आइ एम सॉरी’ र ‘एस्क्युज मी’ (सत्य सन्देश) यिनका प्रकाशित निबन्धहरूको विषयवस्तु सामाजिक विसङ्गति रहेको छ ।

### २.१५.६ एकांकीकार, नाटककार र रंगकर्मी गोपाल अश्क

गोपाल अश्कको साहित्यिक व्यक्तित्व नाटक लेखन, अभिनय, निर्देशन आदिमा पनि केन्द्रित रहेको देखिन्छ । राष्ट्रिय नाटक महोत्सवको अवसरमा नेपाल प्रज्ञाप्रतिष्ठानबाट वर्षेनी मञ्चन हुने नाट्य प्रतियोगितामा गोपाल अश्कले आफैँ लेखेको नाटक ‘बाद के बात’ र ‘बाबा हो लाजो ना लागे’ को सफल-निर्देशन मात्र गरेका छैनन् अपितु अभिनय पनि गरेका छन् । यिनका एघार एकाङ्कीहरूको सङ्ग्रह ‘एक वित्ता के दूरी’ (२०५७) प्रकाशित छ । यसका साथै यिनको एकाङ्की ‘एक सही निर्णय’ (सयपत्री) र ‘अइसन जिनिगी से मउअत नीमन’ (गोरखापत्र) प्रकाशित भएको देखिन्छ । यिनको हिन्दी भाषामा लेखिएका गीतिनाटक, नीहारिका र पूजा के फूल अप्रकाशित रहेका छन् ।

---

७. शोधनायकद्वारा प्राप्त जानकारी अनुसार ।

### २.१५.७ बालसाहित्यकार गोपाल अश्क

साहित्यकार गोपाल अश्क एक बालसाहित्यकार पनि हुन् । यिनका कतिपय बालगीत यिनको भोजपुरी गीत सङ्ग्रह 'ऊ भोर ना भइल' (२०५९) मा प्रकाशित रहेका छन् । जसमध्ये 'एक-एक मिलके एघार हो जाला' र 'एक मुट्ठी लाई बरखा ओनही बिलाई' र 'घुट्टीभर पनिया में अइनी हो भईया' आदि विषेश उल्लेखनीय रहेका छन् । यिनको एक बालविज्ञान कथा 'चन्दा मामा' (नव पल्लव) मा प्रकाशित रहेको देखिन्छ ।

### २.१५.८ हास्यव्यङ्ग्यकार गोपाल अश्क

दैनिक पत्रिका अंकुश र सत्य सन्देशमा गोपाल अश्कले अविनाश आशुतोष (सत्य सन्देश) को छद्म नाउँले व्यङ्ग्यविनोद नामक स्तम्भमा र प्रतिदिन स्तम्भमा (अंकुश) निकै राम्रा-राम्रा चोटिला हास्यव्यङ्ग्य निबन्ध लेखेका छन् ।

निष्कर्षमा हामी के भन्न सक्छौँ भने गोपाल अश्कको स्रष्टाव्यक्तित्व कवि, गीत, गजल, कथा, उपन्यास, निवन्ध, एकाङ्की, हास्यव्यङ्ग्य रचना लेखनमा विस्तृत रहेको छ । यसका साथसाथै गोपाल अश्क एक संवेदनशील एवम् इमान्दार द्रष्टा पनि हुन् । यहाँ यिनको द्रष्टा व्यक्तित्वलाई प्रष्ट्याउने प्रयास गरिँदैछ ।

## २.१६ द्रष्टा व्यक्तित्व

गोपाल अश्कको व्यक्तित्वमात्र सृजनामा सीमित छैन अपितु द्रष्टामा पनि विस्तृत रहेको छ । यिनले सम्पादन, अनुवाद तथा समीक्षा गर्नुका साथै साहित्यिक रचनाहरूको समीक्षा पनि गरेका छन् । यिनको द्रष्टा व्यक्तित्वलाई यसरी उजागर गरिएको छ ।

### २.१६.१ समालोचक गोपाल अश्क

गोपाल अश्कले कम तर निकै राम्रा समालोचना गरेका छन् । यिनका समालोचनात्मक रचनाहरू गरिमा, मधुपर्क, समकालीन साहित्य, अङ्कुश आदि पत्रिकामा

प्रकाशित रहेका छन् । डा. ध्रुवचन्द्र गौतमको अनुभवन्यास बाढीको समालोचना सिङ्गो वीरगन्जलाई बगाउने एउटा बाढी (सत्याग्रह) सहस्राब्दीको अन्तिम प्रेमकथाको प्रेमकथा (नेपाल जागरण) 'नेपालीय भोजपुरी काव्यमा राष्ट्रियता एक सिंहालोकन' (मिर्मिरे), 'मुखुण्डोको मनः एक अवलोकन' (गरिमा) कवि विनयको मृत्युयात्रालाई सम्झिँदा (शब्द संयोजन) अर्द्धमुदित आँखाहरूमाथि एक दृष्टि (अभिव्यक्ति) 'नेपाली लघुकथाको उद्भव र विकास' (समकालीन साहित्य) भोजपुरी लोकनृत्यः एक संक्षिप्त अनुरेखाङ्कन (लोकसंस्कृति लोकनाच विशेषाङ्क) राष्ट्रिय भाषामा गजल लेखन, संक्षिप्त अध्ययन (नेपाली गजल विगत वर्तमान) समीक्षाको समीक्षा (अंकुश) आदि प्रकाशित रहेका छन् ।

### २.१६.२ भूमिकालेखक गोपाल अश्क

गोपाल अश्कले केही साहित्यिक कृतिहरूमा भूमिका लेख्ने कार्यसमेत गरेका छन् । जसमध्ये भोजपुरी कविता सङ्ग्रह 'वसन्त इहाँ आ ना सकल', 'मकरा के जाल', 'धर्म के बारे में कुछेक बात' र नेपाली गजल सङ्ग्रह 'जलनको आँसु' प्रमुख रहेका छन् । यिनी एक गम्भीर भूमिकाकारको रूपमा प्रतिष्ठित रहेका छन् ।

### २.१६.३ सम्पादक गोपाल अश्क

गोपाल अश्कले एक सम्पादकको भूमिका पनि निर्वाह गरेका छन् । यिनले गमक (भोजपुरी त्रैमासिक) २०५१-२०५४ सम्म सम्पादन गरेका छन् भने पटनाबाट प्रकाशित हुने भोजपुरी सम्मेलन पत्रिकाको नेपालीय भोजपुरी विशेषाङ्कमा सहसम्पादनको कार्य गरेका छन् । त्यस्तै नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित हुने 'सयपत्री'-१४ को भोजपुरी कथा अङ्कमा अतिथि सम्पादक भई काम गरेका छन् भने वीरगन्जबाट प्रकाशित हुने 'अंकुश' (दैनिक समाचार पत्रिका) को प्रधान सम्पादकका रूपमा कार्य गरेका छन् । यसका साथ-साथै यिनले पाठ्यपुस्तकको पनि सम्पादन गरेका छन् ।

### २.१६.४ अन्तरवार्ताकार गोपाल अश्क

स्रष्टा र द्रष्टा गोपाल अश्कले भोजपुरी एवं नेपाली साहित्यमा केही बौद्धिक प्रतिष्ठित व्यक्तित्वहरूको अन्तरवार्ता पनि लिएको देखिन्छ । यिनले अंकुश पत्रिकाको लागि

लिइएका साहित्यकार डा. भीमचरण थापा, रमेश गोर्खाली, कवियत्री जुनु क्षेत्री, सन्ध्या पहाडी र शान्ति सुवेदीका अन्तरवार्ता उल्लेखनीय छन् । त्यस्तै यिनले गमक पत्रिकाको लागि मारिससको भोजपुरी साहित्यकार डा. सरिता बद्धु, भारतका भोजपुरी तथा हिन्दी साहित्यकार पाण्डेय अशुतोष र पं. दीप नारायण मिश्रको अन्तरवार्ता लिएका छन् ।

### २.१६.५ अनुवादक गोपाल अश्क

नेपाली साहित्य जगत्ले गोपाल अश्कलाई एक सफल अनुवादकको रूपमा पनि चिन्ने गरेको छ । यिनले डा. ध्रुवचन्द्र गौतमको उपन्यास अलिखितको अलिखित नाउँले भोजपुरीमा अनुवाद गरेका छन् भने बालकृष्ण समका केही प्रमुख एकाङ्कीहरूको 'समके प्रमुख एकाङ्की' शीर्षक राखी सहअनुवाद गरेका छन् डा. केशवप्रसाद उपाध्यायको साथमा । त्यस्तै यिनले 'सयपत्री' (भोजपुरी कथा सङ्ग्रह) मा केही भोजपुरी कथाहरूको नेपालीमा अनुवाद गरेका छन् भने दिनेश गुप्ताको भोजपुरी कथा 'कैसरके साठ दिन' को नेपालीमा क्यान्सरका साठी दिन (गरिमा) अनुवाद गरेका छन् ।

### २.१६.६ वैयाकरण गोपाल अश्क

अहिले पनि भोजपुरी भाषाको मानकीकरण हुन सकेको छैन । भाषालाई व्याकरणको अनुशासनमा राख्ने अभ्यास भइसकेको छैन र बेलाबखतमा भोजपुरी व्याकरण र शब्दकोशको अभाव बोध हुन्छ । यस अभावलाई अलिकति भए पनि पूर्ति गर्ने काम साहित्यकार गोपाल अश्कले गरेका छन् । यिनी र डा. विश्वम्भरकुमार शर्मा मिलेर भोजपुरी व्याकरण लेखका छन् र प्रकाशित समेत गराएका छन् । व्याकरणको क्षेत्रमा अश्कको यस योगदानलाई सकारात्मक सन्देशको रूपमा लिन सकिन्छ ।

### २.१६.७ पाठ्यक्रम निर्माता गोपाल अश्क

गोपाल अश्कको व्यक्तित्व पाठ्यक्रम निर्माण कार्यमा पनि सन्नीहित रहेको पाइन्छ । यिनले कक्षा ९ र १० मा वैकल्पिक विषयमा रहेको भोजपुरी विषयको पाठ्यक्रम अन्य सहयोगी व्यक्तित्वहरूको साथ लिई निर्माण गरेका छन् ।

### २.१६.८ शोधकर्ता र अनुसन्धानकर्ता गोपाल अश्क

गोपाल अश्कले अनेकौं विषयमा शोध र अनुसन्धान गरेका छन् । नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रदत्त विद्वत्वृतिअन्तर्गत यिनले 'नेपालीय भोजपुरी भाषा र साहित्यको इतिहास', भोजपुरी लोक गीतहरूको सामाजिक, सांस्कृतिक तथा साहित्यिक दृष्टिकोणले अध्ययन भोजपुरी लोककथा, 'नेपालमा प्रचलित भोजपुरी लोकनाटक एक अध्ययन', भोजपुरी गजलको विश्लेषणात्मक अध्ययन र भोजपुरी कथाको पचास वर्ष शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यीमध्ये नेपालमा प्रचलित भोजपुरी लोकनाटक 'भोजपुरी नाटक' नाउँले ने.प्र.प्र.बाट प्रकाशित र साझा प्रकाशनबाट २०६१ को लोकसाहित्य पुरस्कारबाट पुरस्कृत भइसकेको छ । यिनको अनुसन्धानमूलक कृति 'लघुकथाः प्रक्रिया र पाठ' (२०६५) साझाबाट प्रकाशित भएको देखिन्छ । यसरी गोपाल अश्कको व्यक्तित्व शोध तथा अनुसन्धान कार्यमा पनि केन्द्रित रहेको छ ।

### २.१६.९ निष्कर्ष

साहित्यकार गोपाल अश्कको जन्म एक निम्नमध्यमवर्गीय परिवारमा भएको हो । आफ्नो जीवनको आरोह-अवरोहमा हिँड्दा-हिँड्दै आज यिनी ४७ बसन्त पार गरिसकेका छन् । साहित्यिक जीवनको कालखण्ड पनि दुई दशक भन्दा लामो भैसकेको छ । "कसैले यिनलाई भोजपुरीको अर्जुन भनेका छन् ।"[८] "कसैले यिनलाई भोजपुरीको मोतीराम भट्ट भनेका छन् ।"[९] "कसैले यिनलाई भोजपुरीको सपुत भनेका छन् ।"[१०] "कसैले यिनलाई भोजपुरीका रुद्रराज पाण्डे भनेका छन्"[११] तर अश्कले स्वयं आफूलाई भोजपुरीको पुत्र मानी तीन भाषामा लेख्ने र लेखिरहने एक साहित्यकार मात्र भन्न रुचाएका छन् ।

---

८. शोधनायक गोपाल अश्कबाट जानकारी प्राप्त भए अनुसार ।
९. ऐजन ।
१०. ऐजन ।
११. ऐजन ।

वस्तुतः गोपाल अश्क एक बहुआयामिक व्यक्तित्व हुन् । यिनले साहित्यको लोकप्रिय विधाहरू यथाः कविता, कथा, नाटक, उपन्यास, गीत, गजल आदिमा बढी रूपमा आफूलाई

केन्द्रित राखेका छन् । अझ भन्ने हो भने हिजोआज गोपाल अश्क नेपाली, भोजपुरी र हिन्दीका गजल साधनामा बढी केन्द्रित देखिन्छन् । यस आधारमा गोपाल अश्कलाई नेपालको लोकप्रिय गजलकार भन्न सकिन्छ ।

गोपाल अश्कको साहित्यिक साधनाको स्वीकृति समाज र साहित्यिक जमातबाट भएको देखिन्छ । यिनलाई कैयौँ साहित्यिक सङ्घसंस्था तथा राष्ट्रबाट सम्मानित एवं पुरस्कृत गरिएको छ ।

२.१६.१० (क) पुरस्कार

- नेपाल भोजपुरी प्रतिष्ठानबाट वि.सं. २०५४ मा लीलाधर मिश्र स्मृति पुरस्कार ।
- गंकी बसुन्धरा प्रतिष्ठानबाट वि.सं. २०५५ मा फुलवा उपन्यासको आधारमा गंकी-वसुन्धरा पुरस्कार ।
- युवा खेलकुद तथा सांस्कृतिक मन्त्रालयबाट वि.सं. २०५५ मा राष्ट्रिय प्रतिभा पुरस्कार ।
- नेपाली वाङ्मय प्रतिष्ठानबाट वि.सं. २०५६ मा भोजपुरी महाकाव्य धंधोरको आधारमा महाकवि देवकोटाको पुरस्कार ।
- साझा प्रकाशनबाट भोजपुरी नाटक कृतिको लागि २०६१ मा लोकसाहित्य पुरस्कार ।

२.१६.१० (ख) सम्मान

- वसुन्धरा मान प्रज्ञाप्रतिष्ठानबाट गजल साधनाको कदर गर्दै गजल श्री सम्मान ।
- वीरगन्ज उद्योग वाणिज्य सङ्घबाट वि.सं. २०५९ मा अभिनन्दन ।
- देवकोटा स्मृति सभा कलैयाबाट सम्मान ।
- नारायणी एफ.एम. १०३ मेघा हर्जबाट कदर पत्र ।
- मुखलाल स्मृति प्रतिष्ठानबाट सम्मान ।
- साहित्य सञ्जाल रौतहटबाट विशेष सम्मान ।

विभिन्न ठाउँ र जमातबाट पुरस्कृत एवं सम्मानित स्रष्टा गोपाल अश्क वर्तमानमा निम्न साहित्यिक सङ्घ-संस्थासँग आवद्ध रहेका छन् :

- नेपाली लेखक सङ्घ - केन्द्रीय सदस्य ।
- नेपाल भोजपुरी प्रतिष्ठान - केन्द्रीय उपाध्यक्ष ।
- नेपाल हिन्दी साहित्य परिषद - केन्द्रीय उपाध्यक्ष ।
- नेपाल राष्ट्रिय गजल प्रतिष्ठान - मध्यमाञ्चल उपाध्यक्ष ।

# अध्याय-तेस्रो

## नेपाली गजलको विकासक्रम र गोपाल अश्कको गजलयात्रा

### ३.१ नेपालीगजलको विकासक्रम

वर्तमान समयमा साहित्यिक मन मस्तिष्कलाई आफ्नो रूप, रचना, शिल्प, शैली र भावभूमिबाट पूर्णतया आकर्षित गर्न सफल रहेका विधाहरूमध्ये गजल एक प्रमुख विधा हो । गजल अहिले प्रत्येक दोस्रो कवि र स्रोता/पाठकको मनपर्ने विधा पनि हो । गजल अरबमा जन्मे पनि त्यसको हुकाई उर्दूमा भयो । उर्दूमा गजल सौन्दर्यको स्थान आफैँमा गौरवमय रहेको छ । फारसी र उर्दू साहित्यिक भूमिमा महत्त्वपूर्ण स्थान ओगटेको गजल विधालाई हिन्दी साहित्यिक जगत्ले तेह्रौं शताब्दीमा नै भित्र्याएको प्रमाण भेटिन्छ । यस कोमल विधामाथि हिन्दीका छायावादी रचनाकारहरूको दृष्टि गयो । तर गजलको शुद्धतम् स्वरूप सबैभन्दा पहिले बलवीर सिंहले प्रस्तुत गरे र गजललाई प्रभावकारी ढङ्गबाट भन्न सके, आम जनतामा पुग्न सके दुष्यन्त । त्यसपछि हिन्दी गजलको क्षेत्रमा निकै महत्त्वपूर्ण नाउँहरू रेखाङ्कित भए ।

हिन्दीबाट प्रभावित भई गजललाई नेपाली साहित्यमा पनि भित्र्याउने काम भयो । सम्वत् १९४० तिर नेपाली साहित्यमा भित्रिएको गजलको वर्तमान अवस्था निकै बलियो र प्रभावकारी रहेको छ । आज गजलको महत्त्व निकै बढेको छ । यसको लोकप्रियता यति बढेको छ कि पुराना र नयाँ दुवै पुस्ता गजल लेखनमा तल्लीन देखिन्छन् । गजल साहित्यमा फुटकर गजल कृतिहरूका साथसाथै खण्डकाव्य र महाकाव्यसमेत आइसकेका छन् । वस्तुतः गजल आज एक स्वतन्त्र तथा प्रतिष्ठित काव्य विधाको रूपमा स्थापित भइसकेको छ । गजलका शेरहरू आम जीवनमा गूञ्जिन थालेका छन् । अब गजलले केवल श्रृङ्गार, प्रेम, विरह, वेदना अर्थात् मांसल प्रेमजन्य अनुभूतिलाई मात्र आफ्नो विषयवस्तु बनाउँदैन अपितु सामाजिक सङ्गति, विसङ्गति, राजनैतिक विद्रूपता, आर्थिक विपन्नता, श्रमप्रति चेतना, आध्यात्मिकता, जीवनप्रतिको चिन्तन-मनन् आदिलाई पनि आफ्नो वर्ण्यविषय बनाउँछ । एक शब्दमा भन्ने हो भने गजल एक स्वतन्त्र काव्यिक विधाको रूपमा प्रतिष्ठित भइसकेको छ ।

अहिलेसम्मको खोजी र अनुसन्धानले के पत्ता लागेको छ भने नेपालमा गजललाई भित्र्याउने काम युवाकवि मोतीराम भट्टले नै गरेका हुन् । मोतीराम भट्ट नेपाली साहित्यको माध्यमिक कालका समेत प्रवर्तक र केन्द्रीय कवि मानिन्छन् । यहाँ उनलाई 'समेत' भन्नुको कारण के हो भने मोतीराम भट्टलाई नेपाली साहित्यमा गजलको प्रवर्तकका रूपमा पनि चिन्ने गरिन्छ । उनी बनारसमा शिक्षा आर्जन गर्ने क्रममा हुँदा भारतेन्दु हरिश्चन्दको मण्डलीमा सामेल रहने साहित्यकारहरूमध्ये एक थिए । त्यहीँबाट प्रभावित भई नेपालीमा यिनले एउटा आफ्नै नाममा 'मोतीमण्डली' स्थापना गरी 'गजल' लाई भित्र्याउने काम गरे । मोतीराम भट्टको आयु निकै कम रह्यो, मात्र ३० वर्ष । तर यिनले जे जति साहित्यिक कर्म गरे, त्यसको उमेर निकै लामो रहेको छ । जबसम्म नेपाली साहित्य जीवित रहन्छ मोतीराम भट्ट जीवित रहनेछन् । यसमा कुनै दुई मत छैन, नेपाली साहित्यमा गजललाई आमन्त्रित गर्ने साहित्यकार हुन्, मोतीराम भट्ट । यिनले सम्वत् १९४० तिर नेपाली साहित्यमा गजललाई भित्र्याएको मानिन्छ । नेपाली गजलको विकासक्रमको अध्ययन गर्नका लागि कालविभाजन गर्नु आवश्यक देखिन्छ ।

## ३.१.(अ) काल विभाजन

कुनै पनि विकासलाई कालखण्डमा विभाजित गर्नु सरल काम होइन । नेपाली साहित्यमा गजलको विकासक्रमलाई पनि कालमा विभाजित गर्नु त्यति सरल छैन । काल विभाजनमा मतैक्य रहेको छ । कोही यसलाई दुई कालखण्डमा र कोही तीन कालखण्डमा विभाजन गर्ने पक्षमा देखिन्छन् । समसामयिक नेपाली गजल (२०५०) का सम्पादक दुबसु क्षेत्री, "मोतीरामदेखि प्राथमिक काल, भीमनीधिदेखि माध्यमिक काल र ज्ञानुवाकर पौडेलदेखि आधुनिक काल मान्छन् ।"[1]

समकालीन नेपाली गजल (२०४७) का सम्पादक ललिजन रावलले मोतीरामदेखि प्राथमिक काल र (२०४०) ज्ञानुवाकर पौडेलदेखि पुनर्जागरण काल भनी दुई कालमा विभाजन गरेका देखिन्छन् । तर नेपाली गजलको यात्रालाई दुई कालमा मात्र विभाजित गरी अध्ययन गर्नुलाई वैज्ञानिक र प्रासङ्गिक नमान्ने समीक्षक विद्वानहरूको कमि नरहेको देखिन्छ । प्रा.डा. कृष्णहरि बराल र प्रा.डा. राजेन्द्र सुवेदीजस्ता समालोचकहरूको विचारमा नेपाली गजलको विकासक्रमलाई तीन चरणमा विभाजित गरी अध्ययन गर्नु उचित

१. नेपाली गजल विगत र वर्तमान (प्रभाती किरण र अन्य) मा, पृ.सं. ८४ ।

देखिन्छ । डा. बरालले, "वि.सं. १९४१ देखि २००२ सम्म पहिलो चरण, वि.सं. २००३ देखि २०३५ सम्म दोस्रो चरण र वि.सं. २०३६ देखि हालसम्म भनी काल विभाजन गरेका छन् ।"[२] प्रभाती किरणले, "नेपाली गजलको इतिहासलाई तीन चरणमा विभाजित गरेका छन् र यसको लागि विभिन्न विद्वान्ले प्रस्तुत गरेको आधार र गजलका विकासमा देखिएका प्रवृत्तिलाई आधार बनाएका छन् ।"[३] प्रभाती किरणकै विचारमा स्वीकृति जनाउँदै नेपाली गजलको विकासक्रमलाई निम्न ढङ्गबाट विभाजित गरी अध्ययन गरिँदै छ :

(क) पहिलो चरण - वि.सं. १९४१-२००२ : आरम्भ एवं विस्तार काल

(ख) दोश्रो चरण - वि.सं. २००३-२०३५ : सुषुप्त काल

(ग) तेश्रो चरण - वि.सं. २०३६ देखि हालसम्म

(ङ) आरम्भ - वि.सं. २०३६-२०५० पुनर्जागरण काल

(छ) उत्कर्ष - वि.सं. २०५० देखि यता

## ३.१.अ.(क) नेपाली गजलको पहिलो चरण (वि.सं. १९४१-२००२)

मोतीराम भट्ट (१९२३-१९५३) नेपाली साहित्यकै माध्यमिक कालको केन्द्रीय प्रतिभा तथा नेपाली गजलको प्रवर्तन एवम् विस्तारमा क्रियाशील विशिष्ट व्यक्ति हुन् । मोतीराम भट्टले नेपाली साहित्यको विकासमा आफू मात्र नलागी एउटा मण्डली नै गठन गरेका थिए । त्यो मण्डलीको नाउँ थियो, 'मोतीमण्डली' । हामी सबैलाई थाहा भएकै कुरा हो, कविवर भट्ट दोश्रो पटक १९३८ सालमा बनारस गएपछि उनको सम्पर्क भारतेन्दु हरिश्चन्द्रसँग भएको थियो । त्यही मण्डलीमा यिनी पनि सामेल भए । गजलबाट निकै प्रभावित भई मोतीराम भट्ट नेपालीमा पनि गजल लेख्न र लेखाउन थालेको बलियो प्रमाण भेटिन्छ । उनले सम्पादन गरेको सङ्गीतचन्द्रोदयमा मोतीराम भट्टलगायत लक्ष्मीदत्त पन्त 'इन्दू', गोपीनाथ लोहनी 'नाथ', नरदेव पाण्डे 'सुधा', अम्जद हुसैन 'अन्जान', रत्नलाल रत्न 'गजब' आदिका गजलहरू सङ्कलित छन् ।

पहिलो चरणका प्रथम गजलकार मोतीराम भट्ट नै देखिन्छन् । यिनले श्रृङ्गार भाव भूमिका गजलहरू लेखेका छन् । यिनका २७ ओटा, गजलहरूको सङ्ग्रह 'ठूलो सङ्गीतचन्द्रोदय' प्रकाशित देखिन्छ भने यिनका ३३ वटा गजल रचना रहेको पाइन्छ ।

२. उही, पृ.सं. ८४ ।

३. उही

वर्णमात्रिक लयमा लेखिएका गजलहरूको प्रमुख विषय श्रृङ्गारको दुई पक्ष मिलन र विरह नै रहेको छ । भट्टले फारसी बहरमा प्रयुक्त 'कामिल हजज', 'रमल', 'मुतकारिब' आदि बहरहरूको सफलतापूर्वक प्रयोग गरेको पाइन्छ । केही शेरहरू प्रस्तुत छन् -

इ सानै उमेर देखि मन् हर्न लागे
यिनै सुन्दरीले जुलुम् गर्न लागे
× × × ×
यता हेऱ्यो यतै मेरो नजर्मा राम प्यारा छन्
उता हेऱ्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।

*- मोतीराम भट्ट (सङ्गीतचन्द्रोदय)*

मोतीराम भट्टपछिका अर्का गजलकार हुन्, लक्ष्मीदत्त पन्त 'इन्दू' । यिनका १९ वटा गजलहरू 'सङ्गीतचन्द्रोदय' मा तथा चारओटा गजलहरू माध्यमिक नेपाली पद्यमा सङ्ग्रहित छन् । यिनका गजलहरूको विषय पनि श्रृङ्गार नै रहेको छ । यिनी फारसीबाट कम प्रभावित हुने गजलकार हुन्, एक शेर प्रस्तुत छ :

उठ भन्दछ्यौ त म उठ्दछु बस भन्दछ्यौ त म बस्दछु
अपमान् पछी हुन जान्छ की भनि डर नराख दुरूस्त छु ।

मोतीराम भट्टको मण्डलीका अर्का गजलकार हुन्-नरदेव पाण्डे 'सुधा' । यिनका पाँचवटा गजलहरू 'सङ्गीतचन्द्रोदय'मा प्रकाशित छन् । विधागत रूपमा सचेत देखिएका पाण्डेले रदिफको प्रयोग नगरे पनि काफियाको प्रयोग गरेर श्रृङ्गार रसलाई सुन्दर शैलीमा प्रयोग गरेका छन्:

गयो यो मन् कहाँ, मेरो र पो मैले नपाएको
कसैको यो पऱ्यो पेचमा र पो यो मन कराएको ।

यसै चरणका अर्का गजलकार हुन्-गोपीनाथ लोहनी 'नाथ' । यिनले 'नाथ' तखल्लुसको प्रयोग गरेको पाइन्छ । यिनका तेत्तीसवटा गजलहरू सङ्गीतचन्द्रोदयमा सङ्ग्रहित छन् । काफियाको प्रयोगमा त्यति सचेत नदेखिए पनि शास्त्रीय बहरको प्रयोग, अनुकूल शब्दविन्यास तथा सङ्गीत चेतनाका दृष्टिले यिनका गजलहरू प्रभावकारी रहेका छन्, एक शेर हेरौँ:

कहाँ गइन् ति निष्ठुरी हरेर मेरो मन्
कसोरी फिराउँ त्यो लगेको मेरो मन्

*- मोतीराम भट्ट र संसर्गी कवि*

यसै गरी पहिलो चरणका र मोती मण्डलीका एक अर्का गजलकार हुन् मियाँ अम्जद हुसैन 'अन्जान' । यिनी गजलको संरचनामा सचेत देखिएका छन् । यिनको एउटा गजल सङ्गीतचन्द्रोदयमा पाइन्छ, एक शेर हेरौँ:

चिठी पैल्हे न दी भन्नू - सधैँको हाल यो मेरो
नजर् दुई भए धारा - सुनाएस चाल यो मेरो

*- संगीतचन्द्रोदय*

नेपाली गजलको पहिलो चरणको उत्तरार्द्धमा पहलमान सिंह 'स्वाँर', शम्भुप्रसाद ढुङ्गेल, शिखरनाथ सुवेदी, तीर्थप्रसाद आचार्य, श्यामजीप्रसाद अर्याल, दीपशेखर लोहनी, कृष्णप्रसाद रेग्मी, रामप्रसाद सत्याल, लेखनाथ पौड्याल, चक्रपाणि चालिसे, पारसमणि प्रधान, बालकृष्ण समले गजलतर्फ केही रुचि लिई गजल रचना गरेको भए पनि यीमध्ये शम्भुप्रसाद ढुङ्गेल नै विशिष्ट रहेको पाइन्छ । यिनका केही गजलहरू शम्भु भजनमाला (१९८३) मा सङ्कलित रहेका छन, एक शेर प्रस्तुत छ :

नयाँ कोपिला हुन्छ जस्तो कलिलो
कडा लागि धुप हुन्छ त्यस्तै धमिलो

*- शम्भुप्रसाद ढुङ्गेल*

यसै चरणमा भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरजस्ता गजलकार पनि देखिन्छन् । नेपाली गजलको विकासमा भीमनिधि तिवारीको योगदान महत्त्वपूर्ण रहेको छ । उनले वि.सं. १९९० देखि नै गजल रचना गरेको पाइन्छ । उनको 'मेरी बयासी गजल' (वि.सं. १९९४) नामक पुस्तकमा गजलहरू सङ्ग्रहित छन् । यसैमा फेरी २० ओटा गजल थपेर वि.सं. २००२ मा 'बयासी र बीस गजल मेरी' नामक पुस्तक प्रकाशन गराएको देखिन्छ, एक शेर हेरौं:

म माहुरी हुँ मैया, तिमी आँप मञ्जरी हौ
तर हैन म कलेजा तिमी धारी खञ्जरी हौ ।
- *भीमनिधि तिवारी*

यस कालखण्डको गजल उपलब्धि हुन्-उपेन्द्रबहादुर जिगर । यिनको 'एक सय एक गजल' (१९९६) नामक गजल सङ्ग्रह प्रकाशित रहेको पाइन्छ । यसमा यिनका एक सय गजलहरू सङ्कलित रहेका छन् । यिनले भक्ति र श्रृङ्गार भावका गजलहरू लेखेका छन् । यिनका गजलहरूमा अरबी तथा फारसीका शब्दहरूको अत्यधिक प्रयोग भएको देखिन्छ, एक शेर हेरौं :

रोएर दिन बिताएँ तारा गनेर राती
निष्ठूर रहेछ तिम्रो पत्थर समान छाती
- *उपेन्द्रबहादुर जिगर*

यसरी के थाहा पाइन्छ भने नेपाली गजलको प्रथम चरण वि.सं. १९४० बाट प्रारम्भ भई भीमनिधि तिवारीको बयासी र बीस गजल मेरी (२००२) सम्म रहेको छ । यस चरणका प्राय: गजलहरूले श्रृङ्गारलाई विषयको रूपमा चित्राङ्कित गरेका छन् ।

### ३.१.अ. (ख) नेपाली गजलको दोस्रो चरण (वि.सं. २००३-२०३५)

नेपाली गजलको दोस्रो चरणको स्थिति पहिलो चरणको भन्दा कमजोर रहेको देखिन्छ गजल लेखनको पहिलो चरणमा गजल लेखन जति उर्वर थियो त्यसको तुलनामा दोस्रो चरणको गजल लेखन ज्यादै कमजोर रहेको देखिन्छ । यस चरणमा लेखिएका गजलहरू

संरचनात्मक दृष्टिले निकै कमजोर देखिन्छन् । यस चरणमा लेखिएका गजल र गीतमा भिन्नता छुट्याउन निकै गाह्रो रहेको पाइन्छ । वि.सं. २००३ देखि २०३५ सम्मको समयावधिमा लेखिएका नेपाली गजलमा एकातिर संरचनात्मक पक्षमा भिन्नता आएको देखिन्छ भने अर्कातिर केही गजलहरू गायकहरूद्वारा गाइएका पनि छन् । २००३ अगावै लेखिएका गजलहरू प्रायः शास्त्रीय छन्दहरूमा लेखिएका देखिन्छन् भने यस अवधिका गजलहरू प्रायः स्वनिर्मित लयमा लेखिएका देखिन्छन् ।

यस चरणका गजलकारहरूमा गोपालप्रसाद रिमाल, म.वि.वि. शाह, गोविन्द शर्मा 'विमल', प्रेमप्रकाश मल्ल, भीम विराग, छिन्नलता, राममान तृषित, जी शाह, रवीन्द्र शाह, भूपी शेरचन, पुष्प नेपाली लगायत रहेका देखिन्छन् । केही गजलकृतिहरू प्रकाशित पनि रहेका पाइन्छन् । तर जुन कुरा हुनु पर्ने हो, त्यो चाहिँ रहेको देखिँदैन । म वि.वि. शाहका गजलहरू उसैका लागि (२०१५) फेरि उसैका लागि (२०४१) र अझै उसैका लागि प्रकाशित रहेका छन् । यिनका सङ्गीतबद्ध गरिएका केही गजलहरू के छ र दिऊँ (गीतिसङ्ग्रह २०४८) मा सङ्कलन भएका छन् ।

यसै गरी सेवा नेपाल (२०५९) मा गोविन्द शर्मा बिमलका केही गजलहरू प्रकाशित छन् । प्रेमप्रकाश मल्लका गजलहरू अनुभूतिका स्वरहरू (२०५४) मा सङ्कलन गरिएका छन् । राममान तृषितका केही गजलहरू सङ्गीतबद्ध भई गीतका रूपमा रेडियोबाट प्रसारण हुने गरेका छन् । गजल सङ्ग्रहको रूपमा यिनको प्रियसीका आँखासित पिरतीका कुरा (२०५४) प्रकाशित रहेको छ । वि.सं. २०५७ मा आएर भीम विरागका गीत-गजल शीर्षक कृति प्रकाशित रहेको पाइन्छ ।

यति हुँदा-हुँदै पनि नेपाली गजलको दोस्रो चरण उन्नत नरहेको देखिन्छ । यो काल सुषुप्तावस्थामा नै रहेको देखिन्छ । यस चरणमा म.वि.वि. शाहको गजल सङ्ग्रह प्रकाशन भएको छ । शैलीमा प्राथमिककालीन परम्पराको पनि पालना गर्न सकिएको छैन । तुलनात्मक अध्ययनबाट के थाहा पाइन्छ भने दोस्रो चरणभन्दा पहिलो चरणकै गजल लेखन अधिक सशक्त थियो । पहिलो चरणका गजलकारहरू दोस्रो चरणका गजलकारहरूको

तुलनामा अधिक प्रतिभावान् थिए । यसरी के भन्न सकिन्छ भने नेपाली गजल लेखनको दोस्रो चरण गजल लेखनका दृष्टिले खासै उपलब्धिमूलक रहेन, सुषुप्त रह्यो ।

### ३.१ अ (ग)   नेपाली गजलको तेस्रो चरण (वि.सं. २०३६ देखि हालसम्म)

नेपाली गजल लेखनको तेस्रो चरणको कालखण्ड तीन दशकको रहेको छ । यस लामो कालखण्डको मूल्याङ्कन गर्नको लागि गजललेखनमा देखिएका प्रवृत्तिका आधारमा उपविभाजन गरी अध्ययन गर्न सकिन्छ र त्यो नै उचित हुन्छ ।

नेपाली गजलको इतिहासमा ज्ञानुवाकर पौडेलको उपस्थितिदेखि नवीन धार तथा शैलीको प्रारम्भ भएको मानिन्छ । ज्ञानुवाकर पौडेललाई गजल लेखनको पुनर्जागरणकर्ताको रूपमा लिने गरिएको छ । यद्यपि केही यस्ता पनि विद्वान् रहेका छन् जसको विचारमा ज्ञानुवाकर पौडेललाई त्यस रूपमा नहेर्न आग्रह गर्दछन् । उनीहरूको विचारमा बूँद रानालाई मान्नु पर्ने देखिन्छ । प्राथमिक तथा माध्यमिककालीन अवशेषको अन्त्य गर्दै मानवीय जीवनका विविध पक्ष हाँसो, रोदन, चीत्कार, सामाजिक विकृति, राजनीतिक परिदृष्यहरू समेटेर गजल लेख्न थालिएकाले २०३६ देखि नेपाली गजलमा तेस्रो चरणको प्रारम्भ भएको मान्नु उचित देखिन्छ । यसलाई अझ राम्ररी अध्ययन गर्नका लागि दुई खण्डमा विभाजित गर्नु उचित देखिन्छ -

### ३.१ अ. ग. ९७० आरम्भ (वि.सं. २०३६-२०५०) पुनर्जागरण काल

नेपाली गजलको दोस्रो चरण अत्यन्त कमजोर रहेको भए पनि तेश्रो चरण सबल रहेको बोध हुन्छ । २०३५ मधुपर्कमा ज्ञानुवाकर पौडेलको मुक्तक शीर्षकमा गजलको छनक दिने खालको उनको मुक्तक प्रकाशित भएपछि विधिवत रूपमा नेपाली गजलको पुनर्जागरण भएको मानिएको देखिन्छ । यस अवधिमा यिनका गजलहरूको सङ्ग्रह खण्डहर नयाँ-नयाँ (२०४९) मा प्रकाशित भयो । यसमा यिनका ५४ ओटा गजलहरू प्रकाशित छन् ।

यसै चरणका अर्का चर्चित गजलकार हुन्, ललिजन रावल । यिनका गजल कृतिहरू प्रकाशित छन् । उनका केही गजलहरू (२०४२), विरानो यो ठाउँमा (२०४६), सिरानीमा आँसु (२०५४) प्रकाशित छन् ।

ज्ञानुवाकर पौडेलले फुटकर गजल लेखेर पुनर्जागरण गरे भने ललिजन रावलले गजल सङ्ग्रहको प्रकाशन गरेर थप इतिहास बनाए । यसै चरणमा गजलकार धर्मोगत शर्मा तुफानका गजलहरू (२०४२), देशको माटो दुख्ने गर्छ (२०४९) प्रकाशित भयो । अर्का चर्चित गजलकार रवि प्राञ्जल हुन् । यिनका घामका झुल्काहरू (२०४७) तारि देऊ न माझी दाइ (२०४८) र उही बाढी उही भेल (२०५६) प्रकाशित देखिन्छन् ।

यसरी के थाहा पाइन्छ भने नेपाली गजलको तेस्रो चरणको प्रारम्भमा नै विशिष्ट किसिमका गजलकारहरूको उपस्थिति रहेको छ । अघिल्ला चरणमा प्रकाशित गजलहरूको तुलनामा यस चरणका गजलहरू सामाजिक उत्तरदायित्वबाट प्रेरित देखिन्छन् । समाजमा व्याप्त विसङ्गतिहरूप्रति प्रहार गरिरहेका छन् । यस चरणका गजलकारहरू गजललाई रतिरागको विषय मात्र बन्न नदिइ सामाजिक रूपान्तरणका लागि वैचारिक चेतना प्रवाहित गर्ने कुरामा समेत गजलकारहरू अधिक सचेत भइसकेका देखिन्छन् ।

## ३.१ अ. ग. ९७० उत्कर्ष (वि.सं. २०५० देखि यता) उर्वर काल

यहाँसम्म आईपुग्दा नेपाली गजलले विकासको बाटो समाति उर्वरता प्राप्त गरिसकेको अर्थ बोध हुन थालेको देखिन्छ । यस चरणमा गजलकृतिहरूको प्रकाशन सैद्धान्तिक कृतिहरूको प्रकाशन, खण्डकाव्य र महाकाव्य कृतिहरूको प्रकाशनले नेपाली गजलले उच्च स्थान प्राप्त गरेको बोध हुन्छ । पूर्व मेचीदेखि पश्चिममा महाकालीसम्म गजलको विस्तार हुन थालेको पाइन्छ । भन्नेले भन्ने गर्छन्, नेपालमा अहिले गजलको बाढी आएको छ-गजल लेखनमा । एक किसिमले यो ठीक पनि हो किनभने बाढीले कतिपय कमी कमजोरीलाई बगाएर लैजान्छ ।

नेपाली गजलको तेस्रो चरणको उर्वर कालमा मनु ब्राजाकी, डा.घनश्याम न्यौपाने ‘परिश्रमी’ र बूँद रानाजस्ता गजलकारहरू देखिए । मनु ब्राजाकीको नाम अग्रपङ्क्तिमा आउँछ । यिनको गजलगङ्गा (२०५१) तथा काँडाका फूलहरू (२०५६) प्रकाशित छन् ।

गजलमा विद्यावारिधि गरेका डा.घनश्याम न्यौपाने 'परिश्रमी' का यो मौसम (२०५०) घामको छहारीमा (२०५२), जुन चुहेको रात (२०६०), संयुक्त बाल गजलसङ्ग्रह (२०६०) प्रकाशित देखिन्छन् ।

नेपाली गजलको लोकप्रियता यसैबाट प्रमाणित हुन्छ कि सशुल्क गजल पाठ गर्ने गजलकार पनि छन् । बुँद राना सशुल्क गजल, एकल गजल गायन गरी ख्याति प्राप्त गर्ने एक प्रसिद्ध गजलकार हुन् । यिनका रातो मलाई प्यारो लाग्छ (२०५६) र चल्दै छ जिन्दगी प्रकाशित छन् । यसरी नेपाली गजलको दुनियामा केही महत्त्वपूर्ण गजलकारहरू देखा पर्छन् । यसका साथ-साथै औँलामा गन्न सकिने जति गजलकार र गजलकृतिहरू रहेका छन् ।

यसै चरणमा गजलकार गोपाल अश्कको उदय भएको हो । यिनका जीवनको लेक र बेसी (२०५६), प्रेमान्तर (गजल महाकाव्य २०६२) प्रकाशित रहेका छन् । यसै चरणका प्रमुख गजलकृति र तिनका गजलकारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

यज्ञविक्रम साहीको बाँच्नेहरू (२०५०), कुमार शिशिरको शिशिरका शीतहरू (२०५०), चन्द्र पोखरेल 'प्रभात' को धर्ती र आकाश (२०५१), वियोगी बुढाथोकीको आफन्तका चोटहरू (२०५२), धर्म प्रधान 'अकिञ्चन' को मृग-मरीचिका (२०५२), रोशनकुमार राजभण्डारीको गजल पुष्पाञ्जली भाग, १,२,३ (२०५२, २०५५, २०५६), मनु पौडलको गजलोत्सव (२०५३), नेपाली गजलका महत्त्वपूर्ण प्राप्ति हुन् । यसै चरणमा श्रेष्ठ प्रिया 'पत्थर' का पग्लिएका कथाहरू (२०५३), पत्थरका प्रलापहरू (२०५९) र आँसुको सौगात (२०६०) प्रकाशित भएका पाइन्छन् । यिनी नेपाली नारी गजलकारहरूमा अग्रणी रहेकी छिन् भने समग्रमा यिनका गजलले विशिष्ट पहिचान बनाएका छन् ।

पुस्तक प्रकाशनकै क्रममा निमेष नेवाको याद (२०५३), गोवर्द्धन पूजाको धर्तीको धूलो (२०५४), खड्गसेन ओलीको बादलको गुफा (२०५४), दिव्य गिरीको सागर लहर किनार (२०५४) के.बी. उदयको जेलभित्रको मुटु (२०५४), आर.बी. 'फ्लेम' को ज्वालाका रापहरू (२०५६) र स्पर्श अनुभूति (२०५६), काशीराम विरसका जिन्दगीका रेखाहरू

र स्पर्श अनुभूति (२०५७), गोविन्दराज विनोदीको निर्भय निर्मम घडीहरू (२०५६), गोपाल अश्कको जीवनको लेक र बँसी (२०५६), प्रेमान्तर (२०६२), विजय सुब्बाको विजय सुब्बाका गीत गजलहरू (२०५७), पूर्ण भण्डारी 'पङ्कज' को सङ्कल्पका शिखा (२०५७), मधु साश्रुको पीडा अनन्त हुन्छ (२०५७), दिव्यसागर साउदको एउटा लहर सागरको (२०५६), देवी पन्थीको मनको बह (२०५६) जस्ता गजल कृतिहरू प्रकाशन भएका छन् ।

त्यस्तै, रामलाल जोशीको हत्केलामा आकाश (२०५७), उत्सव खरेलको टाढिएको बसन्त (२०५७), अमर त्यागीको बाँसुरीमा आँसुको गीत (.२०५७), विष्णुबहादुर सिंहको सलबलाउँछन् ओठहरू (२०५८), अशोक बोहराको 'असीम पीडा' र ऋचा लुइँटेलको बाँसुरीका धूनहरू (२०५८), पुष्पलताः कमलका डोबहरूमा र भावनाको यात्रा (२०६१) माधव वियोगीको गुम्सिएका भावहर (२०५८), नारद निष्ठुरीको चहऱ्याइरहेका घाउहरू (२०५८), दीर्घराज अनुरागको उनैको यादमा (२०५९), विमलप्रकाश देवकोटाको पलपलका तलतलहरू (२०५९), शम्भुकुमार मिलनको तिम्रो सहरमा (२०५९), गोपाल पौडेलको छातिभरि तिम्रो माया (गीत पनि २०५९), प्रोल्लास सिन्धुलीयको आँखाभरि भुइँकुहिरो (२०५८), रासाको रात निदाएको रातमा (२०५८), कृसु क्षेत्रीको अर्द्धमुदित आँखाहरू (२०५९), सुदीपक गौपतमको परेलीमा बाढी (२०५९), नवीन विभास र उदय जी.एम.को उनका गजल (२०६०), स्वागत नेपालको धमिराको दरवार (२०६०), सुमित्रा बाङ्देल 'चेली' को गङ्गाजल (२०६०), अशोक रायको रहर (२०६०), कर्णकुमार श्रेष्ठको एकलिएको ऋतम्भरा  (२०६०), शान्तिनारायण श्रेष्ठको अनुभूति (२०६०), केशवराज आमोदी र विमलप्रकाश देवकोटाको गजलदीपिका (२०६०), पदम गौतमको एकलासको फूल (२०६०), जनकराज पौड्यालको एउटा कथा (२०६०), रामगोपाल आशुतोषको आशुतोषका रहरहरू (२०६१), अनमोलमणिको नदी किनारमा उभिएर (२०६१), प्रभाती किरण, रूपक वनवासी, बालकृष्ण रेग्मी, निर्जन मनोज, लक्ष्मण गगनको संयुक्त गजलहरूको सङ्ग्रह अवरूद्ध गलाहरू (२०६१) प्रकाशित छन् ।

यो चरण गजल प्रकाशनका दृष्टिले अत्यन्त उर्वर रहेको छ । राजधानीमा गजलगृह र गजलमञ्च नेपालजस्ता संस्थाको स्थापना हुनु, राजधानीबाहिर पूर्व-पश्चिम, उत्तर-दक्षिण चारैतिर गजलप्रतिको मोह बढ्नु, साहित्यिक गोष्ठी, पत्रपत्रिकामा गजलले बढी स्थान

पाउनु, एफएम रोडियोहरूमा गजलका कार्यक्रमहरू सञ्चालन हुन थाल्नुजस्ता कारणहरूले गजलको विकासमा उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ । यसक्रममा पुस्तकाकार रूपमा रमेश 'शुभेच्छु' र खगेन्द्र दाहालको अनुत्तरित प्रश्न (२०६१), नेत्र एटमको भित्र कतै दुख्छ भने (२०६१), घनेन्द्र ओझाका आफ्नै चिहानमा टेकेर (२०६१), बल्झेर याद तिम्रो (२०६२), भूपेन्द्र तिम्सिना र मायामितु न्यौपानेको निर्वासित चराहरू (२०६२) बुद्धिसागर चपाईको रारा जलेपछि (२०६१), निर्मल ढुङ्गानाको दिन हराएको दिन (२०६१), खगेन्द्र गिरी 'कोपिला' को व्यग्र चाँदनी (२०६१), लोकेन्द्र बन्जाराको आँखाभरि सपना (२०६२), दीपक समीपको भूगोलभित्र नकोरिएको देश (२०६२), गीत सापकोटाको इतिहासका पानाभित्र (२०६१), सीता आस्था ढुङ्गेलको नेपाली छोरी (२०६१), ईश्वरी कार्की 'वर्षा' को टुक्राटुक्रा आकाश (२०६१), शिव प्रणतको कुन्ती (२०६१), शीतल कादम्बिनीको सुगन्ध यात्रा (२०६२), गोर्खे साईलोको मुस्कान (२०६२), सूत्रमाला (२०६३), सरोज काफ्लेको अधरामृत (२०६२), रत्न प्रजापतिको मधुमास (२०६२), अनुराग अधिकारीको अनुराग (२०६२), रूपक वनवासीको हल्का मद्यपान (२०६३) आदि नेपाली गजलभण्डारका महत्त्वपूर्ण सम्पत्ति बनेका छन् ।

नेपाली गजलको विकासका लागि धेरे स्रष्टाहरू सामूहिक तथा व्यक्तिगतरूपमा जुर्मुराएको पाइन्छ । यस सन्दर्भमा विभिन्न व्यक्तिहरूद्वारा सङ्कलन गरिएका केही महत्त्वपूर्ण गजलसङ्ग्रहहरू प्रकाशन भएका छन् । तिनको नाम लिनुपर्दा सर्वप्रथम ललिजन रावलद्वारा सम्पादित समकालीन नेपाली गजल (२०४७) को नाम लिनुपर्ने हुन्छ । त्यस्तै दुँबसु क्षेत्रीद्वारा सम्पादित समसामयिक नेपाली गजल (२०५०), वियोगी बुढाथोकी र कृसु क्षेत्रीद्वारा सम्पादित प्रतिनिधि नेपाली गजल (२०५७), गजल विशेषाङ्कका रूपमा प्रकाशित आरोहण (२०४६), विजया (२०४७), बसुन्धरा (२०४९), सन्देश (२०५२), प्रतिभा (२०५३), झर्ना (२०५३), नवप्रज्ञापन (२०५३), आकाश (२०५३), पूर्णिमा (२०५७), गुञ्जन (२०५८), धौलागिरि स्पन्दन (२०५९), सङ्गम (२०५९), स्वर्ण गजुर (२०६०), शब्दाङ्कुर, कल्पतरू, शिवपुरी सन्देश तथा प्रज्ञापन (२०६०) पत्रिकाले पनि गजलको विकासमा विशेष योगदान दिएका छन् । अनुराग अधिकारीद्वारा सम्पादित, पोखराबाट प्रकाशित गोधूलि २ संयुक्त राष्ट्रिय गजलसङ्ग्रह (२०६३) ले पनि नेपाली गजलको इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्छ । संयुक्त राष्ट्रिय गजलसङग्रह भनिएको यस सङ्ग्रहमा राष्ट्रियस्तरमा गजलमा कलम चलाउने पुराना र नयाँ दुवै पुस्ताका सर्जकहरू ठूलो संख्यामा समेटिएका छन् । यस्तै

इन्द्रकुमार श्रेष्ठ 'सरित' द्वारा सम्पादित गजल, अमर त्यागीद्वारा सम्पादित मूर्च्छना, सुरेश बाग्लेद्वारा सम्पादित पसाँस, पुष्प अधिकारी 'अञ्जली' द्वारा सम्पदित पुष्पाञ्जली तथा गोरखसागर खत्री र अरुद्वारा सम्पादित गजलसागर, धीरज गिरी 'कल्पित' द्वारा सम्पादित नेपाली गजलजस्ता गजलप्रधान पत्रिकाहरूले पनि गजलको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ भने टीकाराम उदासीको 'गजलसिद्धान्त र नेपाली गजलको इतिहास' (२०५९) तथा देवी पन्थीको 'गजलसिद्धान्त र समालोचना' (२०५९) आलोचनात्मक पुस्तकहरू देखिएका छन् । गीतकार प्रा.डा. कृष्णहरि बरालको गीतसिद्धान्त र इतिहासमा पनि गजलको सङक्षिप्त इतिहासको चर्चा गरिएको छ । भर्खरै मात्र डा. धनश्याम न्यौपाने 'परिश्रमी' द्वारा लिखित गजल सौन्दर्य मीमांसा (२०६४) नामक गजलको सैद्धान्तिक पुस्तक पनि प्रकाशित देखिन्छ ।

निष्कर्षतः हामी के भन्न सक्छौं भने नेपाली गजल लेखनको यात्राले आरोह-अवरोह पार गरेको छ । वर्तमान समयमा नेपालमा गजल लेखनको बाढी नै आएको छ । त्यसकारण कतै घृणा पनि उत्पन्न हुन्छ तर चिन्ताको विषय यो होइन । बाढीले नराम्रा तत्त्वहरूलाई बगाउने गर्छ र मलिलो पोषिलो माटो दिई नयाँ जीवन प्रदान गर्दछ । त्यही कुरा गजल लेखनमा पनि लागु हुन्छ । यसर्थः नेपाली गजलको वर्तमान विगतभन्दा राम्रो छ, भविष्य आशामय एवम् उज्जवल छ ।

## ३.२ गोपाल अश्कको गजलयात्रा

गोपाल अश्क एक बहुमुखी प्रतिभा हुन् । उनको साहित्य साधना एक विधा वा एक भाषामा सीमित छैन, अपितु विस्तारित छ । "गोपाल अश्कको साहित्यसंसार सङ्कुचित छैन । उनले भोजपुरी , नेपाली र हिन्दी भाषामा र साहित्यको गद्य र पद्य दुवै विधामा कलम चलाएका देखिन्छन् । यसो त उनको कलम कविता, गीत, गजल, खण्डकाव्य, कथा, उपन्यास, गीतिकाव्य, महाकाव्य, नाटक, एकाङ्की, निबन्ध, समीक्षा, शोध, अनुसन्धानमा विस्तारित रहेको छ तथापि उनको बिशेष पहिचान एक लोकप्रिय एवं प्रसिद्ध गजलकारको रूपमा रहेको छ । कवि गोपाल अश्क गजलकार पनि हुन् । कविता गजल दुवैमा उनी सामाजिक यथार्थमा पक्षपाति छन् ।"[४] गजलकार अश्कका नेपालीमा 'जीवनको लेक र बेसी' (२०५६) र 'प्रेमान्तर' (गजलमहाकाव्य २०६२), भोजपुरीमा 'अभी बाकी बा' (२०५४) र 'बेकहल जिन्दगी' (२०६४) र हिन्दीमा 'पर्वतों की ओट में' (गीत, गजल सङ्ग्रह २०६५) गरी

पाँचवटा गजलकृतिहरू प्रकाशित रहेका छन् । यीनै पाँचवटा गजल सङ्ग्रहरूको आधारमा गोपाल अश्कको गजलकारिताबारे अध्ययन गर्ने जर्मको गरिएको छ ।

४. कविकोष (सं. भाउपन्थी) ने.रा.प्र. प्रतिष्ठान, वर्ष २०६० : पृ.सं. ५३ ।

गजलमा विधावारिधि गर्ने र नेपाली गजल जगत्मा आफ्नो नाम प्रतिष्ठित गराउन सफल हुनु भएका गजलकार डा. घनश्याम न्यौपाने 'परिश्रमी' ले के भनेका छन् भने, "विभिन्न विधामा कलम चलाउने अश्कले गजलकारका रूपमा पनि आफूलाई चिनाउने प्रयास गरेका छन् । यस प्रयासले यिनलाई सफलोन्मुख दिशातिर डोऱ्याएको छ ।"[५] अर्का गजलकार गोविन्दराज विनोदीको विचारमा, "गोपाल अश्कको बहुभाषाज्ञता र साहित्यिक लगाव ज्यादै रहर लाग्दो छ । हिन्दी , उर्दू , भोजपुरी र नेपाली साहित्यमा उत्तिकै कलम चलाउने अश्कले नेपाली गजलमा महाकाव्यको कोसेली अर्पण गरेर नयाँ आयाम थप्नु भएको छ ।"[६] यसरी के स्पष्ट हुन्छ भने गोपाल अश्क विभिन्न विधामा कलम चलाउँछन् तर गजलमा विशेष रूपमा केन्द्रित छन् । हिजोआज उनको साहित्य साधनाभित्र गजल रमाएको छ । उनी भन्ने गर्छन्, "बडो कठिन साधनापछि मात्र सरल भाषा र भावभूमिमा गजलको रचना हुन्छ । एउटा राम्रो गजल शेर भन्नको लागि कहिले-कहिले कयौँ महिना लाग्ने गर्छ । आत्मसन्तुष्टि दिने खालका शेरहरूको रचना सिङ्गो जीवनमा थोरै मात्रामा र कहिलेकाहीँ मात्र हुन्छ ।"[७]

वस्तुतः गोपाल अश्क गजल लेखनमा रमाउने साहित्यकार हुन् । नेपाली वाङ्मयमा उनलाई एउटा राम्रो र लोकप्रिय गजलकारको रूपमा चिन्ने गरिन्छ । यहाँसम्म कि जब उनी मञ्चमा उभिन्छन्, "श्रोतावर्गबाट एउटै आवाज आउँछ, सर, गजल गाउनुस् ।"[८] अन्त्यमा डा. घनश्याम न्यौपाने 'परिश्रमी' को भनाइसित स्वीकृति जनाउन सकिन्छ, "स्रष्टा, द्रष्टा र शोधकर्ता व्यक्तित्वका रूपमा साहित्यिक जगत्मा सुपरिचित अश्कको कलम विविध विधोपविधाहरूमा गतिशील छ र विशेषत : गजलका क्षेत्रमा यी सर्वाधिक आकर्षित देखिन्छन् ।"[९]

गोपाल अश्कको साहित्ययात्राको आयु अढाई दशक रहेको भए पनि गजल लेखन यात्राको आयु त्यति लामो नरहेको देखिन्छ । नेपाली गजल विकासको उत्कर्ष वा

५. गजल भूमिकावली (डा. घनश्याम न्यौपाने 'परिश्रमी') वि.सं. २०६३, पृ.सं. १३ ।
६. बेकहल जिन्दगी, गोपाल अश्क, हार्दिक शुभकामनाबाट ।
७. शोधनायक गोपाल अश्कसँगको कुराकानीको आधारमा ।
८. माधव काफ्लेसँग गरिएको कुराकानीको आधारमा ।
९. बेकहल जिन्दगी, गोपाल अश्कबाट ।

विकासकाल अर्थात २०५० को दशकमा गजलकार गोपाल अश्कको उदय भएको हो । हुनत केही समालोचकहरूको विचारमा यिनको उदय छैठौँ दशकमा भएको देखिन्छ । समालोचक रमेश गोर्खालीको भनाइमा, "आधुनिक नेपाली गजलमा अश्कको उदय छैठौँ दशकमा भएको हो ।"[१०] जे भए पनि एउटा कुरा के स्पष्ट छ भने गोपाल अश्कको गजलयात्राको प्रारम्भ आधुनिक नेपाली गजलको उत्कर्ष काल ( २०५० ) देखि यता आएर भएको हो । २०५६ मा यिनको नेपाली गजलसङ्ग्रह प्रकाशित भएको देखिन्छ भने २०५४ मा यिनको भोजपुरी गजलसङ्ग्रह 'अभी बाकी बा' को प्रकाशन भएको देखिन्छ । समग्रतः के भन्न सकिन्छ भने गोपाल अश्कको गजलयात्राको आयु एक दशकको रहेको छ । अझ दश वर्ष पार गरेर एघारौँ वर्षमा हिडिरहेको यिनको गजलकारिताको यो कालखण्ड कुनै लामो कालखण्ड होइन । दश वर्षको अवधिमा गोपाल अश्कले एउटा गजलमहाकाव्यका अतिरिक्त निकै गजलहरू पनि लेखिसकेका छन् । साँच्चिकै भन्ने हो भने अश्कको गजलकारिताको यो अवधि तरुणावस्थामा रहेको छ ।

यसरी हामी के थाहा पाउँछौँ भने गोपाल अश्कको नेपाली गजलयात्रा पचासको दशकमा अर्थात् नेपाली गजलको उत्कर्ष कालमा भएको हो । वि.सं. २०५६ मा यिनको प्रथम नेपाली गजलकृति 'जीवनको लेक र बेसी' प्रकाशित भएको देखिन्छ । चौध वर्षको यिनको गजलयात्रा र यिनका गजल प्रवृत्तिबारे जान्नको लागि निम्न दुई कालखण्डमा अध्ययन गर्न समुचित देखिन्छ :

(क) प्रथम चरण वि.सं. २०५५-२०६२

(ख) द्वितीय चरण वि.सं. २०६२ देखि हालसम्म

## ३.२ (क) प्रथम चरण (वि.सं. २०५५-२०६२)

नेपाली गजलको यो कालखण्डलाई उत्कर्ष काल वा विकास कालको रूपमा मानिन्छ । गजलकार गोपाल अश्कको यो प्रथम चरण हो । गोपाल अश्कको नेपाली गजल

संसारमा उदय हुनुको समय उनको लागि निकै चुनौतीमय रहेको पाइन्छ। किनभने नेपाली गजलको संसारमा निकै राम्रा-राम्रा गजलगोहरूको उपस्थिति रहेको पाइन्छ ।

१०. जीवनको लेक र बेसी (२०५६) को भूमिकाबाट ।

ललिजन रावल, बूँद राना, डा. घनश्याम न्यौपाने 'परिश्रमी', मनु ब्राजाकी, रवि प्राञ्जल जस्ता गजलकारहरूका बीच गोपाल अश्कको गजलकारिताको स्थान कुन रूपमा निरूपित हुने हो, त्यो चासो र अध्ययनको विषय भएको वर्तमान सन्दर्भमा यिनी उदाउँछन् । यसै कालमा गोपाल अश्कका एक भोजपुरी गजल कृति अभी बाकी बा (२०५४) प्रकाशित भएको पाइन्छ । यसरी यस कालखण्डमा एक नेपाली र एक भोजपुरी गरी जम्मा दुई गजलकृतिहरूको प्रकाशन भएको देखिन्छ र हामी यी दुईटै कृतिको आधारमा गजलकार गोपाल अश्कको गजलको प्रकृति र प्रवृत्तिबारे अध्ययन गर्न सक्छौं :-

## यस चरणका गजलहरूमा देखिएका प्रवृत्तिः-

गजलकार गोपाल अश्क सामाजिक यथार्थलाई वास्तविकताका साथ समाजसामु प्रस्तुत गर्ने गजलकार हुन् । समाजमा व्याप्त रहेको सामाजिक सङ्गति, विसङ्गति र आर्थिक विद्रूपताको कारण उत्पन्न वर्गचेत भावना, वैयक्तिक भावना, प्रेम प्रणयको अनुभूति तथा मानवीय संवेगको इमान्दार प्रस्तुति आदि भावभूमि नै गजलकार गोपाल अश्कका गजलहरूमा विषयवस्तुको रूपमा प्रयुक्त हुने गरेको पाइन्छ । गजलकार अश्क ग्रामीण क्षेत्रका वाध्यता विवशताका साथै जिजीविषा र सङ्घर्षहरू पनि आफ्ना गजलमा व्यक्त गर्दछन् । उनका गजलमा भोजपुरी क्षेत्रका गाउँले जीवनको माटाको गन्ध र लोकजीवनको भाषिक सौन्दर्य स्वरित भएको पाइन्छ ।

समाजमा व्याप्त रहेको धनी र गरीबबीचको दूरीलाई प्रष्ट्याउँदै यिनी के भन्छन् भने हाम्रो समाजमा धनीहरूकै लागि साउनको कजरीको महत्त्व हुन्छ । गरीबहरू त सधैँ आँसु र पीडामा जीवन बिताइरहेका हुन्छन् :

धनीके ला सावन आ सावन के कजरी
गरीबन के अश्क ही मक्का मदीना ।

*- अभी बाकी बा, पृ.सं. २६*

वर्तमान युगको मानवीय जीवनलाई जटिलता, बाधा, अभाव र समस्याका चुनौतीहरूले सताउने र तर्साउने गर्दछन् । मानव इमान बचाएर बाच्न नसक्ने अवस्थामा पुगेको छ । यस्तो मानवीय जटिलतालाई गजलकार अश्कले आफ्ना शेरहरूका माध्यमबाट यसरी उद्घाटित गरेका छन् :

इज्जत के नाम प मुअत बानी
घुटघुट के जिन्दगी जीअत बानी

*- अभी बाकी बा, पृ.सं. १६*

जीवनको बाटोमा कहिलेकाहीँ निराशासँग पनि सामना गर्नुपर्छ । आशा निराशाको परिधिभित्र मानवको जीवन जेलिएको हुन्छ । मानवलाई उसको जीवन नै बोझ लागिरहेको हुन्छ । यस्ता खाले सोचको उद्घाटन गजकार अश्कले यसरी गरेका छन् :

अपनही भार अब सहल ना जाता
बाकी जीवन के अब जीअल ना जाता

*- अभी बाकी बा, पृ.सं. १८*

यति मात्र होइन, गजलकार अश्कले वर्तमान युगको प्रवृत्तिलाई हृदयगम गरी उद्घोष नै गरेका छन् कि अब यो पापी संसारमा जीवन जिउन निकै गाह्रो भएको छ :

देखीं कइसन कसाई संसार हो गइल
जीअल जीवन के ताड़ पहाड़ हो गइल

*- अभी बाकी बा, पृ.सं. ४२*

वैयक्तिक नैराश्यको जीवन्त चित्रण गजलकार अश्कले आफ्नो एक गजलमा यसरी गरेका छन् :

आफ्नो जीवनको भार बोकेर हिँड्दैछु

आफ्नो मरणको भार बोकेर हिँड्दैछु
गन्तव्यहीन यात्राको हुँ एउटा यात्री म,
आफ्नो भ्रमणको भार बोके हिँड्दैछु ।

*- जीवनको लेक र बेसी, पृ.सं. ८*

नारी संवेदनाको प्रत्याभूतिको दिग्दर्शन पाउन सकिन्छ, गजलकार अश्कका केही गजलहरूमा । हाम्रो समाजमा नारीलाई यथोचित सम्मान र स्थान अहिलेसम्म प्राप्त भएको देखिँदैन । विभिन्न किसिमका पीडा र यातनाहरू खप्नु परेको हुन्छ, नारीले । सन्तानको उन्नति तथा स्वस्थ्य जीवनको लागि आमा र बुवा सधैँ कामनारत रहन्छन् तर सन्तानबाट उपेक्षित पनि रहन्छन् । यही भावलाई अश्कले आफ्ना एक गजलमा उतारेका छन् :

जिआ तरसेला बबुआ से दू टूम बोले ला
हिआ हहरेला उनका से ई मुंह खोले ला ।

*- अभी बाकी बा, पृ.सं. ४३*

मान्छे आफ्नो जीवनयात्राको क्रममा अनेकौँ पटक अनेकौँ ठाउँमा गएका हुन्छन् । तर उनीहरूलाई उनको गाउँ, ठाउँ र बाल्यपनले छाडेको हुँदैन साथै रहिरहन्छ । आफ्ना गाउँ ठाउँका सम्झनामा मानव मन सधैँ रमाएको हुन्छ र पिरोलिएको हुन्छ । एक शेर हेरौँ :

याद आ रहल बा हमर सुन्नर गाँव
आम, इमली, निमवा, पीपर के छाँव

*- अभी बाकी बा, पृ.सं. ३३*

देश प्रेमको भावनालाई गजलकार अश्कले जीवन्तताका साथ व्यक्त गरेका छन् । उनको विचारमा देशको निम्ति मर्नु पर्छ र यो मर्ने कला सिक्नु पर्छ, जस्तै :

देशको निम्ति मर्नुपर्छ मर्न सिकौँ
भेषको निम्ति मर्नुपर्छ मर्न सिकौँ

धर्तीमा जन्मिएपछि धरती माताको
दुःख व्यथा हर्नुपर्छ हर्न सिकौँ

*- जीवनको लेक र बेसी, पृ.सं. २८*

कहिलेकाहीँ व्यक्तिलाई उसको आत्मपरक भावनाले पिरोलेको हुन्छ । व्यक्ति चाहेर पनि त्यसको परिधिबाट बाहिर आउन सकेको हुँदैन । यस्तो विवशतालाई गजलकार अश्कले बडो इमान्दारीतापूर्वक आफ्ना गजलका शेरहरूमा व्यक्त गरेका छन्, एक शेर हेरौँ :

मन आजभोलि प्रवासमा छ,
दुःखको कालो आकाशमा छ,

कोही छैन अहँ कोही छैन यहाँ,
मन एकान्त निवासमा छ ।

*-जीवनको लेक र बेसी, पृ.सं. ३१*

अश्कले प्रेम र श्रृङ्गारको भावभूमिमा उभिएर निकै कम गजल लेखेका छन् । किनभने यिनको भावनालाई सामाजिक यथार्थले बढी मात्रामा आकर्षित गरेको पाइन्छ । तथापि शिष्ट प्रेमश्रृङ्गारको भावलाई अश्कले यसरी अभिव्यक्त गरेका छन् :

मीतबिना जीवन अधुरो लाग्छ
प्रीतबिना जीवन अधुरो लाग्छ
भाँचिरहेछु आफूलाई आफै
नीतिबिना चुमन अधुरो लाग्छ ।

*- जीवनको लेक र बेसी, पृ.सं. ४१*

यसरी प्रथम चरणका गजलहरूमा विभिन्न प्रवृत्तिहरू देखा पर्दछन् । यस चरणका प्रवृत्तिलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

- सिकारूपन
- अपरिपक्वता
- स्थानीयता
- आत्मपरकता
- नारीसंवेदनाको प्रत्याभूति
- प्रेमपरकता
- सामाजिकता

## ३.२ (ख) द्वितीय चरण (वि.सं. २०६२ देखि हालसम्म)

वि.सं. २०६२ अर्थात 'प्रेमान्तर' (गजल महाकाव्य) को प्रकाशनदेखि हालसम्मको गजलयात्राको अवधिलाई द्वितीय चरणको रूपमा लिइएको छ । यस अवधिभित्र गजलकार अश्कका केही महत्त्वपूर्ण गजलकृति प्रकाशित भएका छन्, यथाः 'प्रेमान्तर' (२०६२, गजल महाकाव्य), 'बेकहल जिन्दगी' (२०६४ बहरबद्ध भोजपुरी गजलसङ्ग्रह) र 'पर्वतों की ओट में' (२०६४ हिन्दी गीत, गजल सङ्ग्रह) । यी गजल कृतिहरूको अध्ययनोपरान्त अश्क एउटा उम्दा गजलकारको रूपमा स्थापित भइसकेको तथ्य प्रष्फुटित हुन्छ । यी कृतिहरूमा प्रेम, बिछोड, मिलन, अस्तित्व, राजनीतिदुरावस्था, स्थानीयता, सामाजिक यथार्थको जीवन्त चित्रण भएको पाइन्छ । सामाजिक, आर्थिक, राजनीतिक एवम् देश विदेशमा घटेका समसामयिक घटनाहरूलाई समेत आफ्ना कृतिहरूमा सहज ढङ्गबाट प्रस्तुत गर्न सफल भएका देखिन्छन् । यस चरणमा अश्क विशेष सजग भई बहरबद्ध गजलहरू लेखेका छन् । यस चरणका प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

### ३.२ ख (१) परिपक्वता

यस चरणका गजलहरूमा परिपक्वताको प्रस्तुति भएको देखिन्छ । अश्कले कुनै पनि विषयलाई बडो गम्भीरतापूर्वक एवम् परिपक्वतापूर्वक उठाएका छन् । केही शेर हेरौँ :

का कही जिन्दगी सेरा गइल बाटे
बह भरत आदमी पेरा गइल बाटे
*-बेकहल जिन्दगी, पृ.सं. ७*

## ३.२ ख (२) सामाजिक यथार्थता

यस चरणका गजलहरूमा सामाजिक यथार्थको चित्रण अपेक्षाकृत बढी भएको पाइन्छ । प्रेमान्तर गजल महाकाव्यमा त समाजले प्रेमलाई कुन रूपमा स्वीकार गरेको छ, त्यसैको जीवन्त वर्णन गरिएको छ, एक शेर हेरौँ :

जातपात उचनीचको धनी र गरीबको
कुरा गरी सारा गाउँ सत्य ढाट्न थाल्यो
*- प्रेमान्तर, पृ.सं. १९*

जिन्दगीका आरोह र अवरोहलाई व्यक्त गर्ने क्रममा जिन्दगी आलाप, विलाप, अभिशाप, सन्ताप, मिलन, धराप, प्रताप हो भन्दै जिन्दगी जिउन निकै सङ्घर्ष गर्नु पर्ने कुरालाई गजलकार अश्कले आफ्नो गजलबाट यसरी व्यक्त गर्न खोजेका छन् :

आलाप जिन्दगी
विलाप जिन्दगी
भइहाल्यो मेरो
अभिशाप जिन्दगी
*- प्रेमान्तर, पृ.सं. ४३*

## ३.२ ख (३) समसामयिकता :

समसामयिक समस्या र विभिन्न भावभूमिलाई गजलकार अश्कले आफ्ना गजलबाट व्यक्त गरेको पाइन्छ :

केहू तरे ई जिन्दगी बाटे चलत बाटे बढ़त
बाटे खुशी के बात ही ई जिन्दगी बाटे पढ़त

*- बेकहल जिन्दगी, पृ.सं. ५३*

समसामयिकताको कुरा गर्ने क्रममा गजलकार अश्कले के पनि बिर्सेका छैनन् भने आज पनि सामाजिक संरचनामा कुनै खास परिवर्तन आएको छैन । यद्यपि आजको वर्तमान युग परिवर्तनबाट मुक्त हुन सकेको छैन । आधुनिकताको घाम गाउँ-गाउँमा पुगेको छ । तर आधुनिकताको साथसाथै त्यसको नकारात्मक पक्ष पनि पुगेको देखिन्छ । हिजोआज गाउँमा पनि सहरझैँ चिमनीको धुवाँ, घोडाको टाप र अनेकानेक यान्त्रिक संसाधनको पहुँच भइसकेको छ र गाउँको वातावरण पनि अलि प्रदूषित भइसकेको छ । गोपाल अश्कको चिन्ता यसरी व्यक्त हुन्छ :

इमान से कहीं त गउँओ ना अब सोहाता
खारपात बाटे जामल इहँवों ना अब सोहाता

*- अभी बाकी बा, पृ.सं. ३४*

## ३.२ ख (४) प्रगतिशीलता

दोस्रो चरणका गजलहरूमा प्रगतिशील भावभूमिको उद्घाटन भएको पाइन्छ । आफ्नो यथास्थितिबाट उम्केर जब मान्छे उन्नतिको दिशातिर लम्किन्छ, एउटा नयाँ सोच र नयाँ विचारका साथ अनि त्यही प्रगतिशीलताको प्रस्फुटन हुन जान्छ । पुरानो सोच र विचारलाई थन्क्याउँदै नयाँ सोच र विचारका साथ हरेक सजग व्यक्ति अगाडि बढिरहन्छन् । प्रगति अर्थात् जनताको कुरा गर्ने तर जनतालाई नै धोका दिने काम राजनीतिले गरिराखेको हुन्छ भन्ने भावनालाई उपर्युक्त शेरले आत्मसात् गरेको छ । यसरी आफ्ना कतिपय शेरहरूमार्फत राजनीतिप्रति व्यङ्ग्य गर्ने काम गजलकार अश्कले गरेका छन् ।

## ३.२ ख (५) नारी संवेदनाको प्रत्याभूति

गजलको केन्द्रीय विषयवस्तु विषेश गरी संवेदनाको प्रत्याभूति रहेको कुरामा आज पनि अधिकांश मत एक ठाउँमा उभिन्छ । गजलकार अश्कका गजलमा नारी संवेदनाको प्रत्याभूति राम्ररी भएको पाइन्छ, एकाध शेर हेरौँ :

माँ भी प्यारी हैं, पत्नी भी प्यारी हैं,
मेरी जिन्दगी तो इन्ही की मारी हैं ॥

*- पर्वतों की ओट में, पृ.सं. १६*

जब से तेरा हाथ मैं पकड़ा हुआ हूँ
तब से ही जंजीरों में जकड़ा हुआ हूँ

हो गया हूँ माँ और बिवी की शिकायत
बाप भाई कहते हैं हिजड़ा हुआ हूँ ।

*- पर्वतों की ओट में, पृ.सं. ३८*

□□□

एक-ब-एक कइसे अइलू ह !
प्रीत के गीत कइसे गइलू ह ?
तूं त रूठ के नू गइल रहलू,
कह ना, मान कइसे गइलू ह !

*- अभी बाकी बा, पृ.सं. ४६*

उपर्युक्त शेरहरूमा विभिन्न भाव प्रयुक्त रहेका छन् । माथिका हिन्दी गजलका शेरहरूमा आमा र श्रीमतीको लडाइमा परेर विवश भएको एउटा व्यक्तिको भावना प्रस्तुत भएको छ भने तलका भोजपुरी गजल शेरमा प्रियतमा अचानक आएकोमा आश्चर्यभाव व्यक्त भएको छ । भनाइको तात्पर्य के हो भने नारी संवेदनाको प्रत्याभूतिको उद्घाटन अश्कका गजलहरूमा भइरहेको कुरा प्रकाशित हुन जान्छ ।

### ३.२ ख (६) प्रेमपरकता

प्रेमलाई केन्द्रीय विषय बनाएर गजलकार अश्कले प्रेमान्तर महाकाव्य नै लेखेका छन् । यिनका गजलहरूमा प्रेमको विभिन्न रूप प्रतिस्थापित हुन्छ । मिलन, विछोड र पीडाको भाव यिनका अनेकौं गजलमा वर्णित भएको पाइन्छ । पीडालई छातीभित्र लुकाएर जीवन बाँचिरहेको तर प्रेमको महत्त्व बुझी आफूलाई धन्य मान्ने भाव अश्कले आफ्नो एक हिन्दी गजलमा यसरी व्यक्त गर्दछन् :

दर्द सीने मे छुपाकर जिया करते हैं
तेरी उल्फत का हम दाद दिया करते हैं ।

*- पर्वतों की ओट में, पृ.सं. २०*

मायाबिनाको संसार रित्तो लाग्ने कुरालाई गजलकार अश्कले शेरमार्फत यसरी पोख्छन् :

तिमीबिनाको कुनै रात राम्रो लाग्दैंन
तिमीबिनाको कुनै प्रातः राम्रो लाग्दैंन

*- प्रेमान्तर, पृ.सं. १०*

### ३.२ ख (७) आञ्चलिकता

गजलकार गोपाल अश्कका गजलहरूमा स्थानीय कलाकौशल, ठाउँ, सौन्दर्य आदिको चित्राङ्कन हुनुका साथै विकृतिहरूको पनि इमान्दार प्रस्तुतीकरण रहेको पाइन्छ । एकातिर यिनी हिमालको काखमा रहेको गाउँको प्यारो वर्णन गर्दछन् :

हिमालको काखमा एउटा सुन्दर गाउँ
रहेछ प्रेमनगर साथी त्यसको नाउँ

*- प्रेमान्तर, पृ.सं. ३*

भने अर्कोतिर पर्सा जिल्ला अवस्थित वीरगन्जको घडिअर्वा पोखरीको वर्णन यसरी गर्छन् :

गाउँले यौवनलाई शहर अति मन पर्‍यो
जति भए पनि त्यै जहर अति मन पर्‍यो
वीरगन्जको घण्टाघर, घडिअर्वाको पोखरी
उत्तरमा बहने गण्डक नहर अति मन पर्‍यो ।

- *प्रेमान्तर, पृ.सं. १०३*

यति मात्र होइन, वीरगन्जको बदलिएको रूपप्रति अश्क अति चिन्तित हुन्छन् र आफ्नो शेरमार्फत यसरी चिन्ता व्यक्त गर्दछन् :

अरू जस्तो नभएर  आफै जस्तो छ
वीरगन्जमा पानी भन्दा रगत सस्तो छ

- *प्रेमान्तर, पृ.सं. १०१*

### ३.२ ख (८) परिष्कृतता

यस चरणमा लेखिएका गजलहरू शिल्पशैलीको दृष्टिकोणले अति नै सफल रहेका पाइन्छन् । उनका गजलहरूमा मात्रा, लय र शब्द पुनरावृत्ति वा भङ्गका दृष्टिले दोष देखिँदैनन् बरू अत्यधिक गजल बहरबद्ध अर्थात् व्याकरणको पूर्ण पालना गरी लेखिएकोले परिस्कृत र परिमार्जित छन्, केही शेर हेरौं :

बात अब ओरा गइल बा
मात अब भोरा गइल बा

का कहीं हम जिन्दगी के
आँख जस लोरा गइल बा

- *बेकहल जिन्दगी, पृ.सं. १४*

### ३.२ ख (९) सजगता

वस्तुतः गजलकार अश्क एक सजग साहित्यसाधक हुन् । यिनी आफ्नो कवि धर्म र कर्मप्रति निकै सजग छन् र यिनका गजलहरूमा सजगताको भाव वर्णित रहेको पाइन्छ । सधैं बोलिरहने केही न केही माँगीरहने छोरीको अचानक मौनता देखेपछि आमाको मनमा उठेको भावलाई अश्कले शेरमार्फत यसरी प्रष्ट पार्दछन् :

छोरी तिम्रो मन अचेल किन घरमा लाँग्दैन
चुपचाप रहन्छ त्यो किन केही माँग्दैन
भन छोरी मनको कुरा आमालाई साथी मानी
किन तिम्रो आँखा अचेल सुत्नासाथ लाँग्दैन

*- प्रेमान्तर, पृ.सं. १५*

३.२ ख (१०) राष्ट्रियता

गोपाल अश्कको राष्ट्रियता र देशप्रेमको भावभूमिमा लेखिएका अनेकौँ गजलहरू रहेका छन् । एक गजलमा यिनी आफ्नो देशप्रतिको भावना यसरी पोखेका छन् :

ऐ देश तोरा वास्ते हम जान लूटा देब रे
आई समय जब आखिरी हम आन लूटा देब रे

*- बेकहल जिन्दगी, पृ.सं. ४९*

देशको निम्ति मर्नु पर्छ मर्न सिकौँ
भेषको निम्ति मर्नु पर्छ मर्न सिकौँ

*- जीवनको लेक र बेसी, पृ.सं. २८*

यसप्रकार के थाहाँ पाउँछौँ भने गजलकार गोपाल अश्कका द्वितीय चरणका गजलहरूमा सामाजिक यथार्थ, राजनैतिक प्रदूषण, धार्मिक सहिष्णुता, समसामयिकता, प्रेमपरकता, आञ्चलिकता, सजगता आदि प्रवृत्ति चित्राङ्कित रहेका छन् ।

# अध्याय-चौथो

## गजलकार गोपाल अश्कका गजलहरूको विषयवस्तुगत अध्ययन

विषयवस्तुको दृष्टिले गजलको आलोचना प्रायः गरिएको पाइन्छ । गजलले श्रृङ्गार, प्रणयको परिधिभित्रका कुराहरूलाई मात्र कुशलतापूर्वक अभिव्यक्त गर्न सक्छ भन्ने खालको विचार राख्नेहरूको अहिले पनि कमि छैन । वा यो भनौं गजलसम्बन्धी पारम्परिक विचारधारामा खासै परिवर्तन आउन सकेको छैन । यसो त गजलको पारम्परिक वर्ण्यविषय प्रेम नै रहेको छ ।

आज पनि यस्ता विचारहरू पढ्न र सुन्न पाइन्छ कि श्रृङ्गारजन्य अनुभूतिलाई अभिव्यक्त गर्ने गजलहरू राम्रा हुन्छन् । तर यथार्थ यो होइन । आज गजलको वर्ण्यविषय श्रृङ्गार प्रेमका पक्षहरूको वर्णनमात्र रहेको देखिँदैन । हिजोआज त गजल आम मान्छेको जिन्दगीको आवाज बनिसकेको छ । गजलमा सामाजिक यथार्थ, आर्थिक विपन्नता, राजनैतिक प्रदूषण, श्रमभावना, व्यक्तिगत आशा–निराशा, क्षोभ आदि प्रयुक्त हुन थालेका छन् । हिजोआजका गजलकारले यो थाहा पाइसकेका छन् कि सुरा सुन्दरीको कुरा गरेर मात्र अब गजलमा रमाउन सकिँदैन । यद्यपि सिकारू गजलकारहरूमा यो भ्रम अझै विद्यमान रहेको पाइन्छ । गजलप्रति टीनएजरको अत्यधिक आकर्षणको कारणहरूमध्ये एउटा यो आरोपित कारण पनि हो । तथापि समग्र रूपमा गजललाई श्रृङ्गार भावजन्यलाई मात्र अभिव्यक्त गर्ने विधा भन्न समुचित देखिँदैन । किनभने हिजोआजका गजलमा विषयगत विविधता पाइन्छ । गजलकार गोपाल अश्कको वर्ण्यविषयको आधारमा मूल्याङ्कन गर्दा सामाजिक चित्रण विशेष रूपमा रहेको पाइन्छ । समाजमा व्याप्त रहेका भोकतिर्खा, थकाइ, हार, विघटित संस्कृति, विकृत सभ्यता, असन्तुलित व्यवस्था, क्षत-विक्षत आचरण जस्ता सन्दर्भहरू नै यिनका गजलका कच्चा पदार्थ हुन् । गजलकार अश्कले नै आफ्नो एक गजलमा वर्ण्यविषयको बारेमा भनेका छन्, हेरौं :

मानव कथा हो मेरो गजल
प्रकृति व्यथा हो मेरो गजल

प्रेमको सागरमा डुब्ने होइन,
शिष्ट यदाकदा हो मेरो गजल

मेरो गजल हो दर्पण जीवनको,
भोगाइ सर्वथा हो, मेरो गजल

सामाजिक यथार्थ युग बोधको,
स्व-कपडा लता हो, मेरो गजल

कहिले पीडा कहिले खुशी अश्क
गंगा नर्वदा हो, मेरो गजल । ३४

- *जीवनको लेक र बेसी, पृ.सं. १*

उपर्युक्त गजललाई पढ्दा गजलकार अश्ले कुन–कुन भावभूमिलाई आफ्ना गजलमा उतार्ने गर्छन् भन्ने कुराको बोध हुन जान्छ । यिनले स्पष्टरूपमा भनेका छन्, “मेरो गजल प्रेमको सागरमा डुब्ने त होइन, तर शिष्टरूपमा श्रृङ्गार भावलाई अङ्गिकार गरेका हुन्छन् । विशेषतः मेरा गजलहरूको विषयमा सामाजिक यथार्थको बोध हुने गर्छ ।” एकातिर गजलकार अश्कले आफ्नो गजललाई मानव कथा र प्रकृति व्यथा भनेका छन् भने अर्कोतिर सुरासुन्दरी या श्रृङ्गारमात्रको वर्णन गर्ने र त्यसकै सेरोफेरोमा घुमिरहने पनि होइन भनेका छन् । यस भावभूमिको दिग्दर्शन हामी उनको एक हिन्दी गजलमा गर्न सक्छौं, जस्तै :

नज़ारों में पलनेवाली नहीं है मेरी गजल
कतारों में ढलनेवाली नहीं है मेरी गजल

मैकश व मयकदा के बीच रहकर रफ्ता-रफ्ता
हजारों में मरनेवाली नहीं है मेरी गजल

तुम्हारा यह आक्षेप सच है मेरे काबिल दोस्त
बाजारों में चलनेवाली नहीं है मेरी गजल

औरतों से गुफ्तगू या उनकी बयाँ हर वक्त
सभाओं में करनेवाली नहीं है मेरी गजल

नफरतों में बसनेवाली हो न हो परन्तु अश्क
बहारों में गलनेवाली नहीं है मेरी गजल

*- पर्वतों की ओट में, पृ.सं. १*

गजलकार अश्कले घोषित नै गरेका छन् कि स्त्रीको कुरा वा स्त्रीसँगको कुरामात्र उनको गजलले गर्दैन । उनले यो पनि भनेका छन् कि सुरा सुन्दरीको वर्णन गर्दै आफूलाई सिध्याउने खालको उनको गजल होइन । यस भनाइको अर्थ यहाँ गजलकार अश्कका गजलहरूको विषयवस्तुको यसरी प्रस्तुत गर्न सकिन्छ ।

## ४.१ राष्ट्रियता / देश प्रेम

भनिन्छ साहित्यकार देश, समाजप्रति जिम्मेवार हुन्छन् । आफ्ना रचनाहरूको माध्यमले राष्ट्रियताको भावना र देश प्रेम जन्माउने काम गरिरहेका हुन्छन् । प्राय : प्रश्न गर्ने गरिन्छ – लेखन के को लागि ?, कसको लागि ? यसको जवाफ पनि पाइन्छ-स्वान्त सुखाय वा समाजको लागि , देशको लागि । गजलकार गोपाल अश्कका रचनाहरूमा राष्ट्रियता, देश प्रेम पाइन्छ, केही शेर हेरौँ:

कबो जे देश मंगलस, त जान देहव हँस के,
जीयल ना चाहब जीवन , जे होखे पर वश के ॥

*– अभी बाकी बा, ग. सं. पृ.सं. १*

गजलकार अश्कले देशको निम्ति ज्यान दिन र लिन दुवैको लागि तयार रहने भावको सञ्चार आफ्ना गजलहरूमा गरेको पाइन्छ । यो सत्य हो कि देशले कुनै-कुनै

बेलामात्र आफ्ना सन्तानहरूलाई आवाज दिन्छ, आफ्नो रक्षाको लागि । त्यस्तो बेलामा उसका सन्तानहरू अगाडि आउँदैनन् भने त्यो देश अरूकै अधिनमा जान पुग्छ । देशले मागेको बेला हाँसेर ज्यान दिन तयार छु भन्ने भाव प्रस्तुत गजलका शेरमा अभिव्यक्त भएको छ ।

हामी नेपाली आफ्नो गौरवगाथा बचाइराख्नुपर्छ । हाम्रा पुर्खाहरू आफ्नो देशको लागि हाँसेर ज्यान दिएको इतिहासलाई बिर्सनु हुन्न । बरू देशको निम्ति मर्नुपर्छ, आफ्नो भेष पहिचानको निम्ति मर्नुपर्छ । जीवन आँसुमय भए पनि आँखाको लागि आँसु भई झर्नु पर्छ भन्ने भावभूमिलाई गजलकार अश्कले आफ्नो शेरका माध्यमबाट यसरी अभिव्यक्त गर्दछन् :

देशको निम्ति मर्नु पर्छ मर्न सिकौँ
भेषको निम्ति मर्नु पर्छ मर्न सिकौँ,
हामी नेपाली हौँ नेपालको आँसु नै
आँखाबाट झर्नु पर्छ , झार्न सिकौँ ।

– *जीवनको लेक र बेसी, पृ.सं. २८*

यसै भावनालाई उनले आफ्नो एक भोजपुरी गजलमा यसरी उद्घारित गरेका छन् :

ऐ देश तोरा वास्ते हम जान लूटा देब रे
आई समय जब आखिरी हम आन लूटा देब रे

हम जिन्दगी पवले हईं ऐ देश तोरे गोद में
ऐ देश तोरा वास्ते हम प्रान लूटा देब रे ।

– *बेकहल जीन्दगी, पृ. सं. ४९*

उपर्युक्त गजलांशमा देशको निम्ति मर्नका लागि तयार रहने भाव बोध प्रयुक्त भएको छ । आफ्नो देशमा जन्मे पछि समय आउँदा ज्यानसमेत दिन तयार रहनु पर्छ भन्ने भावनाको प्रसार गजलकार अश्कले गरेका छन् । यसरी राष्ट्रियताप्रति गजलकार अश्क सचेत छन् भनी देखिएको छ ।

## ४.२ क्रान्तिचेतना

क्रान्ति शब्दको रूढ अर्थ लडाइ र आन्दोलन भए पनि यसको कोशीय अर्थ चाहिँ परिवर्तन हो । गजलकार अश्क परिवर्तनका पक्षमा उभिएका साहित्यकार हुन् । उनी अग्रगामी बाटोमा हिँड्न रुचाउँछन् । उनको मन समाजवाद विचारधारामा धेरै रमाएको पाइन्छ । मानवीय संवेदनाका गायक भएर यथार्थको धरातलमा उभिन्छन् र शान्ति र प्रेमको गीत गाउँछन् । उनको विचार यसरी अभिव्यक्त हुन्छ :

युद्धको गीत कहिल्यै ठीक भएन
हार वा जीत कहिल्यै ठीक भएन

– *जीवनको लेक र बेसी, पृ.सं. ३६*

क्रान्ति चेतना बोकेको एक शेर हेरौँ :

नामर्द कायरहरूको बस्तीमा त
कहिल्यै पनि आक्रोश हुँदैन ।

– *जीवनको लेक र बेसी, पृ.सं. १०*

यस जीवनमा आफ्नो हक र अधिकारको निम्ति आफैँ लड्नुपर्छ भन्ने भावनाले विस्तार पाएको छ, यिनको एक गजलांशमा हेरौँ:

अंतिम लड़ाई खुदे लड़ेके पडी
दियरी के बाती जइसन जरे के पड़ी ।

– *अभी बाकी बा, पृ. सं. ५०*

यसरी गजलकार अश्कका गजलहरूमा क्रान्तिचेतना अभिव्यक्त भएको पाइन्छ ।

आफ्ना गजलका माध्यमबाट अश्क राजनीतिक र सामाजिक परिवर्तनका कुरा गरिरहेका देखिन्छन् ।

## ४.३ स्वतन्त्रता प्राप्तिको चाहना

हामीले के अनुभव गरेका छौँ भने हरेक प्राणीको मनमा स्वतन्त्र विचरण गर्ने र आफ्नो जीवन जिउने इच्छा हुन्छ । अर्थात् स्वतन्त्रताप्रतिको चाहना रेखाङ्कित भएको हुन्छ । मान्छे स्वतन्त्र जन्मेको हुन्छ र मृत्युवरण पनि स्वतन्त्र रूपमा नै खोज्छ । गजलकार अश्कले पनि स्वतन्त्रताको चाहना बोकेका छन् । राजनीतिक स्वतन्त्रताकोलागि बेलाबखतमा यिनको कलमले पनि रचना गरेको पाइन्छ । तर यिनी अधुरो स्वतन्त्रता चाहँदैनन् । यिनी भन्छन्:

गर मिले चाँदनी तो पूरा मिले
प्राप्ति के पैरों में न जंजीर हो ।

– *पर्वतों की ओट में, पृ. सं. ६७*

राजनैतिक परिवेश धमिलो भईसकेको छ । राजनीतिमा एकले अर्काको प्रगति उन्नतिलाई मन पराएको हुँदैन । साँच्चि भन्ने हो भने राजनीतिमा कम मित्र र शत्रु बढी हुन्छन् । इमान्दार ढङ्गबाट आफ्नो यात्रा तय गरिरहेकालाई राजनीतिका खेलाडीहरू बेला कुबेला मात दिई रहेका हुन्छन्, घात दिईरहेका हुन्छन् । यसरी आफ्नो स्वार्थको लागि अरूलाई नमार, उसको जिन्दगीलई वर्वाद नगर भन्ने भाव प्रस्तुत शेरमा अभिव्यक्त भएको छ, हेरौँ:

मुझे यूँ तोड़के बेवक्त न मारो यारों,
मेरी इस जिन्दगी को यूँ न मिटाओ यारों ॥

- *पर्वतों की ओट में, पृ.सं. २९*

यस्तो विषम परिस्थितिमा अश्कले एउटा दुविधामा परेको व्यक्तिको विचारधारालाई आफ्नो शेरका माध्यमबाट यसरी व्यक्त गर्दछन् :

तानातान छ खुट्टा
बढाउन डर लाग्छ ।

- *जीवनको लेक र बेसी, पृ.सं. १९*

## ४.४ विकृत राजनीतिप्रति व्यङ्ग्य

राजनीतिले साहित्यलाई पनि प्रभावित पारेको वर्तमान सन्दर्भमा गजलकार गोपाल अश्क पनि अछुतो हुन सकेका छैनन् । तर यिनका गजलहरूले मानवीय संवेदना, वैयक्तिक भावना, जीवनको भोगाइ आदिलाई बढी चित्राङ्कित गरेको पाइन्छ । तर कतै-कतै यिनीले राजनीतिप्रति व्यङ्ग्य गरेको पाइन्छ । एकाध गजलमा यिनको विशुद्ध राजनीतिप्रति आवाज गुँजित भएको छ । तर वेजोड रूपमा भएको छ, एक गजलांश हेरौँ:

मेरी बात करती है,
मुझे घात करती है ॥

हक़ीकत में सपनों से,
सुहागरात करती है ॥

आदतन वो हर वक्त,
जुल्मिआत करती है ॥

अश्क ! ये राजनीति है,
वारदात करती है ॥

- *पर्वतों की ओट में, पृ.सं. ६*

राजनीतिप्रति गजलकार अश्कको एक मात्र दृष्टिकोण के छ भने राजनीतिले सदैव नराम्रा घटनाहरू मात्र गरेको हुन्छ । यसले जनताकै कुरा गरी जनतासँगै घात गरेको हुन्छ । जहिले पनि सपना बाँडिरहेको हुन्छ । अन्तिममा आफ्नो बानीले गर्दा जुल्म गरेको हुन्छ, राजनीतिले । त्यसैले राजनीतिप्रति आम मान्छेको धारणा आक्रोशित हुन्छ ।

## ४.५ वर्गचेत भावना

हामीले के थाहा पाएका छौं भने प्रायः साहित्यकारहरूले मध्यमवर्गीय पीडा र निम्नवर्गको पीडालाई आफ्नो रचनाको विषयवस्तु बनाएका हुन्छन् । निकै कम यस्ता साहित्यकार हुन्छन् जसका रचनाका विषयवस्तु विलासिता रहन्छ । गजलकार अश्कका गजलमा वर्गचेतको भावना उर्लेको पाइन्छ । सामाजिक न्यायको कुरा गरिराखेका हुन्छन्, अश्कका गजलहरू । दुःखी, पीडित र राष्ट्र तथा समाजबाट उपेक्षितहरूका लागि आवाज बनिराखेका हुन्छन्, अश्कका गजलहरू । वर्गचेतभावबाट ओतप्रोत अश्कका केही गजलांश प्रस्तुत छन् :

कोई न कोई सहारा तो चाहिए
जिन्दगी का कोई किनारा तो चाहिए

नहीं चाहिए मुझे वैभव और मकान
करने को रोटी गुजारा तो चाहिए

*- पर्वतों की ओट में , पृ. सं. २७*

गजलकार अश्क श्रमिकको चाहना भई प्रकट हुन्छन् । आफ्नो आवाज गुँजित गर्दै भन्छन्, जीवनको लागि सहारा त चाहियो तर वैभव विलासिता र ठूल्ठूला घर, भवन होइन रोटी मात्र चाहिन्छ ।

गरिबको स्थितिलाई चित्राङ्कित गर्दै गजलकार अश्क भन्छन्, “आज हरेक क्षणमा चुहिरहेको छाप्रोमा जीवन गुजारीरहेको छु, भोलि के हुन्छ भनी चिन्तामा गलिरहेको छु”, हेरौं:

आजू के चूअत छानी में गूजर करत बानी
काल्ह् का होखी ओकरे फिकिरे मुअत बानी

*-अभी बाकी बा, पृ. सं. ४२*

श्रमिक र आम मान्छेको जीवनलाई परिभाषित गर्दै गजलकार अश्कले हामी सडकको मान्छे हौँ , यहि सडकमा जिउनु–मर्नु पर्छ । ढुङ्गा र घासपातलाई स्वीकार गरी अगाडि बढ्नु छ –

आदमी सडक के हम सडके प रहे के बाटे
काँट कुश ढेपा, पत्थर नियरे गहे के बाटे

*- अभी बाकी बा, पृ. सं. ५१*

भनाइको अर्थ के हो भने गजलकार अश्कका गजलहरूमा वर्गचेत भावना तरङ्गित भएको छ ।

## ४.६ जीवनप्रतिको दृष्टिकोण

जीवन के हो भन्ने प्रश्नको जवाफ हरेक मान्छेको फरक–फरक हुन सक्छ । किनभने जीवनप्रतिको दृष्टिकोण पनि हरेकमा फरक–फरक हुन्छ । आफ्नो जीवनमा गरेको अनुभव र अनुभूतिको आधारमा मान्छेले जीवनप्रति एउटा दृष्टिकोण बनाएको हुन्छ । गजलकार अश्कका केही गजलांशहरू प्रस्तुत गरिँदैछ जसमा जीवनप्रतिको दृष्टिकोण अभिरेखाङ्कित रहेको छ, यथा:

यसै गरी जिन्दगानी बिति हाल्छ
केही गर्न सकिदैन रित्ति हाल्छ
जीवनले जति राम्रो चिठ्ठी लेखे पनि
मृत्युले नै शिरमाथि मिति हाल्छ ।

*- प्रेमान्तर, पृ.सं. ६३*

प्रस्तुत गजलका शेरहरू जीवन र मृत्युको शाश्वत सत्यतालाई परिभाषित गरिएको छ । जीवन बग्ने खोला हो बगिरहन्छ र अन्त्यमा मृत्युले नै मिति हाल्ने काम गर्छ । अश्कले जिन्दगीलाई नै केन्द्रीय विषयवस्तु बनाएर नयाँ गजल लेखेका छन् । उदाहरणको लागि एउटा गजल नै प्रस्तुत छ :

बोझिल बोझिल-सी है जिन्दगी,
स्वपनिल महफिल-सी है जिन्दगी ॥

करमजली यादों की जमीन और,
रूठी हुई गजल सी है जिन्दगी ॥

सावन की राह में सुखी हुई,
खेतों की फसल सी है जिन्दगी ॥

साहिलको चूमने की प्यास में,
जल की पहल सी है जिन्दगी ॥

हल्की कोशिश मे हल की जड,
पाती मंजिल सी है जिन्दगी ॥

जिन्दगी है बन्दगी की गजल,
आँखे निश्चल सी है जिन्दगी ॥

*- पर्वतो की ओट में, पृ.सं. ९*

प्रस्तुत गजलको व्याख्या गर्ने हो भने एउटा सिङ्गै पुस्तक नै तयार हुन जान्छ । किनभने जीवनका प्रत्येक रूप, रङ्ग र गन्धलाई साङ्केतिक तवरमा गजलकारले प्रस्तुत गजलमा तरङ्गित गरेका छन् । थाकेको र हारेको व्यक्तिको लागि एउटा थाके जस्तो लाग्ने, प्रेमी प्रेमिकाहरूको लागि रिसाएको गजलझैँ लाग्ने, किसानहरूको लागि साउनको महिनामा सुकेको खेत जसलाई हेरी उत्पन्न भएको भावझैँ लाग्ने, कहिल्यै हार नमान्ने, अगाडि बढिरहने अर्थात् किनारलाई छुने प्रयासमा लागिरहने पानीको प्रयत्नझैँ लाग्ने, समस्याको समाधान गर्नको लागि तत्पर रहने गन्तव्यझैँ लाग्ने र प्रेमिकाको गाजलु आँखाझैँ लाग्ने जिन्दगीलाई के भन्ने ? यसरी जिन्दगीलाई अश्कले यसरी परिभाषित गरेका छन् -

सधैँ जीवन कहाँ राम्रो हुन्छ साथी
दुखै दु:खको कतै ताना बुन्छ साथी

फुलेको फूलझैं जीवन फुल्छ कहिले
झरेको पातझैं कहिले रून्छ साथी

*- अप्रकाशित*

र अन्त्यमा गजलकार अश्कले जीवनप्रति आफ्नो दृष्टिकोण यसरी अभिव्यक्त गरेका छन् :

कभी अच्छी कभी बुरी लगती है जिन्दगी
कभी नूरी कभी दूरी लगती है जिन्दगी

जीने का नाम जिन्दगी कहते सभी हैं पर
मेरे लिये तो मजबूरी लगती है जिन्दगी

*- पर्वतों की ओट में, पृ. सं. ४६*

## ४.७ अमानवीयताप्रति चिन्ता

आजभोलि मानवताको हत्या हुन थालेको छ । मान्छेमा अमानवीय भावना बढ्दै गएको छ । बाहिरबाट हेर्दा सुकिला र मुकिला देखिने मानिसहरूको आन्तरिक चित्त राक्षसी भईसकेको छ । यस्तो अमानवीयताप्रति गजलकार अश्क चिन्तित हुन्छन् । यसप्रकारका चिन्ता-भाव उनका कतिपय गजलहरूमा तरङ्गित पनि भएका छन्, एक शेर हेरौँ:

जे ना होला ऊ लउके इहाँ आदमी
ऊ ना होला जे लउके इहाँ आदमी

आदमिए हउवे आदमखोर जानवर
घुमे गली–गली बनके भलादमी ।

*– अभी बाकी बा, पृ सं ४१*

अर्थात् मान्छेहरू बाहिरबाट जसरी देखिन्छन् , वास्तवमा त्यस्ता हुँदैनन् । मान्छे नै मान्छे खाने जनावर हुन्, चारैतिर भलादमी भएर घुम्दैछन् । मानवताको स्वाँङ्ग रच्ने तर

गरीब, निमूखाहरूलाई लुट्ने, शोषण गर्ने अमानवीय चरित्रको उद्घाटन अश्कको निम्न शेरमा भएको देखिन्छ –

अरुलाई चुस्ने मानवको बानी कस्तो
अरुलाई मुछ्ने मानवको बानी कस्तो

मानवताको आडमा निमुखा गरीब
हरूलाई लुट्ने मानवको बानी कस्तो

*-जीवनको लेक र बेसी, पृ. सं. ३४*

मान्छेको जात नै स्वार्थी हुन्छ । आफ्नो स्वार्थ पूरा भईसकेपछि केही मतलब राँख्दैन । गजलकार अश्कले आफ्नो प्रस्तुत शेरमा मान्छेका स्वार्थी प्रवृत्तिलाई कुशलतापूर्वक अभिव्यक्त गरेका छन्, हेरौं :

मतलब निकल गइला पर मतलबी हँसेला
जीवन निगल गइला पर अजनबी हँसेला

*- बेकहल जीन्दगी, पृ. सं. १६*

मान्छे जातपात, ऊँच, नीच, धनी र गरीबको रेखा कोर्छन, यसैको कुरागरी व्यर्थमा जीवन गुमाउँछन् । यस भावलाई गजलकार अश्कले यसरी व्यक्त गरेका छन् -

जातपात ऊँच नीचको, धनी र गरीबको
कुरा गरी सारा गाउँ सत्य ढाँटन् थाल्यो

*-प्रेमान्तर, पृ. सं. १९*

## ४.८ सामाजिकता

गजलकार अश्क समाजबाट कच्चा पदार्थ लिन्छन् , रचना निर्माण गर्छन् र समाजकै लागि बनाएर सामाजीकरण गर्छन् । वस्तुतः गोपाल अश्क सामाजिक यर्थाथलाई प्रस्तुत गर्ने गजलकार हुन् । समाजलाई प्रभावित पार्ने व्यक्तिगत जीवन चरित्र, आर्थिक भिन्नता, तल्लो-उपल्लो जातिमा रहेको भेदभाव, धार्मिक भावना आदि तत्त्वहरूलाई आफ्ना गजलहरूमा अङ्कित गर्नमा सफल देखिन्छन् ।

हिजोआज सम्बन्धको मृत्यु भएझैं लाग्छ । किनभने मातापिता, पतिपत्नी, भाइ-भाइबीच मधुर सम्बन्ध देखिँदैन । यस्तै भावलाई निम्न शेरमा अनुभूत गर्न सकिन्छ :

झूठ के गीत गाईं कब ले
ठूंठ से प्रीत पाईं कब ले

भाई, भाई के बनल दुश्मन
राम भरत के दाईं कब ले

*- अभी बाकी बा, पृ सं १३*

यति मात्र होइन, सामाजिक र वैयक्तिक सम्बन्धमा कतिको विचलन आइसकेको छ भन्ने कुराको बलियो प्रमाणको रूपमा अश्कका निम्न शेर राख्न सकिन्छ –

देवर, भतार बनल जाता
सीता, लक्ष्मण पाई कब ले

*- अभी बाकी बा, पृ.सं. १३*

भनाइको अर्थ के हो भने अहिले देवर नै पति बन्न थालेको छ । यस्तो विकृत परिस्थितिमा कुन सीता (भाउजू) ले लक्ष्मण (देवर) पाउँछिन् ।

वर्तमान सामाजिक परिवेशको चित्रण गजलकार अश्कले निकै सौन्दर्यका साथ गरेका छन् । उनको विचारमा जब चिनेजानेका व्यक्ति नै अपरिचित हुन जान्छन् भने मान्छेको मान्छेत्व समाप्त हुन जान्छ । त्यसैगरी हिजोआज मन जसलाई भाइ मान्छ, पछि गएर उ नै अंशियार बन्न थाल्छ । यस भावनालाई बोकेको एक शेर हेरौं:

जब चिन्हार अनचिन्हार हो जाला
तब आदमी बनभिलार हो जाला

आज जेके मन भाई बनावेला
काल्ह् उहे पटिदार हो जाला

*-अभी बाकी बा,पृ. सं. १४*

पति पत्नीबीचको सम्बन्ध हिजोआज असमझदारीको तुँवालोभित्र गुम्सिरहेको छ । एकले अर्कोमाथि बुझ्न नसकेको भनी आरोप लगाएको देखिन्छ । यस भावनाको प्रस्तुतीकरण हेरौं :

आज तक ना ऊ हमके समझ पइली,
अइली कुछ करे ला आ कुछ कइली ॥

बीत गइल सउँसे उमरिया समझावत,
भईली गील ना तनिको समझ पइली ॥

*- अभि बाकी बा, पृ.सं. २१*

अर्थात् आजसम्म मलाई उनले बुझ्न सकिनन्, के गर्न आएकी थिइन, के गरिन । जीवन सम्झाउँदैमा वित्यो तर उनी बुझ्न सकिनन् ।

समाजमा एउटा भाव लगभग हरेकबाट तरङ्गित भईराखेको हुन्छ । एकले अर्कामाथि मैले जसको लागि जीवन बर्बाद गरेँ उसबाट नै धोका पाएँ अरूलाई के भनू , आफ्नै मान्छे शत्रु निस्क्यो भनी आरोप लगाउँछन् । गजलकार अश्कले आफ्नो एक शेरमा यस भावलाई बडो इमान्दारीका साथ अभिव्यक्त गरेका छन् :

अनका के का कहीं आपन बेगाना भईल
हमरा ला हमर जीवन दुखके तराना भईल

जेकरा ला कइली चोरी कहेला उहे चोर
देखीं आज भलाई के कइसन नजराना भइल

*-अभी बाकी बा, पृ सं. २८*

हाम्रो समाजमा अहिले अशान्तिको वातावरण छाएको छ । पहिला-पहिला भूतसँग डर लाग्थ्यो, अहिले मान्छेसँग डर लाग्छ । लाग्छ यो दुनियाँ लाशको घर हुन पुगेको छ । यस भावलाई हामी गजलकार अश्कका निम्न शेरमा अनुभूत गर्न सक्छौँ –

कि मात्र एउटा मानिसकै डर हो,

दुनियाँ होइन यो लाशकै घर हो
आतङ्कको सुन्ने बितिकै बोलबाला
लाग्छ मलाई यो मेरै शहर हो ।

*-जीवनको लेक र बेसी, पृ सं १२*

आमा र श्रीमतीको लडाइमा पुरुष निरीह बन्न पुग्छ । उसको जीवन कष्टप्रद हुन जान्छ । किनभने उसलाई आमा र श्रीमती दुवै प्यारा लाग्छन् । अश्कले यस भावलाई कुशलताका साथ प्रस्तुत गरेका छन् :

माँ भी प्यारी हैं , पत्नी भी प्यारी है
मेरी जिन्दगी तो इन्हीं की मारी है

*-पर्वतो की ओट में, पृ सं १६*

हाम्रो यस समाजमा गरीव र धनीबीच अझैं पनि ठूलो भिन्नता रहेको छ । कोही महलमा सुत्ने अवसर पाउँदैनन् भने कोहीसँग एउटा सानो छाप्रो नभएर जीवन बिताउन गाह्रो हुन्छ । यो कहालीलाग्दो स्थितिको वर्णन गोपाल अश्कले यसरी गरेका छन्, हेरौं :

तंग कोठरी मे करता है, कोई गुजर–बसर
पाता फूर्सत न कोई महल में सोने के लिये ।

*-पर्वतों की ओट में, पृ.सं. ३७*

यसरी सामाजिक विसङ्गतिहरूलाई गजलकार गोपाल अश्कले आफ्ना गजलहरूमा निकै कुशलतापूर्वक अभिव्यक्त गरेका छन् ।

## ४.९ श्रृङ्गार

जीवनमा श्रृङ्गार अर्थात् प्रेम, प्रणय, मिलन, बिछोड आदि भावजन्य अनुभूतिको निकै ठूलो महत्त्व रहेको छ । जीवनमा गरिएको अनुभव अनुभूतिलाई साहित्यमा उतार्ने काम साहित्यकारहरूबाट भएको नाताले साहित्यमा पनि श्रृङ्गारको त्यतिकै ठूलो महत्त्व रहेको

छ । साहित्यका नौ रसमध्ये श्रृङ्गार रसलाई उच्च स्थान प्राप्त रहेको छ । गजलको पारम्परिक विषय पनि प्रेम नै रहेकोले विशेष रूपमा गजलका लागि श्रृङ्गारको अति ठूलो महत्त्व र स्थान रहेको छ । गजलकार गोपाल अश्कका गजलमा पनि श्रृङ्गारभाव पाइन्छ ।

प्रेमी र प्रेमिका आदिको चित्रण र त्यसबाट उत्पन्न भएको आशा, निराशा, सन्तोष, असन्तोष, कुण्ठा आदिको भावना पनि गजलकार अश्कका गजलहरूमा पाइन्छन् । उनी प्रेमलाई सर्वोच्चसत्ता नै मान्छन् । यहाँसम्म कि प्रेमलाई केन्द्रीय विषय बनाई गजलमहाकाव्य 'प्रेमान्तर' नै लेखेका छन् । तर गजलकार अश्कले आफ्नो प्रेमलाई विषयभोगको विषय बनाएका छैनन् । प्रेमलाई काँडा मान्ने सामाजको लागि अपराध मान्नेहरूलाई जवाफ फर्काउँदै भन्छन् ।

कसले भन्छ काँडा साथी तिमी त फूल रहेछ्यौ
वासना छर्ने पिरतीको तिमी त फूल रहेछ्यौ

*- प्रेमान्तर, पृ.सं. ९*

सच्चा प्रेमी प्रेमिकाहरू आफ्नो प्रेमलाई चर्चा परिचर्चा र परिहासको विषय बनाउँदैनन् । बरू पीडालाई छातीभित्र लुकाई जीवन जिउँछन्, एक शेर हेरौं:

दर्द सीने मे छुपाकर जिया करते हैं
तेरी उल्फत का हम दाद दिया करते हैं

*- पर्वतों की ओट में, पृ.सं. २०*

प्रेमको अन्य रूप अश्कको प्रस्तुत निम्न शेरमा देख्न सकिन्छ ।

दिल का अरमान है कि मैयत पे चली आना
मरने वाले की रूदाद सुना करते है ।

*- पर्वतों की ओट में, पृ.सं. २०*

अर्थात् म त पीडालाई छातिभित्र साँची बाँचिरहेको छु । तर पनि तिम्रो प्रेमलाई उच्च मानेको छु । मेरो अन्तिम इच्छा यहि रहेको छ कि जब म मरूँ, तिमी मेरो मलामी आउनु ।

प्रेममा धोका दिनेप्रति गजलकार अश्क घृणाको भावना व्यक्त गर्छन् र शेरमा यसरी अभिव्यक्त गर्छन् :

मैने समझा था जिन्हे फूल वो पत्थर निकले
प्याली अमृत की नहीं वो तो जहर निकले

जिनकी रहमत को समझ बैठा था अपना मैं
मेरी उम्मीद के कातिल वो रहबर निकले

*-पर्वतों की ओट में, पृ.सं. ३१*

अर्थात् मैले जसलाई फूल ठानेको थिएँ, त्यो त काँडा निस्क्यो, जसलाई अमृत ठानेको थिएँ, विष निस्क्यो । मैले जसलाई आफ्नो सारा भावना मानेको थिएँ, त्यो त मेरो विश्वासको हत्यारा निस्कियो ।

प्रेम कहिले, कोसित, कसरी हुन जान्छ, त्यो कसैलाई थाहा हुँदैन । तर जब त्यसको अनुभूति हुन्छ, मान्छेको सोच बदलिन्छ । दुनियालाई हेर्ने दृष्टि बदलिन्छ र उ सोंच्छ:

मेरो मनको फूलवारीमा यसरी आउने को होला ।
पिरतीको भाखा हाली गीत गाउने को होला ।

*- प्रेमान्तर, पृ.सं. ७*

तर त्यही, जब प्रेमको शास्वत स्थितिमाथि आघात पुऱ्याइन्छ, प्रेमी वा प्रेमिकाबाट, तब प्रेम मन यसरी पोख्न बाध्न हुन जान्छ :

तिमीलाई भेटेर भूल गरे जस्तो लाग्छ
कुबाटोमा पिरतीको फूल छरे जस्तो लाग्छ

*- प्रेमान्तर, पृ.सं. ५६*

यसरी के भन्न सकिन्छ भने गजलकार गोपाल अश्कका गजलमा प्रेमभावहरू शिष्ट रूपमा अभिव्यन्जित छन्, अश्लील रूपमा होइन । उनी आफ्नो नाम प्रेमिकाले चाहनेहरूको सूचीमा लेखाउन चाहन्छन् र कति शिष्ट भाषा र शैलीमा भन्छन्, हेरौँ:

अपने चाहनेवालों में मुझे भी शामिल कर लो
ले सकूँ नाम तेरा मैं भी इस काबिल कर लो

*- पर्वतों की ओट में, पृ.सं. ४३*

## ४.१० प्रकृति चित्रण

यसो अध्ययन गर्दा गजलकार गोपाल अश्कका गजलहरूमा मान्छेको प्रवृत्ति र प्रकृतिको चित्रण अत्यधिक पाइए तापनि प्रकृतिको चित्रण निकै कम मात्रामा पाइन्छ । तर प्रकृतिलाई मानवीकृत गरी चित्रण गरिएको पाइन्छ । गरीब र साउनको वर्षातको सम्बन्ध कस्तो हुन्छ त्यसको वर्णन प्रस्तुत शेरमा राम्ररी भएको छ, हेरौं :

फुस के मडइया बरसात के महीना
कइसे बिताईं दिन रात अब कहीं ना
एको बुनी गिरे ना घर के बहरिया
सेजिया के बीचोबीच चूए करमहीना

- *अभी बाकी बा, पृ. सं. २६*

छाप्रोको घर र वर्षातको महीना, म रात कसरी बिताऊँ, घर भित्र पानी-पानी छ । सुत्ने खाटमै पानी चुइरहेको छ , के गरूँ ।

मौसम बदलिरहन्छ । व्यक्तिको स्वभाव र प्रवृत्ति बदलिँदैन । यस भावलाई प्रस्तुत शेरमा अनुभूत गर्न सकिन्छ :

आदमी हईं, मौसम ना कि हम बदल जाईं
हवा के रूख सँग पतई अस उडल जाई

- *अभी बाकी बा, पृ सं. ३१*

म मान्छे हुँ, मौसम होइन, कसरी बदलूँ । हावा सँगसँगै पातझैं उडी हालूँ कसोरी ।

तथापि गजलकार गोपाल अश्कका एकाध गजलमा प्रकृतिचित्रण र आफ्नो गाउँ ठाउँको राम्रो वर्णन भएको देखिन्छ, हेरौं :

याद आ रहल बा हमर सुन्नर गाँव
आम, इमली, नीमवा पीपर के छाँव

- *अभी बाकी बा, पृ सं. ३३*

फूस के मड़ूइया आ चुअत असोरा
धनिया के राखल कटोरा ठांव ठांव

धान, गेहूँ , सरसों  के झुमत किअरिया
के बीचवा मे नाचत खुशियन के पांव

*- अभी बाकी बा, पृ.सं. २६*

हिमालको काखमा यौटा सुन्दर गाउँ
रहेछ प्रेमनगर साथी त्यसको नाँउ

उत्तर पट्टि हिमालय वन हाँसिरहेछन्
बसि दिऊँ म पनि कि, किन कतै जाऊं

*- प्रेमान्तर, पृ.सं. ३*

अर्थात् उपर्युक्त दुई गजलांशको के भाव रहेको छ भने मेरो गाउँको सम्झना आइरहेको छ । आँप ,इमली , नीम र पीपलको छायाँको सम्झना आइरहेको छ । मेरो छाप्रोको घर र वर्षात्को मौसममा मेरी श्रीमतीले पानी रोक्नकोलागि चारैतिर कचौरा राखेको सम्झना आइरहेको छ । यसरी के  भन्न सकिन्छ भने गजलकार अश्कका गजलमा प्रकृतिको यथार्थ रूपमा चित्रण गरेको पाइन्छ र प्रकृतिलाई पनि मानवीकरण गरेको पाइन्छ ।

## ४.११ वैयक्तिक भावना

सर्जकहरू पनि निराशा , आशा, संतोष, असंतोष, कुण्ठा आदि नितान्त वैयक्तिक भावनामा बगेका हुन्छन् । वा यो भनौं यस प्रकारका तथ्यको बोध गरेका हुन्छन् र त्यो भावनालाई आफ्नो रचनामा पनि समेटेका हुन्छन् । कतिपय खप्पिस भइसकेका सर्जकहरू त आफ्नो स्वअनुभूतिलाई पनि सबैको लागि झैं बनाइ पस्केका हुन्छन् । गजलकार गोपाल

अश्कका गजलहरूमा वैयक्तिक भावनाको विस्तार चित्रण भएको पाइन्छ । लाग्छ, अनुभूति हो तर किटानका साथ भन्न मिल्दैन ।

व्यक्तिको जीवन कहिलेकाँही भार बनिसकेको हुन्छ । ऊ बाँचिरहेको हुन्छ तर मृत्युझैं, एक शेर हेरौं :

आफ्नै जीवनको भार बोकेर हिँड्दै छु,
आफ्नै मरणको भार बोकेर हिँड्दै छु

गन्तव्यहीन यात्राको हुँ एउटा यात्री म,
आफ्नै मरणको भार बोकेर हिँड्दै छु

- *जीवनको लेक र बेसी, पृ.सं. ८*

कहिलेकाँही त यस्तो अनुभव भइराखेको हुन्छ कि यदि इज्जतको ख्याल नहुँदो हो भने अमूक पीडा लिई बाँच्ने थिएनन् । यो वाध्यतालाई अश्कले यसरी अभिव्यक्त गरेका छन् :

इज्जत के नाम प' मुअत बानी
घूट- घूट के जिन्दगी जीयत बानी

- *अभी बाकी बा , पृ सं १६*

घरपरिवारमा जब विसङ्गति आउँछ, नाता-सम्बन्धमा जब अनेकौं प्रकारका समस्या आउँछन् । जब घरको मुखियालाई घरमा अन्य सदस्यबाट उपेक्षित गरिन्छ अनि नैराश्यको भावना उत्पन्न हुन जान्छ । उसलाई लाग्छ, उसले त घर बनाएको थियो, भवन होइन, उ त यो घरको एउटा प्रमुख सदस्य थियो, पाहुना होइन । प्रस्तुत शेरमा यो भाव तरङ्गित छः

घर था पहले मगर अब मकान हो गया
सच है कि सुनसान श्मशान हो गया

कल तक था मै इस घर का भलाबुरा सोचनेवाला
आज अपनो के बीच एक मेहमान हो गया

- *पर्वतों की ओट में, पृ.सं. ५२*

जब मान्छे नैराश्यबाट पीडित हुन्छ अनि जीवन र मृत्युमा फरक देख्दैन । जीवन जिउनको लागि रक्सी आदि मादकपदार्थको सेवन गर्न थाल्छ । यस्तो भावनाको पनि दर्शन गजलकार अश्कका गजलहरूमा पाउन सकिन्छ , हेरौँ :

मत करो बात मरने या फिर जीने की
लग गयी है आदत हर शाम अब पीने की

*- पर्वतों की ओट में, पृ.सं. ६१*

परिणामतः पति र पत्नीको सम्बन्ध चिसीन पुग्छ । सम्बन्धबिच्छेदको कुरासम्म हुन जान्छ । पहिला सँग-सँगै जीवनको बाटो हिँडने  भनेको जोडी पृथक हुन बाध्य हुन्छन् ।

देखते-देखते हम दूर हो गये
दूरियाँ के लिये मजबूर हो गये
नाम तो   कर न सके अच्छों मे शामिल
बद मे लेकिन बहुत मशहूर हो गये

*- पर्वतों की ओट में, पृ.सं. ६६*

साँच्चिकै भन्ने हो भने गजलकार अश्कका गजलमा नैराश्य भावनाको चित्रण अत्यधिक रूपमा भएको पाइन्छ । तर यसको अर्थ यो होइन कि उनी निराशावादी गजलकार हुन् । उनको  गजलमा आशावादी स्वरहरू पनि त्यतिकै सबल रूपमा मुखरित छन्, केही शेर हेरौँ :

जिन्दगी के बात पर जिन्दगी लुटाइने
हम इहाँ बहार के गीत गुनगुनाइने

*- बेकहल जिन्दगी, पृ.सं. १*

करे काहे सड्क के आदमी से आदमी  नफरत
सड्क के आदमी से ही बढेला जिन्दगी ससरत

*- बेकहल जिन्दगी , पृ. सं. ५४*

फूल बनके फुलल खिलल जाई
जिन्दगी से गला मिलल जाई

*- बेकल जिन्दगी, पृ.सं. ४७*

यसरी के भन्न सकिन्छ भने गजलकार गोपाल अश्कका गजलहरूमा सामाजिकता, आर्थिक विपन्नता, राजनैतिक विकृतिप्रति आक्रोश, वैयक्तिक आशा, निराशा, सङ्गति, विसङ्गति आदि जस्ता विषयवस्तुको कुशलतापूर्वक समाहित गरेका छन् । गजलकार अश्कले मूलरूपमा मान्छेको जिजीविषा र समसामयिक विषयवस्तुको स्पर्शद्वारा मानवीय सङ्कटापन्न अन्तस्करणलाई शल्यक्रिया गर्न चाहेकाले अधिकांश रचनामा यिनी अत्यन्त सफल छन् भन्ने रमेश गोर्खालीको भनाइसँग स्वीकृत जनाउन सकिन्छ ।

यति मात्र होइन, गजलकार गोपाल अश्कका गजलहरूमा शब्दविन्यास आदिको पनि उल्लेख्य रहेकोछ । यिनले  लयको निर्वाह सचेतताका साथ गरेका छन्, पद लालित्यको प्रयोग गरेका छन् र आफ्ना शेरहरूलाई मुक्तकीयता प्रदान गरेका छन् । डा. कृष्णहरि बरालको भनाइ अक्षरशः सही देखिन्छ, “लयको निर्वाह सचेतताका साथ गरिएका यिनका गजलहरू काफिया प्रयोगका दृष्टिले पनि निकै बलिया छन् भने विषयवस्तुगत विविधता पनि यिनमा प्रशस्त  पाइन्छ । पदलालित्यको प्रयोगका साथै शेरहरूलाई मुक्तकीयता प्रदान गर्ने सन्दर्भमा पनि यिनले जुन शक्ति प्रदर्शन गरेका छन् त्यो आफैँमा सह्रानीय छ ।” (बेकहल जिन्दगी बाट)

## ४.१२ निष्कर्ष

गजकार गोपाल अश्कको गजल लेखनको कालखण्ड त्यति लामो नभए पनि सह्रानीय चाहिँ अवश्य रहेको छ । प्रारम्भिक चरणका गजलहरू सिद्धान्त र विषयवस्तु दुवै दृष्टिकोणले त्यति सबल थिएनन् तर पछिल्ला चरणका अर्थात् २०६२ देखि लेखिएका गजलहरूमा विषयगत विविधता र गजल व्याकरणको पालना रहेको देखिन्छ । प्रेम र त्यसका अन्य पक्ष मिलन एवम् विछोड दुबैका अनुभूतिको सशक्त प्रस्तुतीकरणका साथै सामाजिक यथार्थको अभिरेखाङ्कन गजलकार अश्कका गजलहरूमा पाइन्छ ।

वस्तुतः गजलकार अश्कका गजलहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने यिनी सामाजिक विषयवस्तुलाई टपक्क टिपेर शब्द संयोजनको माध्यमबाट शेरहरू सृजना गर्ने स्रष्टा हुन् । निम्न र मध्यम वित्तीय जीवनको यथार्थ चित्रण यिनका गजलहरूमा देख्न

सकिन्छ । कतिपय शेरहरूमा गजलकार स्वयं विषयवस्तु बनेका छन् । समाजलाई नजिकबाट हेरेर त्यहाँको भोक, तिर्खा, थकाइ, हार, विघटित संस्कृति, विकृतसभ्यता, असन्तुलितव्यवस्था, क्षत–विक्षत आचरण जस्ता सन्दर्भहरू नै यिनका गजलका कच्चा प्रदार्थ हुन् । पीडा र द्वन्द्वको परिवेशभित्रका यिनका गजलमा सामाजिक परिवर्तनको आकांक्षा पनि प्रतिबिम्बित भएको  पाइन्छ ।

गजलकार अश्कको गजलकारिताको बारेमा भन्ने हो भने उनको समय हो । यिनको उमेर पनि मध्यमा रहेको छ । अझ साधना बाँकी छ । सामाजिक सचेतना, मान्छेको जिजीविषा, युगबोध र शब्द सौन्दर्यले श्रृङ्गारिएका अश्कका गजलहरू आधुनिक नेपाली गजल जगत्का लागि नीधि हुन् । गजलकार अश्कले उद्घोष गरेका छन्:

मत समुझी रउआ एके अश्क के अन्तिम पाती<br>
ई त यात्रा प' ह महज एगो अर्ध-विराम बाटे ।

यसरी अश्कको गजलकारितामा रहेको अर्द्धविरामलाई हेरेर भन्ने हो भने गोपाल अश्कलाई एक उम्दा गजलकार भन्न सकिन्छ ।

# अध्याय - पा“चौ“

## शैलीशिल्पका दृष्टिकोणले गोपाल अश्कका गजलहरूको अध्ययन

अहिले पनि गजललाई सुरा र सुन्दरीको बखान गर्ने काव्यविधाको रूपमा मान्नेहरू अधिकाधिक मात्रामा देखिन्छन् । यस्तो विचार राख्नेहरूको भनाइमा गजलको केन्द्रीय विषय स्त्रीको वा स्त्रीसँगको कुराकानी र प्रेम नै रहेको छ । गजलकार गोपाल अश्कको भनाइमा गजल स्त्रीसँगको वा स्त्रीको कुराकानी प्रस्तुत गर्ने एक विधा भएको तर स्त्रीसँग मात्र प्रेमप्रणयकै कुराहरू नहुने भएकोले गजल एक सम्मानित एवं लोकप्रिय काव्य विधा हो । गजलकार गोपाल अश्कको भनाइअनुसार, “गजल आफैँमा एउटा कठोर अनुशासन पद्धति र काव्यसिद्धान्त बोकेको स्वतन्त्र काव्यविधा हो जसमा विषयगत विविधता र मानवमनमा रहेका लहरलाई समेट्ने कला सन्निहित हुन्छ । मानवमनका व्यथा, कथा र भोगाइलाई कलात्मक र आकर्षक ढङ्गले प्रस्तुतीकरण गर्न सक्ने साहित्यिक विधा गजल हो, जसको आफ्नै मीमांसा रहेको छ ।”[१]

गजलसम्बन्धी आफ्नो मान्यतालाई उद्घोष पनि गरेका छन् , अश्कले, “मैले मन बहलाउन गजल लेख्या होइन वा आफ्नो प्रियतमाको बारेमा बयान दिन गजल लेख्या पनि होइन् । मैले गजललाई एउटा काव्यविधाको रूपमा स्वीकार गरी काव्यात्मक साधना स्वरूप गजल लेख्या हुँ ।”[२] निष्कर्षतः के भन्न सकिन्छ भने गजलकार गोपाल अश्कको गजलकारिता गजललाई राम्ररी बुझेर अगाडि बढेको छ । गजलसम्बन्धी एक ठोस विचार धारामा उभिएका देखिन्छन्, गजलकार अश्क । निश्चय पनि गजल लेखन गजलकार अश्कको यौवनावस्थाको अनुभूतिलाई मात्र प्रष्ट्याउने साधन होइन, यो त उनको काव्य साधना हो । गजल सम्वन्धी मान्यता राख्दै गजलकार अश्क भन्ने गरेका छन्, “बहरमा मात्र लेखिएका गजलहरू राम्रा हुन्छन् भन्ने होइन, बहरमा मात्र लेखिएका गजलहरू भन्दा स्वनिर्मित लयमा लेखिएका गजलहरू अत्यधिक प्रभावोत्पादक देखिएका छन् । तर त्यसको गजल लेख्ने कला चाहिन्छ, आफ्नो भनाइलाई प्रस्तुत गर्ने ढङ्ग चाहिन्छ ।”[३] यसरी गजलकार गोपाल अश्क गजललाई केटाकेटीको खेल मान्ने पक्षमा छैनन् । ‘गजल त बडो परिश्रम र कठिन साधनाको फल हो भन्छन् ।

---

१. डा. घनश्याम न्यौपाने ‘परिश्रमी’, गजल सौन्दर्य मिमांसा, पृ.सं. ११-१२ ।
२. गोपाल अश्क, जीवनको लेक र बेसी, २०५६, पृ.सं. ६ ।
३. शोधनायक गोपाल अश्कसँग गरिएको प्रश्नावलीको आधारमा ।

हामीले गजलकार अश्कको गजल सम्बन्धी मान्यताबारे जान्ने क्रममा के अवगत गरेका छौँ भने गोपाल अश्क गजलको स्वरूप र शिल्पप्रति अधिक सजग देखिन्छन् र उनले स्वीकार पनि गरेका छन् कि गजल एउटा कठोर अनुशासनमा रचिने स्वतन्त्र काव्य विधा हो । एकातिर उनी गजलको व्याकरणप्रति सजग हुनका लागि आग्रह गर्छन् भने अर्कोतिर उनी बहरबद्ध गजलहरूमात्र राम्रा हुन्छन् भन्ने विचारमा पनि सहमत देखिँदैनन् । स्वनिर्मित लयमा रचिएका गजलहरू पनि निकै राम्रा र लोकप्रिय रहेका छन् । यस अध्ययनमा हामी गजलकार गोपाल अश्कका गजलहरूको गजल सिद्धान्तको दृष्टिकोणले अध्ययन गर्नेछौँ र उक्त अध्ययनको लागि गजलका आवश्यक तत्त्वहरूको जानकारी तथा उक्त तत्त्वहरूको पालन वा प्रयोगप्रति अश्कको सजगताबारे जानकारी लिने छौँ ।

## ५.१ अश्कका गजलमा रूप (बाह्य संरचनात्मक ) पक्ष

प्रारम्भिक चरणमा लेखिएका गजलहरूमा संरचनात्मक दोष देखा पर्दछन्, केही कमजोर देखिन्छन् । तर पछिल्ला चरणमा लेखिएका गजलहरूमा यो दोष हराउँदै गएको देखिन्छ । अर्थात् गोपाल अश्कका पछिल्ला चरणका गजलहरू संरचनाको हिसाबले अत्यन्तै सबल र उत्कृष्ट  देखिन्छन् । डा. घनश्याम न्यौपाने 'परिश्रमी' को भनाइअनुसार, "गोपाल अश्क शास्त्रीय बहरहरूमा सजगतापूर्वक गजल लेख्न अभ्यस्त भइसकेका छन् । सबै गजल शास्त्रीय बहरमा रचिएकाले यिनमा गेयता गुणमा कुनै त्रुटि वा कमी छैन ।"[४] तर यो भनाइको सार्थकता अश्कका पछिल्ला चरणमा लेखिएका गजलहरूबाट मात्रै सिद्ध हुन्छ । किनभने प्रारम्भिक चरणमा प्रकाशित यिनका गजलकृति अभी बाकी बा र 'जीवनको लेक र बेसी' मा सङ्कलित रहेका गजलहरू स्वनिर्मित लय र मात्रामा लेखिएका छन् । यिनको भोजपुरी गजल सङ्ग्रह 'अभी बाकी बा' मा जम्मा ५१ वटा गजलहरू रहेका छन् भने 'जीवनको लेक र बेसी' मा पनि ५१ वटा गजलहरू सङ्कलित रहेका छन् । यिनका गजलहरूमा प्राय : पाँचवटा शेरहरूको संयोजन रहेको पाइन्छ । यद्यपि केही गजलमा तीन शेर पनि संरचित देखिन्छन् । समालोचक रमेश गोर्खालीको भनाइअनुसार, "प्राय : गजलहरू चार र पाँचवटा शेरहरूको पुञ्ज बनेको छ तथा तिनले आफ्नो समुपस्थिति प्रभावकारी ढङ्गमा गर्न सकेका छन् । यिनको गजलात्मक संरचनामा काव्यिक दृष्टिले मक्ताभन्दा मतलाले प्रस्तुतीकरणमा आफूलाई सन्तुलित र वजनदार तुल्याइएको पाइन्छ ।"[५] यहाँ हामी के थाहा पाउँछौँ भने गजलकार गोपाल अश्कले आफ्नो गुणका प्रथम (मतला) शेरमा

४. गोपाल अश्क, बेकहल जिन्दगी, पृष्ठ भूमिकाबाट ।
५. गोपाल अश्क, जीवनको लेक र बेसी, भूमिकाबाट ।

नै प्रभाव भर्ने काम गर्छन् । यिनको एक मत्लाको शेर हेरौं :

आफ्नै जीवनको भार बोकेर हिँड्दैछु
आफ्नै मरणको भार बोकेर हिँड्दैछु ।
– *जीवनको लेक र बेसी, पृ.सं. ८*

गजलको पहिलो दुई मिसरा (पङ्क्ति) को जोडलाई मतलाको शेर भनिन्छ र गजल को अन्तिम शेर जसमा गजलकारको तखल्लुस (उपनाम) वा नाम राखिएको हुन्छ त्यसलाई मक्ताको शेर भनिन्छ । गजलकार गोपाल अश्कले यस्ता मक्ताको निकै शेर लेखेका छन् एवम् स्वाभाविक ढङ्गबाट लेखेका छन् । आफ्नो उपनाम अश्क (आँसु) को राम्रो अर्थ खुल्ने गरी प्रयोग गरेका छन् । कहीँ-कहीँ त यिनले आफ्नो उपनामको प्रयोग मतला र बीचका शेरहरूमा समेत गरेका छन्, हेरौं –

५.१ (क) मक्ताको शेर :–

अश्क त हुँदै हो प्राणतत्व प्रेमको
हिसाब– किताब गर्ने उसूल हुँ म ।
–*जीवनको लेक र बेसी, पृ.सं. ३*

मतलाकै शेरमा उपनामको राम्रो प्रयोग गरिएको शेर ,

अश्क बाटे भरल जिन्दगी में
झुठ बाटे बरल जिन्दगी में ।
– *बेकहल जिन्दगी, पृ.सं. २९*

(अर्थात् जीवनमा आँसु भरिएको छ र झुटै झुटोको साम्राज्य छ ।)

भनाइको अर्थ केहो भने गजलकार अश्कका मतला र मक्ताका शेरहरू प्रभावोत्पादक हुने गर्छन् ।

## ५.१ (ख) तखल्लुस

यो उर्दू शब्द हो र यसको अर्थ उपनाम हुन्छ । कतिपय रचनाकारले आफ्नो रचनामा आफ्नो उपनामको प्रयोग गरिराखेका हुन्छन् । गजल लेखनमा यो परम्परा सदियौँदेखि चलिआएको छ । तखल्लुसको प्रयोग प्राय : गजलको अन्तिम शेरमा गरिन्छ र दोहोरो अर्थ दिने खालको गरिन्छ । तर कहिलेकाहीँ गजलकारले आवश्यकताअनुसार तखल्लुसको प्रयोग मतलाको वा बीचको कुनै पनि शेरमा गरेको देखिन्छ । गजलकार अश्कले प्रायः आफ्ना गजलहरूको अन्तिम शेरमा आफ्नो उपनामको प्रयोग गरेको देखिन्छ । उनको 'जीवनको लेक र बेसी' मा ५१ गजलहरू छन् । तीमध्ये १७ वटा गजलमा उपनामको प्रयोग गरिएको छ । त्यसैगरी उनको 'अभी बाकी बा' मा ५१ वटा गजलहरूमध्ये ४२ वटा गजलहरूमा उपनामको प्रयोग गरिएको छ । साथै उनको हिन्दी गजलकृति 'पर्वतों की ओट में' का ७२ वटा गजलहरूमध्ये ५० गजलहरूमा उपनाम अश्कको प्रयोग गरिएको छ । यिनको भोजपुरी गजल सङ्ग्रह 'बेकहल जिन्दगी' का ७२ वटा गजलहरू मध्ये ४२ वटा गजलहरूमा उपनामको प्रयोग गरेको देखिन्छ । यसरी हामी के थाहा पाउँछौँ भने गजलकार गोपाल अश्क गजलको परम्परागत नियमादिलाई अक्षरशः पालन गर्ने गजलकार हुन्, सफल गजलकार हुन् ।

## ५.१ (ग) काफिया

गजलका प्रमुख तत्त्वहरूमध्ये काफिया अत्यधिक महत्त्वपूर्ण तत्त्व हो । यसको अभावमा गजलको संरचना नै हुँदैन । यदि बिना काफियाको कसैले गजल भनी लेखेका छन् भने त्यो गजल होइन, गजलको नाउँ दिएर लेखिएको अन्य रचना हो । प्रत्येक शेरको मिसरा ए सानीमा, बारम्बार आउने बेजोड शब्द वा वाक्यलाई काफिया भनिन्छ । काफियाबिना गजल बन्न सक्तैन तर यो पनि यथार्थ हो कि मात्र काफिया मिलाइँदैमा गजल हुँदैन । गजलकार अश्क काफियाको निर्वाहमा निकै गम्भीर र सचेत छन् । डा. कृष्णहरि बरालको भनाइमा स्वीकृति जनाउन सकिन्छ, "लयको निर्वाह सचेतताका साथ गरिएका यिनका (अश्कका) गजलहरू काफिया प्रयोगका दृष्टिले पनि निकै बलिया छन् भने विषयवस्तुगत

विविधता पनि यिनका प्रशस्तै पाइन्छ ।"[६] गोपाल अश्कले समकाफिया र विषम (आंशिक) काफिया दुवैको राम्रो प्रयोग गरेका छन्, एकाध शेर हेरौं :

लोरा गइल जिन्दगी भोरा गइल जिन्दगी
गावे कथी अश्क अब मोरा गइल जिन्दगी
बाटे भइल का उहाँ कुछ भी पता ना चलल
बेचारगी देख लीं झोरा गइल जिन्दगी[७]

– *बेकहल जिन्दगी, पृ.सं. ३९*

जिन्दगी बिनाको तन भए पनि लास हुन्छ
जिन्दगीको छहारीमा मृत्युकै त्रास हुन्छ
हुँदैन कहिले पनि जुनेली रात त्यहाँ त
जहिले पनि औँसीकै रातको आभास हुन्छ ।

– *प्रेमान्तर , पृ. सं. ६९*

प्रस्तुत गजलांशमा माथिको शेरहरूमा प्रयुक्त भएका लास र त्रास समकाफिया हुन् भने दोस्रो शेरको दोस्रो पङ्क्तिमा प्रयुक्त भएको आभासको भास शब्द काफिया विसमकाफिया हो । यसरी के भन्न सकिन्छ भने गजलकार अश्क काफियाको प्रयोगमा निकै सचेत छन् र स्वाभाविक ढङ्गबाट प्रभावोत्पादक शैलीमा गर्छन् ।

## ५.१ (घ) रदिफ

गजलका आवश्यक तत्त्वहरूमध्ये रदिफ पनि एउटा आवश्यक तत्त्वको रूपमा मानिन्छ । तर यसको अनुपस्थितिबिना पनि कालजयी र राम्रा गजलहरू लेख्न सकिन्छ । भनाइको अर्थ के हो भने काफियाबिना गजल हुँदैन तर रदिफबिना गजलको निमार्ण हुन्छ । गजलका शेरहरूका अन्तिमतिर आउने एउटै शब्द वा वाक्यलाई रदिफ भन्ने गरिन्छ । गजल एउटा गायन विधा पनि हो । गाउने क्रममा रदिफयुक्त गजलका सौन्दर्यचेत बढी भएको महसुस गरिन्छ । रदिफको कोशीय अर्थ अनुगामी हुन्छ । काफिया र रदिफ दुवैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र सुमधुर तुल्याएको हुन्छ । मतलाको दुवै मिसरा र अन्य शेरहरूका मिसरा ए सानीमाको अन्तमा प्रयोग हुने उही पद वा पदावलीलाई रदिफ भनिन्छ ।

---

६. बेकहल जिन्दगी, (गोपाल अश्क) पछाडि आवरण पृष्ठबाट ।
७. उही ।

गजलकार गोपाल अश्कका प्रायः गजलहरू काफिया र रदिफको समन्वितिमा उनिएका देखिन्छन् । यसैले त यिनका गजलहरूमा लय, कला र सौन्दर्य पाइन्छ । यिनका केही गजलांशहरू उदाहरण स्वरूप यहाँ प्रस्तुत गरिएको छः

हिन्दीबाट :-

आप का अपना हीं ईमान हूँ मैं,
खुदा का खूबसूरत वरदान हूँ मैं ॥

अश्क की बयाँ नहीं झूठी होती,
एक इन्सान का अरमान हूँ मैं ॥[८]

× × × × × ×

दर्द सीने में छुपा कर जिया करते हैं,
तेरी उलफ़त का हम दाद दिया करते हैं ॥

जिन्दगी हैं कहीं तड़पती हुई जीने के लिये,
और हम मौत की फरियाद किया करते हैं ॥[९]

(उपर्युक्त शेरहरूमा काफिया र रदिफको राम्रो निर्वाह गरिएको छ । प्रथम दुई शेरहरूमा प्रयुक्त इमान , वरदान र अरमान काफिया हुन् भने हूँ मैं रदिफ हो । त्यसैगरी दोस्रो गजलांशमा प्रयुक्त भएका जिया, दिया, किया काफिया हुन्, भने करते हैं रदिफ हो ।)

नेपालीबाट :-

यो सहर हो यहाँ कोइलीको बोलीले बिहान हुँदैन
हुन्छ कङ्क्रीटतन्त्रको जालो सुन्दर माटो किसान हुँदैन

मर्ने गर्छन् युवा–युवतीहरू कुलतमा नै लागेर
हुन्छ आफैँसँग हरदम अन्त कतै चिहान हुँदैन[१०]

---

८. गोपाल अश्क, पर्वतों कि ओट में ।
९. उही ।
१०. गोपाल अश्क, प्रेमान्तर, पृ.सं. ९८ ।

तिमीलाई भेटेर भूल गरेँ जस्तो लाग्छ
कुबाटोमा पिरतीको फूल छरेँ जस्तो लाग्छ
लाग्न थाल्यो आफ्नो छाया आफ्नो शत्रु अब
जिन्दगीको खोजीमा सधैँ मरेँ जस्तो लाग्छ ।[११]

(उपर्युक्त गजलका चार शेरहरूमध्ये क्रमश : पहिला दुई शेरहरूमा प्रयुक्त भएका बिहान, किसान तथा चिहान काफिया हुन् भने हुँदैन रदिफ हो । त्यसैगरी पछिल्ला दुई शेरमा प्रयुक्त भएका गरेँ, छरेँ र मरेँ काफिया हुन् भने जस्तो लाग्छ, रदिफ हुन् । )

भोजपुरीबाट :-

बना के बहाना जिअल जा रहल बा
फटल जिन्दगी के सिअल जा रहल बा

बनल साथ बाटे जहर जिन्दगी मे
जहर हीकभर अब पिअल जा रहल बा[१२]

×××

सुहानी चाँदनी बा रात आइल रे
पिया के बात पर बा बात आइल रे

अगर भर जाय पानी आँख में उनका
समझ जा तू सजा मुस्कात आइल रे[१३]

(उपर्युक्त गजलका शेरहरूमा प्रयुक्त भएका जिअल, सिअल र पिअल तथा रात, बात , कात काफिया हुन् भने जा रहल बा र आइल रे रदिफ हुन् ।)

यसरी के थाहा पाइन्छ भने गजलकार गोपाल अश्क एक गजलको व्याकरण त्यसमा पनि अध्ययनका तत्त्वहरूको राम्ररी निर्वाह गर्ने गजलगो हुन् ।

---

११. गोपाल अश्क, प्रेमान्तर, पृ.सं. ५६ ।
१२. गोपाल अश्क, बेकहल जिन्दगी ।
१३. उही ।

यिनी आलोचक र समालोचक भएकाले पनि आफ्ना गजलहरूलाई परिष्कृत तुल्याउने काम गर्छन्, अनि मात्र समाजीकरण गर्छन् ।

## ५.१ (ङ) बहर

"बहर भनेको छन्द हो । यो अरबी 'बह्र' बाट बनेको शब्द हो । कुनै न कुनै छन्दमा बन्धित हुनु गजलको शास्त्रीय मान्यता हो ।"[१४] यसो त हिजोआज उर्दू र हिन्दीका गजलगोहरूले समेत बहरबद्ध गजल लेख्न छाडिसकेका छन् । नेपाली गजल लेखनको वर्तमान समयमा केही गजलकारहरू बहरबद्ध गजल लेखिरहेका छन् । ती गजलकारहरू मध्ये गोपाल अश्क पनि एक हुन् । यिनका 'अभी बाकी बा', 'जीवनको लेक र बेसी', 'प्रेमान्तर' तथा 'पर्वतों की ओट में' सङ्कलित रहेका गजलहरू स्वनिर्मित मात्रामा आबद्ध छन् भने 'बेकहल जिन्दगी' का प्रत्येक गजलहरू बहरमा आबद्ध छन् । यसलाई त बहरबद्ध गजलसङ्ग्रह भनी उद्घोष नै गरिएको छ । केही संस्कृत परम्पराका पिङ्गल छन्द र फारसी उर्दूका समरूपी बहरहरू निम्न छन्:

### ५.१ (ङ) ९७ पिङ्गल छन्द र फारसी उर्दूका बहरहरू

१ भुजङ्गप्रभात – बहरे मुतकारिब मुसम्मन सालिम
२ शङ्खनारी – बहरे मुतकारिब मुरब्बा सालिम
३ भुजङ्गी – बहरे मुतकारिब मुसम्मब मजहुफ
४ इन्द्रव्रजा – बहरे मुतकारिब अस्लम मकबुज
५ स्रग्विनी – बहरे मुतदारिक मुसम्मन सालिम
६ विद्युन्माला – बहरे मुतदारिक मुसम्मन मक्तुअ
७ महालक्ष्मी – बहरे मुतदारिक मुसद्दस सालिम
८ प्रमदानन – बहरे कामिल मुसम्मन सालिम
९ संयुता – बहरे कामिल मुरब्बा सालिम
१० विमोहा – बहरे मुतदारिक मुरब्बा सालिम
११ ताटङ्क – बहरे मुतदारीक मकतुअ महजुफ
१२ चन्द्र – बहरे मुतदारिक मुसम्मन महजुफ

---

१४. डा. घनश्याम न्यौपाने 'परिश्रमी', गजल सौन्दर्य मिमांसा, पृ.सं. ६० ।

१३ द्रुता – बहरे मुतदारिक मुजाहिक

१४ दिक्पाल – बहरे मुजारे मुसम्मन अखरब

१५ पञ्चचामर – बहरे रजज मुसम्मन मकबुज

१६ मधुमालती – बहरे रजज मुरब्बा सालिम

१७ हरिगीतिका – बहरे राजज मुसम्मन सालिम

१८ रूपमाला – बहरे रमल मक्तुअ महजुफ

१९ मेनका /गीतिका – बहरे रमल मुसम्मन सालिम

२० माधवमालती – बहरे रमल मुसम्मन सालिम

२१ मनोरम – बहरे रमल मुरब्बा सालिम

२२ पीयूषराशि – बहरे रमल मुसद्दस मकफूफ

२३ मलिका – बहरे रमल मुरब्बा बहजुफ

२४ विजात – बहरे हजज मुरब्बा सालिम

२५ चामर तुणक – बहरे हजज अस्तर मकबुज

२६ सुमेरू – बहरे हजज मुसद्दत महजुफ

२७ विधाता – बहरे हजज मुसम्मन सालिम

२८ तोटक – बहरे हजज अखरब अवतर मुसद्दस

२९ सिन्धु – बहरे हजज मुसद्दस सालिम

३० दिगम्बरी – बहरे हजज मुसम्मन महजुफ

३१ पीयूषवर्ष – बहरे हजज मुसद्दस महजुफ

३२ प्रमाणिका – बहरे हजज मुरब्बा मकबुज /[१५]

गजलकार गोपाल अश्कका गजलहरू विशेषत : ‘बेकहल जिन्दगी’ पछिका गजलहरू बहरबद्ध रहेका छन् । गजलकार अश्कका बहरबद्ध गजलहरूको बारेमा गजलकार डा. घनश्याम न्यौपाने ‘परिश्रमी’ ले के भनेका छन् भने, “प्रस्तुत सङग्रहमा (बेकहल जिन्दगी) समग्रतः शास्त्रीय बहरहरूमा आवद्ध गजलहरूको समाविष्टि छ । शास्त्रीय बहरहरू मूलतः मुफरद बहर ( मुल छन्द ), मुरक्कब बहर (मिश्रित छन्द) र मुजाहिक बहर (परिवर्तित छन्द) गरी तीन प्रकारका छन् । तीनै प्रकारका बहरका विभिन्न भेदहरूको कुशलतापूर्वक प्रयोग गरिएका गजलहरू यस सङ्कलनमा छन् । मूल रुक्न र

१५. डा. घनश्याम न्यौपाने 'परिश्रमी', गजल सौन्दर्य मिमांसा, पृ.सं. ६१ ।

तोडिएका रुक्न वा तोडिएका रुक्नहरूबाट मात्र बनेका बहरहरूलाई मुजाहिक बहर भनिन्छ । प्रसिद्ध मुजाहिक बहर बाइस प्रकारका मानिन्छन् । गजलकार अश्कले प्रस्तुत सङ्ग्रहअन्तर्गत उन्नाइस ओटा मुजाहिक बहरहरूको कुशल प्रयोग गरेका छन् ।"[१६]

अन्त्यमा डा. घनश्याम न्यौपाने 'परिश्रमी' घोषित गर्छन्, "गोपाल अश्क शास्त्रीय बहरहररूमा सहजतापूर्वक गजल लेख्न अभ्यस्त भइसकेका छन् ।"[१७] गजलकार गोपाल अश्कका केही बहरबद्ध गजलका शेरहरू उदाहरणार्थ प्रस्तुत गरिँदैछ ।

## ५.१ (ङ) ९ष्ष्० बहरबद्ध नेपाली गजलहरूका केही शेरहरू

) बहरे रमल मुरब्बा महजुफ (पिङ्गल छन्द मालिका)

सूत्रः- फाइलातुन् + फाइलुन्

ऽ।ऽऽ - ऽ।ऽ

आज मेरो मन दुख्यो

प्रेमले जीवन दुख्यो ।[१८]

) बहरे हजज मुसद्दस महजुफ (पिङ्गल छन्द – दिगम्वरी

सूत्रः- मफाईलुन × ४ + फउलुन

।ऽऽऽ - ।ऽऽऽ - ।ऽऽऽ - ।ऽऽ

झरेको पा त हुँ मेरो कहानी के सुनाऊँ

बितेको रा त हुँ मेरो कहानी के सुनाऊँ[१९]

) बहरे मुतकारिब मुसम्मन सालिम (पिङ्गल छन्द – भुजङ्प्रभात )

सूत्र– फऊलुन × ४

।ऽऽ -।ऽऽ -।ऽऽ (।ऽऽ

भूलै भू ल को के कहानी सुनाऊँ

सधैं भू ल गर्ने भएको छ बानी

१६. गोपाल अश्क, बेकहल जिन्दगीको भूमिकामा दिएको 'परिश्रमी' को विचार ।

१७. उही ।

१८. डा. घनश्याम न्यौपाने 'परिश्रमी', गजल सौन्दर्य मिमांसा, पृ.सं. ८१ ।

१९. उही, पृ.सं. ८३।

५.१ (ङ) ९ष्ष्ष्० भोजपुरी बहरबद्ध गजलका केही शेरहरू

मूफरद बहर अन्तर्गतका बहरहरू :-

) बहरे मूतदारिक मुसम्मन सालिम ( पिङ्गल छन्द –स्रग्विणी)

सूत्र – फाइलुन × ४ ( ऽ।ऽ × ४ )

जिन्दगी के बहुत हम मनावत रहीं

ऊ लुटावत रहे हम लुकावत रहीं।

*- बेकहल जिन्दगी, पृ.सं. ५*

) बहरे हजज मुरब्बा सालिम (पिङ्गल छन्द – विजात)

सूत्र–मफाईलुन × २ ९।ऽऽऽ× २ ०

बहाना का बनाईं हम

कथी गाके सुनाईं हम।

*- बेकहल जिन्दगी, पृ. सं. १२*

) बहरे मूतदारिक मुरब्बा सालिम (पिङ्गल छन्द , बिमुहा)

सूत्र–फाईलुन × २ ( ऽ।ऽ × २ )

गाँव मन पर गइल

आँख खूब भर गइल।

*- बेकहल जिन्दगी, पृ.सं. २८*

५.१ (ङ) ९ष्ख० हिन्दीका बहर बद्ध गजलका केही शेर

) बहरे मुशाकिल

सूत्र– फाइलातुन मफाईलुन मफाईलुन

ऽ।ऽऽ ।ऽऽऽ ।ऽऽऽ

देर हम कर गये इस बार आने में

आप भी देर की हमको बुलाने में।

*- हिमालिनी वर्ष ११ अंक ७ अक्टुवर २००८*

) बहरे मुतकारिब (पिङ्गल छन्द , भुजङ्गप्रयात)

सूत्र–फऊलुन × ४ ९।ऽऽ × ४ ०

मुझे रोशनी अब कहाँ मिल रही है
जँहा जा रहा हूँ निशा मिल रही है ।

*- जनमत , अङ्क १२६*

यस्ता निकै बहरबद्ध गजलहरूको रचना गजलकार अश्कले गरेका छन् । यहाँ स्थानाभाव एवम् विस्तार भएको कारणले केहीलाई मात्र उदृत गरिएको हो । निस्कर्षतः हामी के भन्न सक्छौं भने गजलकार गोपाल अश्कका गजलहरू गजलको व्याकरण अर्थात् नियमको पूर्ण पालना गरी लेखिएका छन् ।

## ५.२ अश्कका गजलमा आन्तरिक रूप पक्ष

गजलको सार पक्ष भन्नाले गजलका आन्तरिक तत्त्वहरू वा भित्री गुणहरू हुन् । उर्दूका महाकवि मिर्जा गालिबको भनाइमा एउटा सशक्त र उत्कृष्ट गजलमा इवारत (शैली) , इशारत (प्रतीक) र अदा (भावसघनता) अनिवार्य मानिन्छन् । यी तत्त्वको उचित र अर्थपूर्ण समायोजनसँगै शैलीशिल्प, पक्षको सफल निर्वाह, बिम्ब र प्रतीकको उचित र अर्थपूर्ण प्रयोग तथा कलात्मक प्रस्तुति र प्रभावकारी भाव सम्प्रेषणजस्ता आन्तरिक गुणहरू पनि एउटा असल गजलका निम्ति आवश्यक छन् ।

गजलकार अश्कका गजलहरू शिल्प, शैली, बिम्ब, प्रतीकका दृष्टिकोणले पनि बढी प्रभावकारी देखिन्छन् । यहाँ तिनको संक्षिप्त अध्ययन गरिँदैछ ।

## ५.२ (क) अश्कका गजलका शैली

शैली अंग्रेजी शब्द क्तथभ को नेपाली शब्द हो । हरेक रचनाकारको प्रस्तुतीकरणको आ–आफ्ना शैली हुन्छन् । यही विशेष शैलीको कारणले तिनको एक अलग पहिचान स्थापित भएको हुन्छ । गजलकार गोपाल अश्कको पनि आफ्नै एक अलग शैली रहेको छ । उनले सरल वाक्य विन्यासमा गम्भीर भाव झल्किने खालको शैली अपनाएका

देखिन्छन् । उनी अभिधात्मक शैलीलाई होइन अपितु व्यञ्जनात्मक वा लाक्षणिक शैलीलाई अपनाउँछन्, केही शेरहरू प्रस्तुत छन्:

झरेको पात हुँ मेरो कहानी के सुनाऊँ
बितेको रात हुँ मेरो कहानी के सुनाऊँ ।

*- प्रतिनिधि नेपाली गजलहरू, स. ललिजन रावल, पृ.सं. ५८*

जीवनले जति राम्रो चिट्ठी लेखे पनि
मृत्युले नै शिरमाथि मिति हाल्छ ।

*– प्रेमान्तर, पृ. सं. ६३*

जिन्दगी के बहुत हम मनावत रहीं
उ लुटावत रहे हम लुकावत रहीं

*– बेकहल जिन्दगी, पृ. सं. ५*

का लगाई कुछो मुछो कीमत
अश्क बेदाम हो गइल बाटे

*– बेकहल जिन्दगी, पृ. सं. १९*

ये कैसा संघर्ष हैं
अनछुवा स्पर्श हैं ।

*– पर्वतों की ओट में , पृ. सं. १२*

अब तो हर बात अश्क बेमानी लगती है
जिन्दगी मौत की ही मेहरबानी लगती है ।

*– पर्वतों की ओट में , पृ. सं. ६२*

### ५.२ (ख) अश्कका गजलमा प्रतीक

प्रतीकले कुनै पनि कुरालाई अन्य वस्तु तथा सन्दर्भद्वारा प्रष्ट्याउने काम गर्दछ । अर्थात कुनै कुरालाई अर्थ्याउन वा प्रष्ट्याउन अन्य सन्दर्भविषय वा कथाको सहायता लिइन्छ भने त्यो प्रतीक हो । गजलमा प्रतीकको ठूलो महत्त्व रहेको हुन्छ । गजलकार अश्कले आफ्नो कुरा प्रष्ट्याउनका लागि प्रतीकको प्रयोग गरेको पाइन्छ । गजलकार अश्कले आफ्ना गजलमा विभिन्न प्रतीकको प्रयोगद्वारा समाजको व्यवस्था, अव्यवस्था, राष्ट्रको निरङ्कुशता, दमन, अमानवीय व्यवहार, विकृत राजनीति, जीवनदृष्टि, प्रेमको विविध आयाम, आशा निराशा, तृष्णाजस्ता कुरालाई कुशलतापूर्वक अभिव्यक्त गर्न सफल रहेको पाइन्छ, केही शेर हेरौं :

धरतीको धूल हुँ म
पिरतीको फूल हुँ म ।

*– जीवनको लेक र बेसी, पृं सं. ३८*

गर्छौ के जिन्दगी यस्तै हुँदो रहेछ
हाँस्दो रहेछ कैले , कैले रूँदो रहेछ ।

*– प्रेमान्तर, पृ. सं. ७३*

बोझिल बोझिल-सी है जिन्दगी,
स्वपनिल महफिल-सी है जिन्दगी ॥

*– पर्वतों की ओट में, पृ. सं. ९*

लोरा गइल जिन्दगी भोरा गइल जिन्दगी
गावे कथी अश्क अब मोरा गइल जिन्दगी

*–बेकहल जिन्दगी, पृ. सं. ३९*

## ५.२ (ग) अश्कका गजलमा बिम्ब बिधान

स्रष्टाका मानसपटलमा रहेको भावलाई अभिव्यक्त गर्ने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । गजलकार अश्कका गजलहरूमा यस्ता बिम्बहरूको बाहुल्य रहेको पाइन्छ । केही गजलका शेरहरू प्रस्तुत छन् :

मिश्रित विम्ब

चन्दन जस्तै यौवन उसको मौन नियन्त्रण दिँदै उरोज
स्पर्श आनन्द गन्ध पछि तल झर्न सकिँदैन ।

*– प्रेमान्तर, पृ. सं. ६*

<u>अनुभूतिपरक विम्ब</u>

अजब जिन्दगी के गजब बात बाटे
जवानी भरम के चढल जात बाटे ।

*– बेकहल जिन्दगी, पृ.सं. ९*

<u>चाक्षुष विम्ब</u>

बात कहने की नहीं फिर भी कहता हूँ मैं,
एक आप हीं हो जिसके दिल में रहता हूँ मैं ॥

– *पर्वतों की ओट में, पृ. सं. ४९*

यसरी के भन्न सकिन्छ भने गजलकार अश्कका गजलहरूको बाह्य एवम् आन्तरिक पक्ष बेजोड छ । तिनको निर्वाहमा गजलकार अश्कले सफलता पाएका छन् । यिनै गुणका कारण गजलकार अश्कका गजलहरू जीवन्त रहेका छन् ।

# अध्याय-छैठौ"

## ६. सारांश

गोपाल अश्क मोफसलमा रही आफ्नो निरन्तर साधना र मेहनतले राष्ट्रिय रूपमै चर्चित एवम् पृथक स्थान बनाउन सकेका साहित्यकारको नाउँ हो । आफ्नो व्यक्तिगत जीवनमा निकै अप्ठ्याराहरूको सामना गरेको र कयौँ दुःख पीडाबाट व्यथित भएका साहित्यकार गोपाल अश्कको जन्मस्थान पर्सा जिल्लामा अवस्थित भेडिहारी गा. वि. स. हो । पिता स्व. सुरुज साह आर्य र माता पतियादेवीको काखमा आठौँ सन्तानको रूपमा जन्मेका गोपाल अश्कको जन्म मिति वि.सं. २०१९ आश्विन शुक्ल एकादशी तिथि मङ्गलवारका दिन भएको हो । तर शैक्षिक प्रमाणपत्रहरूमा वि.सं. २०१८ लेखिएको पाइन्छ । मध्यमवर्ग त्यसमा पनि निम्नमध्यमवर्गको एक परिवारमा जन्मेका गोपाल अश्कको औपचारिक नाउँ गोपालप्रसाद सर्राफ हो । यिनको बाल्यकाल अर्थात् कक्षा तीन सम्मको समय गाउँमा र त्यसपछिको समय वीरगन्जमा बित्यो । शुरु–शुरुमा पढ्नमा साह्रै कमजोर रहेका गोपाल अश्क एस. एल. सी. मा तृतीय श्रेणी , आइ. ए. मा तृतीय श्रेणी , बी. ए. मा द्वितीय श्रेणी र एम.ए. मा प्रथम श्रेणी ल्याएको पाइन्छ । विवाहोपरान्त नै शैक्षिक श्रेणीहरूमा अगाडि बढ्ेका गोपाल अश्कको पढाइ विस्तारै–विस्तारै सुध्रिएको पाइन्छ । हाल यिनी स्वअध्ययन, शोध कार्य र अनुसन्धान कार्यमा तल्लीन रहेका छन् । अबको पढाइ यिनको आफ्नो साहित्यिक रुचिको आधारमा हुन्छ । यिनी मूलतः कवि भएकाले काव्य कृतिहरूको अध्ययन अधिक गर्छन् । यिनी निम्नमध्यम परिवारमा जन्मेको नाताले कम उमेरदेखि नै रोजगारीको लागि अनेकौँ काम गरेको र अन्त्यमा इ.सं. १९८५ देखि बीमा व्यवसायमा लागेको देखिन्छ । अहिले उनी ने.ला.इ.कं.लि. मा सहायक शाखा प्रबन्धकको रूपमा कार्यरत छन् ।

मोफसलमा रही आफ्नो साहित्यिक कर्मबाट राष्ट्रिय धारमा ख्याति प्राप्त गरिसकेका गोपाल अश्क एउटा बहुमुखी प्रतिभा हुन् । यिनी आफ्नो मातृभाषा भोजपुरी , राष्ट्रभाषा नेपाली र सम्पर्क तथा उच्च अध्ययनको भाषा हिन्दीमा समान ढङ्गबाट कलम चलाए पनि कृतिगत रूपमा यिनका भोजपुरीभाषामा लेखिएका कृतिहरूको प्रकाशन अत्यधिक भएको पाइन्छ । डा. केशवप्रसाद उपाध्यायको शब्दमा भन्ने हो भने, "गोपाल अश्क बहुमुखी प्रतिभाका धनी हुन् । यिनको लेखन गीत गजलदेखि लिएर कविता, कहानी, काव्य, महाकाव्य, नाटक आदिदेखि लिएर लोकसाहित्य, लोकनाट्य र लेखन साहित्यको

अनुसन्धानमूलक लेखनसम्म निरन्तर क्रियाशील रहँदै आएको छ । कुरो यति मात्र होइन अश्क तीन भाषामा लेख्छन्-हिन्दी, भोजपुरी र नेपाली ।"[1]

गजलकार गोपाल अश्कको गजलकारिताबारे जान्नु यथोचित देखिन्छ । किनभने गोपाल अश्कलाई नेपाली गजल साहित्यजगत्ले एक प्रतिबद्ध तथा उम्दा गजलकारको रूपमा चिन्ने गर्दछ । गजलकार गोपाल अश्कको गजलकारिताबारे अध्ययन गर्दा हामी के थाहा पाउँछौँ भने गोपाल अश्कसँग गजलको शिल्प सम्बन्धी राम्रो पकड रहेको छ । अर्थात् गोपाल अश्कले गजलको सौन्दर्य मीमांसालाई पचाएर गजल लेख्ने गर्दछन् । गोपाल अश्कले आफूलाई बहरबद्ध गजल लेख्ने गजलकार न भनेता पनि यिनका बहरबद्ध गजलहरूको एक सङ्ग्रह बेकहल जिन्दगी वि. सं.२०६५ मा प्रकाशित भएको पाइन्छ ।

गजलको शिल्प र शैलीको आधारमा हेर्दा हामी के पाउँछौँ भने प्रारम्भिक चरणमा अश्कले स्वनिर्मित लयमा गजल लेखेका छन् । लयको निर्वाहमा अत्यधिक सचेत रहेका उनी प्रारम्भदेखि नै बहरमा आवद्ध भई गजल लेखिरहेका छन् । यिनको गजलको शिल्पप्रतिको निर्वाह र वर्ण्यविषयको बारेमा जान्नका लागि एक अर्का समीक्षक एव् गजलकार डा. कृष्णहरि बरालको भनाइलाई हेर्न सकिन्छ । डा. बराल भन्छन्, "लयको निर्वाह सचेतताका साथ गरिएका यिनका गजलहरू काफिया प्रयोगका दृष्टिले पनि निकै बलिया छन् भने विषयवस्तुगत विविधता पनि यिनमा प्रशस्तै पाइन्छ ।"[2]

नेपाली गजल संसारमा यस्ता निकै गजलकारहरू पाइन्छन्, जसले गजलको शिल्पबारे थाहा नै पाएका हुँदैनन् । देखासिखिको र सस्तो लोकप्रियताको सिद्धान्तबाट प्रभावित भई गजल लेखिराखेका हुन्छन् । तर गजलकार अश्कको कुरा गर्दा यो तर्क लागु हुँदैन । किनभने गोपाल अश्कमा गजल शिल्प विधान सम्बन्धी राम्रो ज्ञान रहेको पाइन्छ । प्रारम्भिक चरणका गजलहरूमा शिल्पगत दोष त पाइन्छ तर पछिल्लो चरणका गजलहरूमा यस्ता दोषहरू यदि कतै पाइन्छन् भने निकै न्यून मात्रामा पाइन्छन् । अश्क आफ्ना गजलहरूको बाह्रय पक्ष र आन्तिरक पक्षको निर्वाहमा निकै गम्भीर देखिन्छन् । डा. घनश्याम न्यौपानेको भनाइमा सहमत हुन सकिन्छ कि, "गोपाल अश्क शास्त्रीय बहरमा सहजतापूर्वक गजल लेख्न अभ्यस्त भइसकेका छन् ।"[3] गोपाल अश्कका गजलहरूको अध्ययन गर्दा के थाहा पाइन्छ भने यिनका गजलहरूमा प्रायः पाँच शेरहरू रहन्छन् । अपवादबाहेक र यिनको गजलात्मक संरचनामा काव्यिकदृष्टिले मक्ता भन्दा मतलाले

१. गोपाल अश्क, पर्वतों कि ओट में को पछाडि पृष्ठमा अभिव्यक्त डा. केशवप्रसाद उपाध्यायको विचार ।
२. बेकहल जिन्दगी (गोपाल अश्क) पछाडिको आवरण पृष्ठबाट ।
३. बेकहल जिन्दगी (गोपाल अश्क) को भूमिकाबाट ।

आफूलाई सन्तुलित र वजनदार तुल्याएको पाइन्छ। एक मतलाको शेर हेरौँ :

गाउँ जस्तो कहाँ हुन्छ कुनै सहर
गाउँ जस्तो कहाँ रून्छ कुनै सहर

*-प्रेमान्तर, पृ.सं. १००*

गोपाल अश्क, गजलको शिल्प अर्थात् व्याकरणको निर्वाहप्रति अधिक सचेत रहेको पाइन्छ। यिनका गजलहरूमा गजलका आवश्यक तत्त्वहरू काफिया र रदिफको प्रयोगप्रति सजगता देखाएको पाइन्छ। मतलाको संरचनामा अश्क अलि बढी नै सचेत रहेको पाइन्छ। गजलका संरचनामा यिनी बहर (छन्द) मा रचना गर्ने गरेका छन् र गजललाई सतही बनाउनु भन्दा संरचनामा सरलता तर भावमा गम्भीरताप्रति सजग देखिन्छन्। गजलमा उखान, टुक्का, प्रतिक र बिम्ब आदिको पनि सुन्दर प्रयोग भएको देखिन्छ।

गोपाल अश्कका गजलहरू गजलको शिल्प र शैलीका दृष्टिकोणले पूर्णतः सफल देखिन्छन् भने विषयवस्तुको दृष्टिले पनि विभिन्न भाव मिलाइ पचाएर विशिष्ट रचना गरेको देखिन्छ। समाजमा व्याप्त, सङ्गति, विसङ्गति, विपन्नता, निराशा, मिलन, विछोड, पुनर्मिलन, भोक, तिर्खा, संस्कृति, चालचलन, रीतिरिवाज, दमन, शोषण आदि यिनका गजलका कच्चा पदार्थ हुन्। यसरी हामी के थाहा पाउँछौँ भने अश्कका गजलहरूमा जीवनको आरोह अवरोह, सामाजिक सङ्गति, विसङ्गति, युगबोध तथा वैयक्तिक अनुभूतिका स्वरहरू मुखरित भएका छन्।

मतलाको संरचनामा अश्क अली बढी नै सचेत रहेको हामी कैयौँ ठाउँमा पाउँछौँ। जिन्दगीलाई बढी तार्किक र भावात्मक ढङ्गले अश्कले आफ्नो एक मतलाको शेरमा यसरी व्यक्त गरेका छन् :

यसै गरी जिन्दगी बिति हाल्छ
केही गर्न सकिँदैन रित्ति हाल्छ

*- प्रेमान्तर, पृ.सं. ६३*

काफियाको प्रयोगमा अश्कले आफ्ना बेजोड प्रतिभा देखाएका छन्। हामी सबैलाई थाहा छ, रदिफबिना गजलको निर्माण हुन सक्छ तर काफियाबिना गजल बन्नै सक्दैन।

यिनको गजलमा पूर्ण काफिया र आंशिक काफिया एवम् मात्रिक काफियाको राम्रो प्रयोग भएको पाइन्छ, केही शेर हेरौँ :

अपनी हालत पे न मुझको रोना आया,
मिली इस जिन्दगी को जिना, ढोना आया ॥

नींद आए तो कैसे कह दो तुम ही जब,
आखों में, प्रियतम का रूप सलोना आया ॥

*-पर्वतों की ओट में, पृ.सं. १८*

यस समाजमा बिनाकारण नै कुरा बिग्रने गर्छ र चारैतिर विष फैलिन्छ र यो भाव नातागोतामा पनि अधिक पाइन्छ । अश्कले आफ्नो एक गजलमा यसलाई यसरी अभिव्यक्त गरेका छन् । यसमा पूर्ण काफियाको राम्रो प्रयोग गरिएको छ, हेरौँ :

बेवजह बात अब बढ़ल जाता
नफरत के जहर अब चढ़ल जाता

दोस्ती पर नज़र लगल बाटे
दुश्मनी के गजल पढ़ल जाता

*- बेकहल जिन्दगी, पृ.सं. ५९*

उपयुक्त दुई गजलमा रोना, ढोना, सलोनाको लोना, बढ़ल, चढ़ल र पढ़ल शब्द काफिया रूपमा प्रयोग भएका छन् र जीवन्त भाव बोकेका छन् । यसै गरी अश्कका गजलमा रदिफको प्रयोग पनि बडो कलात्मक र स्वभाविक ढङ्गबाट गरिएको पाइन्छ । रदिफको राम्रो प्रयोगबाट गजलको बाह्य रूप सौन्दर्य बढ्न जान्छ, केही शेर हेरौँ :

तिमीलाई भेटेर भूल गरें जस्तो लाग्छ
कुबाटोमा पिरतीको फूल छरें जस्तो लाग्छ
× × × × ×
लाग्न थाल्यो आफ्नो छाँया आफ्नो शत्रु अब
जिन्दगीको खोजीमा सधै मरें जस्तो लाग्छ

*- प्रेमान्तर, पृ.सं. ५६*

प्रस्तुत गजलान्शमा जस्तो लाग्छ, रदिफको रूपमा प्रयोग भएको छ । गजल गाउँदा वा पढ्दा यस्ता रदिफको संयोजनले मधुरता उत्पन्न हुन्छ, यसमा कुनै दुई मत छैन । एउटा हिन्दी गजलको शेर हेरौँ :

रोते रहे हैं हम आपके होने के लिए
ज़िन्दगी मिली है हमे बस रोने के लिए

तंग कोठरी में करता है कोई गुजर-बसर
पाता फुर्सत न कोई महल में सोने के लिए

*- पर्वतों की ओट में, पृ.सं. ३७*

उपर्युक्त गजलांशमा होने, रोने र सोने काफियाको रूपमा आएका छन् भने, के लिए रदिफको रूपमा आएका छन् । गोपाल अश्कका गजलहरूमा उनको उपनाम अश्क तखल्लुसको स्वभाविक र भावनात्मक प्रयोग रहेको पाइन्छ, केही शेर हेरौँ :

अश्क के जिन्दगी हो गईल बा खतम
अश्क घर के नयन का दिखावत रहीं

*- बेकहल जिन्दगी, पृ.सं. ५*

अश्क बेकार है आँखों के बिना
आँख बन जाओ महजबी बनकर

*- पर्वतों के ओट में, पृ.सं. ५३*

अश्क तिमी नै छौ एउटा सहारा
मुटु तिमी सित साट्न मन लाग्यो

*- जीवनको लेक र बेसी, पृ.सं. ७*

यसरी हामी के थाहा पाउँछौं भने गजलकार गोपाल अश्कले गजलमा हुनु पर्ने बाहिरी पक्ष (तत्त्व) हरूको गम्भीर पालना गरेका छन् । यति मात्र होइन यिनका पछिल्ला चरणका गजलहरू बहरमा आबद्ध रहेका छन् । यिनले अनेकौं परिवर्तित बहरहरूको सफल प्रयोग गरेको पाइन्छ । मूलछन्दमा पनि कैयौं राम्रा गजलहरू लेखेका छन् । यहाँसम्म कि यिनको बेकहल जिन्दगी बहरबद्ध गजल उद्घोषका साथ सामाजीकृत भएको छ । केही बहरबद्ध गजल शेरहरू प्रस्तुत गरिँदैछन्, उदाहरणका लागि :

जिन्दगी के बहुत हम मनावत रहीं
उ लुटावत रहे हम लुकावत रहीं
*- बेकहल जिन्दगी, पृ.सं. ५*

यो शेर मुफरद बहरअन्तर्गतको एक बहर बहरे मुददारिक मुसम्मन सालिम (पिङ्गल छन्द स्रग्विणी) मा लेखिएको छ । यसको अर्कान हो फइलून+फइलून, फइलून+फइलून । यसमा बीस मात्रा रहेको छ । अन्त्यमा लघुगुरू रहेको छ । यसको लघुगुरू - SIS × SIS × SIS × SIS रहेका छन् । कहीँ कतै मात्रा भङ्ग वा छन्द भङ्ग छैन । यसैगरी यिनको नेपाली गजलको एक शेर हेरौं :

झरेको पात हुँ मेरो कहानी के सुनाउँ
बितेको रात हुँ मेरो काहानी के सुनाउँ
*- नेपाली गजल विगत र वर्तमान, पृ.सं. ६८*

प्रस्तुत शेर बहरे हजज मुसद्दस महजुफमा आबद्ध छ । यसको अर्कान हो मफाईलून × मफाईलून × मफाईलून + फऊलून : १५ अक्षर । लघुगुरू क्रम यसप्रकार रहेको छ - ISSS + ISSS + ISSS + ISSI

एकातिर गजलकार अश्कका गजलहरू गजलको शिल्प विधानमा पूर्णतः सही ढङ्गले रचिएका छन् भने अर्कोतिर उनका गजलहरूमा विषयगत विविधता रहेको छ । सामाजिक विसङ्गति, सङ्गति आशा, निराशा व्यक्तिको कुण्ठा, सन्तोष, असन्तोष, धनी, गरीब,

छुवाछुत, भेदभाव, लैङ्गिक भिन्नता आदि विविध पक्षहरूको सजिव चित्रण यिनका गजलहरूमा पाइन्छ । हाम्रो समाजमा सद्भाव प्रेम र भाइचाराको सम्बन्ध निकै रहेको पाइन्छ । भाइ-भाइको शत्रुता बढ्न जान्छ र व्यक्तिगत स्वार्थसिद्धिको लागि एक भाइले अर्को भाइको ज्यानसमेत लिन पुग्छ । यस्तै विचारको प्रस्फुटन गजलकार अश्कले आफ्नो एक गजलमा झूटोको गीत कहिलेसम्म गाउँ र ठुटो (पात नपलाएको रूख) सँग प्रीत कहिलेसम्म गाँसु भन्दै हिजोआज त भाइ-भाइमा शत्रुता बढ्छ, राम भरतको उदाहरण कहिलेसम्म दिइरहुँ भनेका छन्, हेरौं :

झूठ के गीत गाईं कब ले,
ठूंठ सें प्रीत पाईं कब ले ॥

भाई, भाई के बनल दुश्मन,
राम भरत के दाईं कबले ॥
*- अभी बाकी बा, पृ.सं. १३*

वर्तमान युगको मानवीय जीवनलाई जटिलता बाधा, अभाव र समस्याको चुनौतीहरूले सताउने र तर्साउने गर्दछन् । मानव इमान बचाएर बाच्न नसक्ने अवस्थामा पुगेको छ । यस्तो मानवीय जटिलतालाई गजलकार अश्कले आफ्ना शेरहरूबाट यसरी उद्घाटित गरेका छन् :

इज्जत के नाम प' मुअत बानी,
घुट घुट के जिन्दगी जीयत बानी ॥
*- अभी बाकी बा, पृ.सं. १६*

वस्तुतः गजलकार अश्कका गजलहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने यिनी सामाजिक विषयवस्तुलाई टपक्क टिपेर शब्द संयोजनको माध्यमबाट शेरहरू श्रृजना गर्ने श्रष्टा हुन् । निम्न र मध्यमवर्गीय जीवनको यथार्थ चित्रण यिनका गजलहरूमा देख्न सकिन्छ । यिनी सङ्घर्ष गर्दा गर्दै पनि निम्नमध्यम स्वरलाई आफ्नो गजलमा यसरी स्वरित गरेका छन् :

धनीके ला सावन आ सावन के कजरी
गरीबन के अश्क ही मक्का मदिना

*- अभी बाकी बा, पृ.सं. २६*

यस समाजमा धार्मिक विभिन्नताको चित्रण गर्दै यिनले के प्रष्ट पारेका छन् भने कोही सानो कोठामा गुजारा गर्न विवश छन् भने कोहीले महलमा सुत्नको लागि फुर्सत पाउँदैनन् । यो भाव निम्न शेरमा उद्घाटित भएको छ, हेरौं :

तंग कोठरी में करता है कोई गुजर-बसर
पाता फुर्सत न कोई महल में सोने के लिए

*- पर्वतों की ओट में, पृ.सं. ३७*

साच्चिकै भन्ने हो भने भोक, तिर्खा, थकाइ, हार, विघटित संस्कृति, विकृत सभ्यता, असन्तुलित व्यवस्था, क्षत–विक्षत आचरण जस्ता सन्दर्भहरू नै यिनका गजलका कच्चा पदार्थ हुन् तर पीडा र द्वन्द्वको जैवनिक परिवेश भित्रका यिनका गजलमा सामाजिक परिवर्तनको आकांक्षा पनि प्रतिबिम्बित भएको पाइन्छ :

तू नहीं तो कौन इसे स्वीकारेगा,
नाम दे अपना इसे सँवारेगा ॥

आगे बढ़कर मुड़ना सिखो न अश्क,
कौन बढ़ना राह पर इसे चाहेगा ।

*- पर्वतों की ओट में, पृ.सं. २४*

जीवनचर्या र त्यसको भोगाइका क्रममा विविध अपूर्णता र असमानता दृष्टिगत हुनु स्वभाविक हो र यिनले त्यसलाई राजनैतिक नाराबाजी तथा सिमाङ्कनभन्दा पृथक राखी सामाजिक परिदृश्यद्वारा उदृत गर्ने दायित्व निर्वाह गरेका छन् । यस्तो भाव यिनका प्रस्तुत गजल शेरहरूमा उद्घाटित रहेको छ :

फूल बन के फुलल खिलल जाई
जिन्दगी से गला मिलल जाई

देश आपन बड़ा सुनर बाटे
देश खातिर मुअल-जिअल जाई

- *बेकहल जिन्दगी, पृ.सं. ४७*

छरछिमेकी घर परिवारबीच हुने वैमनस्यता खिचातानी जातपातको भावनालाई कुल्चने र सत्यलाई सधैँ ढाट्ने बानीको भण्डाफोर गर्दै गजलकार यसरी आफ्ना अभिव्यक्ति पोख्दछन् :

जातपात उच नीचको धनी र गरीबको
कुरा गरी सारा गाउँ सत्य ढाट्न थाल्यो

- *प्रेमान्तर, पृ.सं. १९*

अहिले कै समय संवेदनशील भएकाले आफ्ना सन्तान नराम्रो बाटोतर्फ नलागुन भन्ने सबै आमाबाबुको चाहना हुन्छ । सहरको नक्कलीपन र रवाफले आज अनेक युवा युवती बिग्रिरहेको सन्दर्भमा आफ्नो छोरालाई सहरको फेशनमा नफस्न आग्रह गरेका छन् । मानिस भएर जन्मिएपछि सुकर्म गरेर मर्नुपर्छ भन्ने सोच गजलकारले आफ्नो एक गजल शेरमा यसरी राखेका छन् :

छोरा हुँ भन्दैमा मनपरी नगर्नु नि ।
सहरको फेशनमा तिमी चाहिँ नपर्नु नि ॥

- *प्रेमान्तर, पृ.सं. ९६*

यो जीवन हो, जीवनमा दुःख-सुख आइ रहन्छ बितेका कुरालाई सम्झेर आफ्नो समयलाई खेर फाल्नु हुन्न आफ्नो समय छँदै जीवनबाट वाक्क हुनु हुँदैन भन्ने धारणा व्यक्त गर्दै जीवनसँगै मृत्यु हिँड्ने हुँदा यसको भ्रमबाट मुक्त हुन उनले अनुरोध गरेका छन् :

बितेका कुरा सम्झी-सम्झी हरदम रूनु हुन्न
सास छँदाछँदै जीवनबाट निराश हुनु हुन्न

यो सत्य हो कि जीवनसँगै मृत्यु हिँडी रहन्छ
तर त्यसको भयले जीवनको बन्धन फुनु हुन्न

*- प्रेमान्तर, पृ.सं. १८९*

अश्कका गजलहरूमा प्रेमप्रसङ्गले प्रश्रय नै नपाएको भने छैन । प्रणयवस्तुलाई शिष्ट र स्वाभाविक रूपमा चित्रण गर्ने कलामा अश्क सफल देखिन्छन् । प्रेमप्रसङ्गलाई आत्मसात् गरिएको अश्कका विभिन्न गजलका केही शेरहरू प्रस्तुत छन् :

जब कहीं प्यार के बरखा होला
नेहा तोर धार के चर्चा होला

*- अभी बाकी बा, पृ.सं. ९*

मेरो मनको फुलबारीमा यसरी आउने को होला
पिरतीको भाखा हाली गीत गाउने को होला

*- प्रेमान्तर, पृ.सं. ७*

प्रीत के वास्ते गलल जाई
मीत के वास्ते हलल जाई

लोग आके कहो कुछो बाकिर
बात मन के कहल सुनल जाई

*- बेकहल जिन्दगी, पृ.सं. ६०*

अपनी आँखो में बसाकर तुझे मैं जिऊँ जीवन
यही ईच्छा मेरी पहली है और अंतिम है लगन

*- पर्वतों की ओट में, पृ.सं. ५७*

वैयक्तिक नैराश्य भावनाको प्रस्फुटन पनि गजलकार अश्कका गजलहरूमा भएको पाइन्छ । हिजोआज सामाजिक सम्बन्ध तथा वैयक्तिक सम्बन्धमा निकै विकृति आएको पाइन्छ । घरको मुखियाकै घरमा प्रतिष्ठा हुँदैन । हिजोआजका सन्तानहरू आफ्नो आमा बुबाको रत्तिभर मान र सम्मान गर्दैनन् । यस्तो परिस्थितिमा घर र जीवन अभिशाप हुँदो रहेछ । यस प्रकारको भावयुक्त गजलका शेरहरू हेरौँ :

घर था पहले मगर अब मकान हो गया
सच है कि सुनसान श्मसान हो गया
कल तक था मै इस घरका भलाबुरा सोचनेवाला
आज अपनो के ही बीच एक मेहमान हो गया

- *पर्वतों की ओठ में, पृ.सं. ७२*

झरेको पात हुँ मेरो कहानी के सुनाउँ
बितेको रात हुँ मेरो कहानी के सुनाउँ

फुलेको फूलझैँ जीवन थियो साथी पुरानै
सहेको घात हुँ मेरो कहानी के सुनाउँ

- *प्रतिनिधी नेपाली गजलहरू, पृ.सं. ५८*

जिन्दगी खातिर मरल जाता छनेछन
मौत के छाहीं परल जाता छनेछन
अब जवानी के कहानी का सुनाईं
बात बन के ही फरल जाता छनेछन

- *बेकहल जिन्दगी, पृ.सं. ५५*

यसरी हामी के थाहा पाउँछौँ भने अश्कका गजलहरूमा मानवीय जीवनका आरोह, अवरोह, सामाजिक सङ्गति, विसङ्गति, युगबोध तथा वैयक्तिक अनुभूतिका स्वरहरू मुखरित भएको पाइन्छ ।

# सन्दर्भग्रन्थसूची

(क) पुस्तकहरू


अश्क गोपाल, कजरी, वीरगञ्ज : गोपाल अश्क, २०४७।

__________, नइहर के चुनरी, वीरगञ्ज : शत्रुधन, २०४७।

__________, कवि के जन्मकुँडली, वीरगञ्ज : गोपाल अश्क, २०५१ ।

__________, अभी बाकी बा, वीरगञ्ज : रेखा प्रकाशन, २०५४ ।

__________, मानिनी, काठमाडौँ : नेपाल हिन्दी साहित्य प्रतिष्ठान, २०५५ ।

__________, धंधोर, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

__________, फूलवा, वीरगञ्ज : गोपाल अश्क, २०५५ ।

__________, जीवनको लेक र बेसी, वीरगञ्ज : सौरभ प्रकाशन, २०५६ ।

__________, एक बित्ता के दूरी, वीरगञ्ज : गोपाल अश्क, २०५७।

__________, उ भोर ना भइल, वीरगञ्ज : मोहनलाल राजपा, २०५९ ।

__________, भोजपुरी नाटक, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६१ ।

__________, प्रेमान्तर, काठमाडौँ : वसुन्धरामान प्रज्ञाप्रतिष्ठान, २०६२ ।

__________, पर्वतों की ओट में, काठमाडौँ : नवप्रज्ञापन प्रकाशन, २०६४ ।

__________, बेकहल जिन्दगी, काठमाडौँ : अनाम मण्डली, २०६४ ।

__________, भोजपुरी व्याकरण, पर्सा : जिल्ला विकास समिति, २०६४ ।

__________, लघुकथा : प्रक्रिया र पाठ, काठमाडौँ : साझा प्रकाशन, २०६५ ।

आचार्य, निर्मल, भोजपुरी नाटक, गोरखापत्र, (२०६२ जेठ १४) ।

आस्थाना रोहिताश्व, हिन्दी गजल : उद्भव और विकास, नई दिल्ली : सामयिक प्रकाशन, ई. १९८७।

आप्टे वामन शिवराम, संस्कृतकोश, दिल्ली : मोतीलाल बनारसी दास पब्लिसर्स प्रा.लि. ई १९८९ ।

उपाध्याय केशवप्रसाद, मोतीरामको व्यक्तित्व र योगदान, काठमाडौँ : नेपाली शिक्षा परिषद्, २०४९ ।

______________, साहित्यप्रकाश, ललितपुर : साझा प्रकाशन, २०५९ ।

कालिकाप्रसाद र अन्य (सम्पा.), बृहत् हिन्दीकोश, वाराणसी : ज्ञानमण्डल लिमिटेड, २०३१ ।

खाँ मुहम्मद मुस्तफा, मुद्दाह, उर्दू हिन्दी शब्दकोश, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान, ई. १९९२ ।

गोर्खाली, रमेश, तराईरत्न गोपाल अश्कको भाषिक साधना, जनमत, (२४/१०, २०६४) ।

नेपाल, वसन्तकुमार शर्मा, नेपाली शब्दसागर, काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८ ।

न्यौपाने, 'परिश्रमी' घनश्याम, गजल सौन्दर्य मीमांसा, रूपन्देही : सनसाइन आ.उ.मा.वि., २०६४ ।

नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

बराल, ईश्वर र अन्य (सम्पा.), नेपाली साहित्यकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

बराल, कृष्णहरि, गजल : सिद्धान्त र परम्परा, ललितपुर : साझा प्रकाशन, २०६४ ।

मुजावर, सरदार, हिन्दी गजल के विविध आयाम, नई दिल्ली : भूमिका प्रकाशन, ई. १९९३ ।

लुइटेल, खगेन्द्रप्रसाद, भोजपुरीका साहित्यकार गोपाल अश्क, जनमत, (२४/१०, २०६४) ।

शाह, सञ्जय, अश्क एक : व्यक्तित्व अनेक, जनमत (२४/१०, २०६४) ।

त्रिपाठी, वासुदेव, कृसु क्षेत्रीको गजलयात्रा र उनको नवीनतम् गजलसङ्ग्रह अर्द्धमुदित आँखाहरू, काठमाडौं : वसुन्धरामान प्रतिष्ठान, २०५९ ।